


# खोजी गर्नेहरूको लागि
## बाइबल अध्ययन



# खोजी गर्नेहरूको लागि बाइबल अध्ययन

डेविड क्लाउड

# खोजी गर्नेहरूको लागि बाइबल अध्ययन
# The Seeker's Bible Study

**By David W. Cloud**

Copyright 2021 by David W. Cloud

प्रथम संस्करण २०७८




**जीवनमार्ग साहित्यद्वारा प्रकाशित**
पोष्ट बक्स नं: ६५६
काठमाडौं, नेपाल
www.nepalgoodnews.com
Email: info@nepalgoodnews.com

# विषय सूची

**बाइबल पठन परियोजना ............................................6**
**पाठ्यक्रमको उद्देश्य ..................................................7**
**ख्रीष्टको सुसमाचार..................................................8**
सुसमाचार..................................................................8
पवित्रशास्त्र के हो? ......................................................10
ख्रीष्ट को हुनुहुन्छ? ......................................................17
पाप के हो? ................................................................30
ख्रीष्ट मेरा पापहरूका निम्ति मर्नुभयो..................................44
ख्रीष्ट गाडिनुभयो ..........................................................52
येशू मरेकोबाट बौरेर उठ्नुभयो। ...........................................52
**पश्चात्ताप ..................................................................58**
के मुक्तिको लागि पश्चात्ताप अनिवार्य छ? ...............................58
पश्चात्ताप के हो? ..........................................................63
पश्चात्तापका केही बाइबलीय उदाहरणहरू के-के हुन्? ..................68
**बचाउने विश्वास ..........................................................76**
बचाउने विश्वास के हो ? ...................................................76
ख्रीष्टियन जीवनमा कामहरूको के कस्तो स्थान छ त ? ..................85
निष्कर्ष - पश्चात्ताप र विश्वास कार्यमा .....................................87
**येशू कहिले आउँदै हुनुहुन्छ?...............................................90**

## हामीसँग उपलब्ध थप बाइबल अध्ययन सामाग्रीहरू

संक्षिप्त बाइबल क्रमशब्द (बाइबल अध्ययन सहयोगी)

बाइबल शब्दकोश (बाइबल डिक्सनरी)

एक वर्षीय चेलापन (तालिम पाठ्यक्रम)

बाइबल एटलास् (बाइबल नक्साहरू)

# शिक्षकका लागि नोटहरू

शिक्षकका लागि रहेका नोटहरू "The Seeker's Bible study" पेजबाट डाउनलोड र प्रिन्ट गर्न सकिन्छ।

www.wayoflife.org/seekers_bible_study/

त्यो फाइलकहाँ पुग्ने लिंक यहाँ छः

www.wayoflife.org/seekers_teachers_notes/

# बाइबल पठन परियोजना

‘खोजी गर्नेहरूका लागि बाइबल अध्ययन’ पाठ्यक्रमको उद्देश्यचाहिँ गैर-ख्रीष्टियानहरूलाई येशू ख्रीष्टमा रहेको मुक्तिको विषयमा बाइबलको शिक्षा बुझ्न सहायता गर्नु हो।

ठीक तरिकाले बुझ्नलाई तपाईंले परमेश्वरको वचन पढ्ने प्रयत्न गर्नैपर्छ। परमेश्वरले मानिसहरूलाई मुक्ति देखाउनको लागि बाइबल दिनुभयो, तर उनीहरूले यसलाई पढ्नुपर्छ र विश्वास गर्नुपर्छ। त्यसो गर्नु प्रत्येक व्यक्तिको जिम्मेवारी हो। बाइबल पृथ्वीकै सबैभन्दा महत्वपूर्ण पुस्तक हो अनि यो सबै प्रमुख भाषाहरूमा अनुवाद भइसकेको छ, तरैपनि अधिकांश मानिसहरूले यसलाई कहिल्यै पढेका छैनन्।

यो पाठ्यक्रम भएर जाँदै गर्नुहुँदा तपाईंले बाइबलका निम्न भागहरू पढ्नुहोस्: उत्पत्ति, प्रस्थान, यहोशू, न्यायकर्ताहरू, १ र २ शमूएल, १ र २ राजाहरू, लूका, प्रेरित, र रोमी।

यसले तपाईंलाई बाइबलको सन्देशका आधारभूत कुराहरू बुझ्न सहायता गर्नेछ। शिक्षकसँग छलफल गर्नको लागि प्रश्नहरू लेख्नुहोस्।

# पाठ्यक्रमको उद्देश्य

यो पाठ्यक्रमको उद्देश्य भनेको खोजी गर्ने व्यक्तिलाई बौरिउठ्नुभएको प्रभु र मुक्तिदाता येशू ख्रीष्टमाथिको विश्वासमा ल्याउनु हो।

ख्रीष्टको विषयमा केवल जान्नु नै लक्ष्य होइन; लक्ष्यचाहिँ ख्रीष्टकहाँ आउनु र उहाँलाई व्यक्तिगत मुक्तिदाताको रूपमा चिन्नु हो।

उहाँ जीवित हुनुहुन्छ अनि सबै मानिसहरूलाई उहाँकहाँ आउन निमन्त्रणा गर्नुहुन्छ।

> "हे सबै परिश्रम गर्ने र भारीले दबिएकाहरूहो, मकहाँ आओ, अनि म तिमीहरूलाई विश्राम दिनेछु। मेरो जुवा आफूमाथि राख, र मबाट सिक; किनकि म नम्र र हृदयमा दीन छु; अनि तिमीहरूले आ-आफ्नो मनमा विश्राम पाउनेछौ। किनकि मेरो जुवा सजिलो, र मेरो भारी हलुका छ"(मत्ती ११:२८-३०)।

बाइबलको ख्रीष्टियन विश्वासचाहिँ एक धर्म वा सुधार वा दर्शनशास्त्र नभएर जीवित परमेश्वरसँगको एक व्यक्तिगत, घनिष्ट, अनन्त सम्बन्ध हो।

बाइबल एकमात्र त्यस्तो "ईश्वरीय पुस्तक" हो जसले मुक्ति पतित मानवजातिका लागि परमेश्वर स्वयमले किनिदिनुभएको र उपलब्ध गरिदिनुभएको सित्तैंको उपहार हो भनेर सिकाउँछ।

# ख्रीष्टको सुसमाचार

## सुसमाचार

**कण्ठ गर्नुपर्ने पदहरू:** १ कोरिन्थी १५:३-४

ख्रीष्टको सुसमाचार बुझ्नु र त्यसलाई स्वीकार गर्नुचाहिँ जीवनमा सबैभन्दा महत्वपूर्ण कुरा हो। बाइबलले बताउँछ कि मुक्तिको निम्ति सुसमाचारद्वारा – बाहेक अरू कुनै उपाय छैन। हामी हेर्नेछौं कि ख्रीष्टको सुसमाचारभन्दा बाहिर मानिसको भविष्यमा अरू केही नभएर केवल अनन्त न्याय छ ।

> "किनकि म ख्रीष्टको सुसमाचारसँग लजाउँदिनँ; किनकि विश्वास गर्ने हरेकका लागि - पहिले यहूदीका लागि र ग्रीकका लागि पनि - मुक्तिका निम्ति यो परमेश्वरको सामर्थ्य हो" (रोमी १:१६)।

यो भनाइ रोमीको पुस्तकबाट लिइएको हो। रोमीको पुस्तक बाइबलको नयाँ करारमा छ। यो पुस्तक प्रेरित पावलले लेखे। उनी एक भविष्यवक्ता हुन्। बाइबलका धेरै पुस्तकहरू लेख्न परमेश्वरले उनलाई चुन्नुभयो। ख्रीष्टलाई विश्वास गर्नुअघि उनी एक अत्यन्तै धार्मिक यहूदी शिक्षक थिए। उनले ख्रीष्टियनहरूलाई घृणा गर्थे र उनीहरूलाई मृत्युसम्म सताउँथे। उनको जीवन कथा नयाँ करारको पाँचौ पुस्तकमा लेखिएको छ। उक्त पुस्तकलाई 'प्रेरितहरूका काम' भनिन्छ।

रोमी १:१६ ले बताउँछ कि जब पापीहरूले सुसमाचारलाई विश्वास गर्छन् तब परमेश्वरले उनीहरूलाई बचाउनुहुन्छ। सुसमाचार नबुझिकन र त्यसलाई विश्वास नगरिकन बचाइन असम्भव छ। अब प्रश्न यो छ, सुसमाचार के हो?

> "अब हे भाइहरूहो, जुन सुसमाचार मैले तिमीहरूलाई प्रचार गरें, त्यही म तिमीहरूलाई बताउँछु; त्यसलाई नै तिमीहरूले ग्रहण गरेका छौ, र त्यसैमा तिमीहरू उभिन्छौ; त्यसैद्वारा तिमीहरूले मुक्ति पनि पाउँछौ, यदि

> तिमीहरूले मैले प्रचार गरेको वचन बलियो गरी पक्र्यौ भने; नत्र तिमीहरूले व्यर्थैमा विश्वास गऱ्यौ। **किनकि सबैभन्दा पहिले मैले तिमीहरूलाई त्यही कुरा सुम्पिदिएँ, जुन कुरा मैले पनि पाएको थिएँ; अर्थात् पवित्र-शास्त्रहरू मुताबिक ख्रीष्ट हाम्रा पापहरूका निम्ति मर्नुभयो, र गाडिनुभयो, अनि पवित्र-शास्त्रहरूमुताबिक उहाँ तेस्रो दिनमा बौराइनुभयो;** अनि उहाँ केफासकहाँ, त्यसपछि बाह्रजनाकहाँ देखा पर्नुभयो; त्यसपछि उहाँ एकैचोटि पाँच सयभन्दा बेसी भाइहरूकहाँ देखा पर्नुभयो जसमध्ये धेरैजसो अहिलेसम्म छँदै छन्, तर कतिचाहिँ सुतिसके। त्यसपछि उहाँ याकूबकहाँ देखा पर्नुभयो; त्यसपछि सबै प्रेरितहरूकहाँ। अनि सबैभन्दा पछि उहाँ मकहाँ - मानूँ समय पूरा नभई जन्मेको मान्छेकहाँ पनि देखा पर्नुभयो"(१ कोरिन्थी १५:१-८)।

यो भनाइ नयाँ करारको अर्को पुस्तकबाट लिइएको हो। उक्त पुस्तकलाई १ कोरिन्थी भनिन्छ। कोरिन्थ शहरमा अवस्थित मण्डलीलाई पावलको यो पहिलो पत्र थियो।

पावलले यहाँ सुसमाचार के हो भनेर वर्णन गर्छन्।

"सुसमाचार" शब्दको मतलब "असल खबर" हो। यो असल खबर हो किनकि मानिसहरू परमेश्वरसँग मिलापमा आऊन् र अनन्त जीवन पाऊन् भनी परमेश्वरले पापीहरूका लागि मुक्तिको प्रबन्ध गरिदिनुभएको छ।

पावलले सुसमाचार सोझैं ख्रीष्टबाट प्राप्त गरे। उनले यसलाई रचेका होइनन्। उनले यो कुनै धर्मबाट प्राप्त गरेका होइनन्।

**१ कोरिन्थी १५:१-८ बाट सुसमाचारको विषयमा केही पाठहरूलाई ध्यान दिनुहोस्:**

# पवित्रशास्त्र के हो?

सुसमाचारले बताउँछ, ख्रीष्ट "पवित्र-शास्त्रहरूमुताबिक" हाम्रा पापहरूका निम्ति मर्नुभयो। सुमाचारमा रहेको हाम्रो अध्ययन हामी यहीबाट शुरू गर्नेछौं किनभने जबसम्म हामी पवित्र-शास्त्र भनेको के हो भनेर बुझ्दैनौं, तबसम्म हामी ख्रीष्ट को हुनुहुन्छ अथवा सुसमाचारका अरू कुनै पनि भाग बुझ्न सक्दैनौं।

“पवित्रशास्त्र”को मतलब “लेख” हो। यसले बाइबललाई जनाउँछ।

बाइबल पृथ्वीकै सबैभन्दा आश्चर्यजनक र अद्भूत पुस्तक हो। मैले आफ्नो जीवन पुस्तकहरू पढेर बिताएको छु। मैले अंग्रेजी साहित्यका उत्कृष्ट रचनाहरू, कुरान र भागवत् गीता पढेको छु। मैले बुद्धका आदर्शवान् सत्यताहरू *(noble truths)*, ग्रीक दर्शनशास्त्र, चिनिया ओड्स *(odes)*, र नोस्ट्राडेमसका भविष्यवाणीहरू पढेको छु अनि बाइबलजस्तो त्यहाँ अरू कुनै पनि पुस्तक नै छैन, अलिकति नजिक पनि आउँदैनन्। बाइबलसँग सबैभन्दा अद्भूत सन्देश छ। यससँग सबैभन्दा अद्भूत भाषा छ। यससँग परमेश्वरको सबैभन्दा अद्भूत वर्णन छ। यससँग मानिसहरूको जीवनको विषयमा सबैभन्दा अद्भूत क्रमबद्ध विवरणहरू छन्। यससँग सर्वोत्तम कविता, सर्वोत्तम भजनहरू छन्। यससँग सर्वोत्तम इतिहास छ। यससँग भविष्यका सबैभन्दा आश्चर्यजनक भविष्य-वाणीहरू छन्।

बाइबल संसारकै सबैभन्दा लोकप्रिय पुस्तक हो। बाइबलको पूरै भाग संसारका हरेक मुख्य भाषाहरूमा अनुवाद भइसकेको छ, साथै थोरै मात्रामा बोलिने अधिकांश भाषाहरूमा पनि अनुवाद गरिएको छ। बाइबलका केही भागहरू झण्डैं २,४५० भन्दा बढी भाषाहरूमा उपलब्ध छन्। अरू २,००० भाषाहरूमा अनुवाद कार्य भइरहेको छ। यसलाई अरू धार्मिक पुस्तकहरूसँग तुलना

गर्नुहोस्; हिन्दुधर्मशास्त्रहरू ४६ वटा भाषाहरूमा अनुवाद गरिएका छन्, र मुस्लिमहरूको कुरान ४० वटा भाषाहरूमा अनुवाद गरिएको छ।

बाइबल मानवजातिलाई परमेश्वरको प्रकाश हो। यसमा जीवनका सबै ठूला-ठूला प्रश्नहरूको जवाफ छ, जस्तैः के परमेश्वर हुनुहुन्छ? परमेश्वर को हुनुहुन्छ? उहाँको चरित्र के हो? संसार कसरी हुन आयो? मानिस के हो? मानिसको उद्देश्य के हो? के मानिस एउटा क्रमविकास भएको जनावर हो? मानिसमा के गडबडी छ? किन संसार समस्याले ग्रस्त छ? मानिसहरू किन मर्छन्? मानिसको मृत्युपछि उसलाई के हुन्छ? के मृत्यु नै अन्त हो? के मानिस परमेश्वरसँग ठीक सम्बन्धमा आउन सक्छ? के मानिससँग अनन्त जीवन हुनसक्छ?

मानिसले यी प्रश्नहरूको जवाफ आफ्नै दिमाग वा खोजतलासद्वारा भेट्टाउन सक्दैन। परमेश्वरले ती जवाफहरू बाइबलमा प्रकट गरिदिनुभएको छ किनभने उहाँ मानवजातिलाई प्रेम गर्नुहुन्छ र मानिसहरूलाई बचाउन चाहनुहुन्छ।

बाइबल ४० जना भविष्यवक्ताहरूद्वारा करिब १,६०० वर्षको अवधिमा लेखिएको थियो। बाइबलका प्रथम पाँच पुस्तकहरू(उत्पत्ति, प्रस्थान, लेवी, गन्ती, व्यवस्था) भविष्यवक्ता मोशाद्वारा करिब ३,५०० वर्ष अघि लेखिए।

बाइबल एउटै विषयवस्तु भएको एक सिङ्गो पुस्तक हो, यद्यपि यसमा ६६ वटा बेग्लाबेग्लै पुस्तकहरू छन्। यी पुस्तकहरूमध्ये प्रत्येक नै समस्त सन्देशको एउटा महत्वपूर्ण भाग हो। बाइबललाई दुई मुख्य भागहरूमा विभाजन गरिएको छः पूरानो करार, जसमा ३९ वटा पुस्तकहरू छन् (उत्पत्तिदेखि मलाकी), र नयाँ करार, जसमा २७ वटा पुस्तकहरू छन् (मत्तीदेखि प्रकाश)। पूरानो करार शुरुमा हिब्रु भाषामा लेखिएको थियो, र नयाँ करार ग्रीक भाषामा लेखिएको थियो। बाइबलका ६६ वटा पुस्तकहरूलाई अझ अध्यायहरू र पदहरूमा विभाजन गरिएको छ। उदाहरणको लागि, बाइबलको पहिलो पुस्तक उत्पत्तिमा ५० वटा अध्यायहरू छन्, र प्रत्येक अध्यायहरूलाई पदहरूमा विभाजन गरिएको छ। उत्पत्ति १ अध्यायमा ३१ वटा पदहरू छन् ।

बाइबलका पुस्तकहरू लेखिँदा शुरूमा तिनीहरूमा यी विभाजनहरू थिएनन्। कुराहरूलाई सजिलै भेट्टाउन सकियोस् भन्ने हेतुले पछि गएर ती विभाजनहरू राखिएका हुन्।

पूरानो कराररले नयाँ करारको लागि मार्ग तयार पार्छ। मान्छेको सृष्टि र मानिस पापमा फसेको कुराको वर्णन गरेर पुरानो करार शुरू हुन्छ। त्यसपछि यसले परमेश्वरको मुक्तिको योजनाको वर्णन गर्छ जुन उहाँको पुत्र येशू पृथ्वीमा आउनुभएकोद्वारा हुनेथियो। पूरानो करारमा, येशूलाई '**ख्रीष्ट**' भनिएको छ। ख्रीष्टको आगमनको विषयमा पूरानो करारमा धेरै भविष्यवाणीहरू दिइएका छन्। हामी ख्रीष्टको अर्थ र यी भविष्यवाणीहरूमध्ये केहीलाई पछि हेर्नेछौं।

नयाँ करार पूरानो करारका भविष्यवाणीहरूको पूरा हुवाइले भरिएको छ। नयाँ करारका प्रथम चार पुस्तकहरू (मत्ती, मर्कूस, लूका, र यूहन्ना)ले येशू ख्रीष्टको जन्म, जीवन, मृत्यु, र बौरिउठाइको वर्णन गर्दछ। नयाँ करारको पाचौं पुस्तक, 'प्रेरितहरूका काम'ले, प्रथम मण्डलीहरूको स्थापनाको वर्णन गर्दछ। नयाँ करारका बाँकी पुस्तकहरूमा मण्डलीहरूमा भएको परमेश्वरका छुटकारा पाएका जनहरूको लागि निर्देशनहरू समावेश छन्। बाइबलको अन्तिम पुस्तक 'प्रकाश'मा ख्रीष्टको पुनरागमन, बौरिउठाइहरू, न्यायहरू, र उहाँको अनन्त राज्यको स्थापना समावेश छ।

बाइबलले इस्राएल राष्ट्रको इतिहासको वर्णन गर्छ। सारा संसारकहाँ मुक्ति ल्याउन परमेश्वरले इस्राएललाई उहाँको विशेष जातिको रुपमा सृजना गर्नुभयो। इस्राएलका मानिसहरूलाई यहूदी भनिन्छ। इस्राएलद्वारा, परमेश्वरले बाइबल दिनुभयो। यो यहूदी भविष्यवक्ताहरूद्वारा (जस्तैः मोशा, दाऊद, र यशैया) लेखियो। इस्राएलद्वारा, परमेश्वरले येशूलाई संसारमा ल्याउनुभयो। येशू इस्राएलमा जन्मनुभयो र उहाँ जन्मकै यहूदी हुनुहुन्थ्यो। परमेश्वरले अब्राहाम नामक एक मानिसलाई इस्राएल जातिको पिताको रुपमा चुन्नुभयो। परमेश्वरले अब्राहामलाई एउटा ठूलो जातिका पिता र सारा संसारका निम्ति एक आशिष तुल्याउने प्रतिज्ञा दिनुभयो। अब्राहामको इसहाक नाम गरेको एक छोरा थिए, जसले अब्राहामलाई दिइएको परमेश्वरको प्रतिज्ञा प्राप्त गरे।

इसहाकको याकूब नाम गरेको एक छोरा थिए, जसले परमेश्वरको प्रतिज्ञा प्राप्त गरे। याकूबको नाम बद्ली गरी परमेश्वरले "इस्राएल" राखिदिनुभयो। उनका १२ छोराहरू थिए, उनीहरू नै इस्राएलका १२ कुलहरूका पिता बने। यी सबै महत्वपूर्ण इतिहास बाइबलको प्रथम पुस्तक उत्पत्तिमा लेखिएको छ। कसरी इस्राएल मिश्री फाराओको दासरुपी राष्ट्र बन्यो र कसरी परमेश्वरले इस्राएललाई महान् आश्चर्यकर्महरूद्वारा मिश्रबाट निकालेर ल्याउनुभयो अनि कसरी उनीहरूलाई उहाँले प्रतिज्ञा गर्नुभएको उनीहरूको आफ्नै भूमिभित्र ल्याउनुभयो भन्ने कुराहरूको पनि बाइबलले वर्णन गर्दछ। यो इतिहास बाइबलको दोस्रो पुस्तक प्रस्थानमा पाइन्छ। [विश्वको नक्सामा इस्राएललाई नक्सा ०१_मध्यपूर्वमा हेर्नुहोस्। इस्राएल भुमध्यसागर (Mediterranean Sea) को पूर्वी किनारामा अवस्थित मिश्र (Egypt)को उत्तरपट्टि छ।]

बाइबलमा परमेश्वरको व्यवस्था समावेश छ। बाइबलको दोस्रो पुस्तक प्रस्थानमा हामी कसरी परमेश्वरले मिश्रको नजिकै अवस्थित सिनाई पर्वतमा इस्राएलीहरूलाई आफ्ना पवित्र व्यवस्थाहरू दिनुभयो भन्ने विवरण पढ्छौं। यिनीहरूमध्ये प्रथम दश व्यवस्थाहरूलाई "दश आज्ञा" भनिन्छ। ती आज्ञाहरू यसप्रकारका छन्:

१- मेरो सामु तिम्रा अरू कुनै ईश्वरहरू हुनुहुँदैन। तिमीले आफ्ना निम्ति कुनै खोपेको मूर्ति नबाउनू, अथवा माथि आकाशमा भएको, तल पृथ्वीमा भएको वा पृथ्वीमनि पानीभित्र भएको कुनै थोकको प्रतिमूर्ति नबनाउनूः

२- तिमीले तिनीहरूलाई दण्डवत् नगर्नू, र तिनीहरूको पूजा (सेवा) नगर्नू; किनकि म, परमप्रभु तिम्रा परमेश्वर जलन राख्ने ईश्वर हुँ; मलाई घृणा गर्नेहरूका सन्तानहरूलाई तिनीहरूका पुर्खाहरूको अधर्मका निम्ति म तेस्रो र चौथो पुस्तासम्म दण्ड दिन्छु; तर मलाई प्रेम गर्नेहरू र मेरा आज्ञाहरू पालन गर्नेहरूका हजारौं पुस्तासम्मलाई म करूणा देखाउँछु।

३- तिमीले परमप्रभु आफ्ना परमेश्वरको नाम व्यर्थैमा नलिनू; किनकि जसले उहाँको नाम व्यर्थमा लिन्छ, त्यसलाई परमप्रभुले निर्दोष ठहऱ्याउनुहुनेछैन।

४- विश्राम दिन पवित्र मान्नलाई यसको सम्झना राख्नू! छ दिन तिमीले परिश्रम गर्नू, र आफ्ना सबै काम गर्नू; तर सातौं दिनचाहिँ परमप्रभु तिम्रा परमेश्वरको विश्राम दिन हो; यसमा तिमीले कुनै काम नगर्नू – न तिमीले, न तिम्रा छोराले, न तिम्री छोरीले, न तिम्रो कमाराले, न तिम्री कमारीले, न तिम्रा गाईवस्तुले, न तिम्रा मूलढोकाहरूभित्र बस्ने तिम्रो परदेशीले; किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोकहरू बनाउनुभयो, र सातौं दिनमा विश्राम लिनुभयो; यसैकारण परमप्रभुले विश्राम दिनलाई आशिष दिनुभयो; र यसलाई पवित्र तुल्याउनुभयो।

५- आफ्ना बाबु र आफ्नी आमालाई आदर गर, र जुन देश परमप्रभु तिम्रा परमेश्वरले तिमीलाई दिनुहुन्छ, त्यस देशमा तिम्रो आयु लामो होस्।

६- तिमीले हत्या नगर्नू।

७- तिमीले व्यभिचार नगर्नू।

८- तिमीले चोरी नगर्नू।

९- तिमीले आफ्नो छिमेकीको विरोधमा झूटा गवाही नदिनू।

१०- तिमीले आफ्नो छिमेकीको घरको लालच नगर्नू, तिमीले आफ्नो छिमेकीकी स्वास्नीको लालच नगर्नू; न ता उसको कमारा, न उसकी कमारी, न उसको गोरू, न उसको गधा, न ता आफ्नो छिमेकीको कुनै थोकको लालच गर्नू (प्रस्थान २०:१-१७)।

यी व्यवस्थाहरू परमेश्वरले मानिसहरूबाट के माग गर्नुहुन्छ भन्ने कुरा देखाउन साथै सबै मानिसहरू परमेश्वरको सामु दोषी पापीहरू हुन् भनेर देखाउनलाई दिइएका थिए। कुनै पनि पुरूष वा स्त्री परमेश्वरको पवित्र व्यवस्थाहरूसम्म आइपुग्नेगरि जिउँदैनन्। सबै मानिसहरूले यी नियमहरू तोडेका छन्, पहिलो नियमबाट नै शुरु गरेर, जुन नियमले 'एकमात्र साँचो परमेश्वरको सामु अरू कुनै ईश्वरहरू हुनुहुँदैन' भन्दछ, तोडेका छन्। हाम्रो सबैभन्दा शुरुको उमेरदेखि नै हामी परमेश्वरका नियमहरू तोड्छौं। कसरी झूट बोल्ने, छल्ने, र चोर्ने भनेर सिक्नलाई हामी स्कूल गइरहनु पर्दैन। मानिसले

उहाँका पवित्र व्यवस्थाहरू उनीहरूको हृदयदेखि नै पालन गरुन् भनी परमेश्वर माग गर्नुहुन्छ। परमेश्वरद्वारा ग्रहण गरिन, बाहिरी रुपमा ठीक गर्नु पर्याप्त छैन; व्यक्तिको हृदय नै शुद्ध हुनुपर्छ। अनि कुनै पनि मानिससँग शुद्ध हृदय छैन। परमेश्वरको व्यवस्थाले भन्दछ, "तिमीले आफ्नो छिमेकीको घरको लालच नगर्नू, अनि तिमीले आफ्नो छिमेकीकी स्वास्नीको लालच नगर्नू ... न ता छिमेकीको कुनै थोकको लालच गर्नु।" यो हृदयको पाप हो। ख्याल गर्नुहोस्, आफ्नो छिमेकीकी स्वास्नीको लालच नगर्नू भनी परमेश्वर भन्नुहुन्छ। यदि कुनै पूरूषले कुनै स्त्रीलाई खराब इच्छाले हेर्छ भने, त्यसले आफ्नो हृदयमा व्यभिचार गर्दछ भनेर येशू ख्रीष्टले सिकाउनुभयो। यसैकारण, व्यभिचार शरीरको मात्र पाप नभएर यो हृदयको पाप हो। परमेश्वरको व्यवस्थाले देखाउँछ कि मानिस आफ्ना कार्यहरू र आफ्ना हृदयका गोप्यताहरू दुवैमा पापी छ।

"पवित्रशास्त्र" सम्बन्धी केही आधारभूत पाठहरू यी नै हुन्।

(बाइबल परमेश्वरको वचन हो भन्ने प्रमाणको विषयमा अझ थप जानकारीको लागि, *The Bible's Proof* हेर्नुहोस्, जुन www.wayoflife.org मा फ्रि इबुकको रूपमा उपलब्ध छ।)

## "पवित्रशास्त्र" सम्बन्धी पुनरावलोकन प्रश्नहरूः

विद्यार्थीले अर्को पाठभन्दा अघि नै यी प्रश्नहरूको जवाफ दिइसक्नुपर्छ ।

१. सुसमाचार के हो ?

२. बाइबलको कुन पुस्तक र अध्यायमा सुसमाचारको सारांश छ ?

३. "सुसमाचार" शब्दको अर्थ के हो ?

४. येशू ख्रीष्टको सुसमाचार के हो ?

५. "पवित्रशास्त्र" शब्दको अर्थ के हो ?

६. बाइबल लगभग कतिवटा भाषाहरूमा अनुवाद गरिसकिएको छ ?

७. बाइबल मानव जातिको लागि परमेश्वरको _________ हो।

८. तपाईंले व्यक्तिगतरुपमा सबैभन्दा बढी रूचीराख्ने जीवनका तीनवटा महत्वपूर्ण प्रश्नहरू के-के हुन् जसको उत्तर बाइबलले दिएको छ ?

९. बाइबल करिब _____ जना भविष्यक्ताहरूद्वारा करिब ______ वर्षहरूको अवधिमा लेखिएको थियो।

१०. बाइबलका प्रथम पाँचवटा पुस्तकहरू कुन-कुन हुन् ?

११. कुन भविष्यक्ताले यी पुस्तकहरू लेखे ?

१२. बाइबलका दुईवटा मुख्य विभाजनहरू के-के हुन् ?

१३. बाइबलमा कतिवटा अलग-अलग पुस्तकहरू छन् ?

१४. बाइबलका पुस्तकहरू _______ र ________ मा विभाजन गरिएको छ।

१५. नयाँ करारका प्रथम चार पुस्तकहरू कुन-कुन हुन् ?

१६. यी पुस्तकहरूको विषय के हो ?

१७. बाइबलको अन्तिम पुस्तक कुन हो, र यसको विषय के हो ?

१८. परमेश्वरले इस्राएलद्वारा कुन दुई कुराहरू संसारलाई दिनुभयो ?

१९. इस्राएलका पिता कुन मानिस हुन् ?

२०. उक्त व्यक्तिको छोरा र नातिको नाम के-के हो जसले परमेश्वरका प्रतिज्ञाहरू प्राप्त गरे ?

२१. उनको नातिका कतिजना छोराहरू थिए जोहरू इस्राएलका कुलहरूका शिर बने ?

२२. इस्राएल कुन प्राचिन राष्ट्रको दास बन्यो ?

२३. त्यो पहाडको नाम के हो जहाँ परमेश्वरले इस्राएलीहरूलाई उहाँका व्यवस्थाहरू दिनुभयो ?

२४. परमेश्वरले दिनुभएको पहिलो आज्ञा के हो ?

२५. किन परमेश्वरले आफ्ना व्यवस्थाहरू मानिसलाई दिनुभयो ?

# ख्रीष्ट को हुनुहुन्छ?

सुसमाचारले भन्छ, “पवित्र-शास्त्रहरूमुताबिक ख्रीष्ट हाम्रा पापहरूका निम्ति मर्नुभयो...”

यसकारण, सुसमाचार बुझ्नलाई हामीले “ख्रीष्ट को हुनुहुन्छ” भनेर जान्नैपर्छ।

ख्रीष्टको माने “अभिषिक्त जन” हो। ‘ख्रीष्ट’ ग्रीक शब्द हो जसको उही अर्थ दिने हिब्रु शब्द ‘मसीह’ हो। यसले परमेश्वरद्वारा चुनिएको मानिसलाई जनाउँछ। यसले परमेश्वरले संसारको मुक्तिदाता हुनलाई र उहाँको अनन्त राज्य स्थापना गर्नलाई चुन्नुभएको मानिसलाई जनाउँछ।

“ख्रीष्ट”ले संसारको मुक्तिदाता हुनलाई आउनुहुने परमेश्वरका चुनिएका मानिसको आगमनको विषयमा रहेका पुरानो करारका भविष्यवाणीहरूलाई जनाउँछ।

अदनको बगैंचामा प्रथम पुरुष र स्त्रीले पाप गरे, जसले गर्दा उनीहरू मर्न र अनन्त न्याय भोग्न दोषी ठहरिए। यसलाई "मानिसको पतन” भनिन्छ। मानिसको पापमा रहेको पाठमा हामी यसको विषयमा अझ कुरा गर्नेछौं।

परमेश्वरले मानवजातिको लागि मुक्तिको योजना गर्नुभयो। उहाँले पापीहरू बाँच्न सकून् भनेर ख्रीष्टलाई पापपूर्ण मानिसले भोग्नुपर्ने दण्ड लिइदिन यस संसारमा पठाउने योजना गर्नुभयो। जब ख्रीष्ट आउनुभयो, उहाँले भन्नुभयो, “किनभने मानिसका पुत्र हराएकोलाई खोज्न र मुक्त गर्न आएका हुन्” (लूका १९:१०)।

परमेश्वरले आफ्ना पवित्र भविष्यवक्ताहरूद्वारा मुक्तिदाता ख्रीष्टको आगमनको विषयमा भविष्यवाणीहरू दिनुभयो। ती सबै भविष्यवाणीहरू नै ख्रीष्टद्वारा पूरा गरिए। ती घटनाहरू हामी मत्ती, मर्कूस, लूका, र यूहन्नाका सुसमाचारहरूमा पढ्न सक्छौं जुन नयाँ करारका प्रथम चार पुस्तकहरू हुन्।

ख्रीष्टको विषयमा रहेका भविष्यवाणीहरूमध्ये केही तल उल्लेख गरिएका छन्:

**ख्रीष्ट बेथलेहेममा जन्मनुहुनेथ्यो भनेर भविष्यवाणीहरूले बताएका थिए।**

> "तर तँचाहिँ, हे बेतलेहेम एफ्राता, तँ यहूदाका हजारौंको बीचमा सानो छस्; तापनि तँबाट मेरा निम्ति एकजना निस्केर आउनेछन्, जो इस्राएलका शासक हुनेछन्, जसका उद्‌गमहरू ता प्राचीनकालदेखि, अँ, अनन्तकालदेखि नै हुन् " (मीका ५:२)।

मीका एक भविष्यवक्ता थिए। उनले येशू जन्मनुभन्दा लगभग ७०० वर्ष अघि प्रचार गर्थे। बेथलेहेम शहर इस्राएलको राजधानी यरूशलेमदेखि केही माइल दक्षिणमा अवस्थित छ। यो येशूको जन्मस्थान हो जुन हामी नयाँ करारमा लूकाको सुसमाचारमा पढ्छौं। (यस अध्ययन पुस्तकको पछाडि भएको नक्सा ०२_इस्राएल हेर्नुहोस्।) यरूशलेम र बेथलेहेम मृत सागरको उत्तरी किनारको पश्चिमतिर पर्छ।

**ख्रीष्ट एक कन्याबाट जन्मनुहुनेथ्यो भनेर भविष्यवाणीहरूले बताएका थिए।**

> "यसकारण प्रभु आफैले तिमीहरूलाई एउटा चिन्ह दिनुहुनेछ - हेर, एउटी कन्या गर्भवती हुनेछिन्, र तिनले एउटा छोरा जन्माउनेछिन्, र उसको नाम इम्मानुएल राख्नेछिन्" (यशैया ७:१४)।

भविष्यवक्ता यशैया ख्रीष्ट जन्मनुभन्दा लगभग ७०० वर्ष अघि जिउँथे। "इम्मानुएल" नामको माने "परमेश्वर हामीसित" भन्ने हुन्छ। ख्रीष्ट "परमेश्वर शरीरमा प्रकट हुनुभएको" हुनुहुन्छ। संसारको मुक्तिको लागि रहेको परमेश्वरको योजना यस्तो थियो कि परमेश्वरका अनन्त पुत्र पापरहित मानिस बन्नुहुनेथ्यो र मानिसको पापको निम्ति मर्नुहुनेथ्यो।

येशू एक कन्याबाट जन्मनुभयो भनेर हामी लूकाको सुसमाचारको १ देखि २ अध्यायको सुन्दर अभिलेखमा पढ्छौं ।

> "अनि छैटौं महिनामा गब्रिएल स्वर्गदूत परमेश्वरपट्टिबाट गालीलको नासरत भनिने शहरमा एउटी कन्याकहाँ पठाइए, जसको मगनी दाऊदको घरानाका

यूसुफ नाम भएका मानिससँग भएको थियो; अनि ती कन्याको नाम मरियम थियो। अनि स्वर्गदूत भित्र उनीकहाँ आए, र भने: "हे कृपाको पात्र, सलाम ! परमप्रभु तिमीसँग हुनुहुन्छ; स्त्रीहरूमा तिमी धन्य हौ !" अनि तिनलाई देखेर तिनको कुराले उनी आत्तिइन्, र यो कस्तो किसिमको अभिवादन होला भनी उनी मनमनै गम्न लागिन्। अनि स्वर्गदूतले उनलाई भने: "नडराऊ, मरियम; किनकि तिमीले परमेश्वरबाट कृपा पाएकी छ्यौ। अनि हेर, तिमीले गर्भधारण गर्नेछ्यौ र एउटा छोरा जन्माउनेछ्यौ, र तिमीले उहाँको नाम येशू राख्नू। उहाँ महान् हुनुहुनेछ, र परमप्रधानका पुत्र कहलाइनुहुनेछ; अनि परमप्रभु परमेश्वरले उहाँलाई उहाँका पिता दाऊदको सिंहासन दिनुहुनेछ। अनि उहाँले याकूबको घरानामाथि सदासर्वदै राज्य गर्नुहुनेछ, र उहाँको राज्यको अन्त हुनेछैन।" तब मरियमले स्वर्गदूतलाई भनिन्: "यो कसरी हुनेछ र? किनकि म कुनै पुरुषलाई जान्दिनँ नै।" अनि स्वर्गदूतले जवाफ दिएर उनलाई भने: "पवित्र आत्मा तिमीमाथि आउनुहुनेछ, र परमप्रधानको सामर्थ्यले तिमीमाथि छाया पार्नेछ; यसैकारण तिमीबाट जन्मिनुहुने पवित्र जनचाहिँ 'परमेश्वरका पुत्र' कहलाइनुहुनेछ। अनि हेर, तिम्री नातेदार इलीशिबाले पनि तिनको बूढ़ेसकालमा एउटा छोरा गर्भधारण गरेकी छिन्; अनि यो तिनको, जो बाँझी कहलाइएकी थिइन्, छैटौं महिना हो। किनभने परमेश्वरका निम्ति कुनै कुरा पनि असम्भव हुनेछैन।" अनि मरियमले भनिन्: "हेर्नुहोस्, म परमप्रभुकी दासी ! तपाईंको वचनअनुसार नै मलाई होस् !" अनि स्वर्गदूत उनीकहाँबाट गए" (लूका १:२६-३८)।

## ख्रीष्टले निको पार्ने आश्चर्यकर्महरू गर्नुहुनेथ्यो भनेर भविष्यवाणीहरूले बताएका थिए।

"तब अन्धाहरूका आँखाहरू खोलिनेछन्, र बहिराहरूका कानहरू खोलिनेछन्। तब लङगड़ा मृगझैं उफ्रिनेछ, र गुँगाको जिब्रोले गाउनेछ; किनकि उजाड़स्थानमा पानी र मरुभूमिमा खोलाहरू फुटेर निस्कनेछन्" (यशैया ३५:५-६)।

येशूले सबै प्रकारका रोगबिमारहरूलाई निको पारेर र मरेकाहरूलाई समेत जिउँदो पारेर यो भविष्यवाणी पूरा गर्नुभयो। सुसमाचारहरूमा थुप्रै ठाउँहरूमा

हामी यसको विषयमा पढ्छौं। "अनि येशू तिनीहरूका सभाघरहरूमा शिक्षा दिँदै, राज्यको सुसमाचार प्रचार गर्दै र मानिसहरूमा भएका सबै प्रकारको रोगहरू र सबै किसिमको शारीरिक दुर्बलताहरू निको पार्दै सारा गालीलभरि घुम्नुभयो"(मत्ती ४:२३)।

उजाडस्थानमा पानी फुटेर निस्कने विषयमा रहेको यशैया ३५:६ को भविष्यवाणी ख्रीष्टले पृथ्वीमा आफ्नो राज्य स्थापना गर्नुभएपछि पूरा हुनेछ अनि त्यो बेला मरूभूमिहरू र बाँझो जमिनहरू बगैंचाहरू हुनेछन्।

**ख्रीष्ट क्रूसमा टाँगिनुहुनेथ्यो भनेर भविष्यवाणीहरूले बताएका थिए।**

> "पानीझैं म पोखिएँ, अनि मेरा सबै हड्डीहरू जोर्नीबाट फुस्केका छन्; मेरो हृदय मैनजस्तो भएको छ; त्यो मेरो पेटभित्रै पग्लेको छ। खपटोझैं मेरो बल सुकेको छ, र मेरो जिब्रो मेरो तालुमा टाँसिन्छ; अनि तपाईंले मलाई मृत्युको धूलोमा पुऱ्याउनुभएको छ। किनकि कुकुरहरूले मलाई घेरेका छन्; दुष्टहरूको झुण्डले मलाई चारैतिरबाट थुनेको छ; तिनीहरूले मेरा हात र मेरा पाउहरू छेंड़े" (भजनसंग्रह २२:१४-१६)।

यो भजन भविष्यवक्ता दाऊदले ख्रीष्ट जन्मनुभन्दा लगभग १००० वर्ष अघि लेखेका थिए। भजन २२ ले क्रूसमा हुने डरलग्दो मृत्युको सिद्ध तवरले वर्णन गरेको छ, तर दाऊदले यो लेख्दा क्रूसिकरण अझै पनि यो पृथ्वीमा अभ्यास गरिदैनथियो! यो त रोमी साम्राज्यको समयमा अभ्यास गर्न शुरू गरियो। यो ख्रीष्ट जन्मनुभन्दा केही समय अघि मात्र थियो। हत्याराहरूजस्ता सबैभन्दा दुष्ट अपराधीहरूलाई दण्ड दिन रोमी सरकारले उनीहरूका हातहरू र खुट्टाहरूलाई काठको क्रूसमा काँटीले ठोकिदिन्थ्यो र उनीहरूलाई मर्नको लागि त्यही छोडिदिन्थ्यो। सामन्यता उनीहरूलाई बिस्तारै हुने असह्य पिडाले मर्न धेरै दिन लाग्थ्यो। पिडाको कारणले पिडितका हड्डीहरू जोर्नीबाट फुस्किन्थे अनि धेरै रगत बगेको कारणले पिडितलाई अत्यन्तै तिर्खा लाग्थ्यो, तर उसलाई पिउनलाई केही पनि दिइदैनथियो। यसलाई नै क्रूसिकरण भनिन्थ्यो। यी सबै नै भजनसङ्ग्रह २२ को भविष्यवाणीमा वर्णन गरिएका छन्।

भजनमा उल्लेख गरिएका “कुकुरहरू” त्यही अनुच्छेदमा व्याख्या गरिएका छन्। उनीहरू ती दुष्ट मानिसहरू हुन् जसले येशूलाई क्रूसमा टाँगे र उहाँ क्रूसमा हुनुहुँदा उहाँको गिल्ला गरे। उनीहरूलाई “कुकुरहरू” भनिएको छ, जसले जंगली कुकुरहरूलाई जनाउँछ, किनकि उनीहरूले उहाँलाई जंगली जनावरहरूले झैं व्यवहार गरिरहेका थिए।

येशूले कुनै अपराध गर्नुभएन तरपनि उहाँ रोमी सरकारद्वारा क्रूसमा टाँगिनुभयो। यहूदी धर्मका अगुवाहरू येशूप्रति ईर्ष्यालु थिए र उहाँलाई घृणा गर्थे। उनीहरूले उहाँको विरुद्धमा रोमी राज्यपाल पिलातसकहाँ झूटा दोषहरू ल्याए र अन्तमा गएर उहाँलाई मृत्युदण्ड दिन पिलातस राजी भए। येशूको जाँच र क्रूसिकरणको घटना मत्ती, मर्कूस, लूका र यूहन्नामा दिइएको छ।

## सिपाहीहरूले क्रूसको फेदमा ख्रीष्टको पोशाकको लागि गोला हाल्नेथिए भनेर भविष्यवाणीहरूले बताएका थिए।

> “तिनीहरू मेरा वस्त्रहरू आपसमा बाँड्छन् र मेरो पोशाकका लागि गोला हाल्छन्” (भजनसंग्रह २२:१८)।

ती निर्दयी रोमी सिपाहीहरूले यो त्यसबेला गरे जब येशू क्रूसमा कष्ट भोगिरहनुभएको थियो। यो **मत्ती २७:३५** मा लेखिएको छ, “अनि तिनीहरूले उहाँलाई क्रूसमा टाँगे, र उहाँका वस्त्रहरू गोला हालेर बाँड़े; योचाहिँ भविष्यवक्ताद्वारा बोलिएको वचन पूरा हुनलाई भएको हो: ‘तिनीहरूले मेरा वस्त्रहरू आपसमा बाँड़े, र मेरा पोसाकका लागि गोला हाले।’”

## मानिसहरूले येशूलाई गिल्ला गर्नेथिए भनेर भविष्यवाणीहरूले बताएका थिए।

> ‘तर म ता कीरा हुँ, मानिस नै होइनँ; मानिसहरूको निन्दा र लोकहरूद्वारा तुच्छ ठानिएको। मलाई देख्ने सबैले मलाई खिसी गरेर हाँस्छन्; तिनीहरू ओठ लेप्र्याउँछन्; तिनीहरू यसो भन्दै टाउको हल्लाउँछन्: “परमप्रभुले त्यसलाई छुटकारा दिनुहुन्छ भनी त्यसले उहाँमाथि भरोसा राख्थ्यो; उहाँले

नै त्यसलाई छुटकारा दिऊन्; किनकि उहाँ त्यसमा प्रसन्न हुनुभएको छ"'(भजनसंग्रह २२:६-८)।

यो भविष्यवाणी पूरा भएको घटना **मत्ती २७:३९-४४** मा लेखिएको छ, "अनि त्यहाँबाट आउने-जानेहरूले आफ्ना टाउका हल्लाई-हल्लाई यसो भन्दै उहाँलाई गिल्ला गर्दथे: "एई, मन्दिर भत्काएर तीन दिनमा बनाउने, आफैलाई बचा! तैँ परमेश्वररको पुत्र होस् भने क्रूसबाट ओर्ली आइज!" त्यसरी नै मुख्य पूजाहारीहरूले पनि शास्त्रीहरू र बूढ़ा प्रधानहरूसँग-सँगै उहाँलाई गिल्ला गर्दै यसो भने: "यसले अरूलाई बचायो; आफैलाई चाहिँ यसले बचाउन सक्दैन। यो इस्राएलको राजा हो भने अब क्रूसबाट ओर्ली आओस्, र हामी यसलाई विश्वास गर्नेछौं। यसले परमेश्वरमाथि भरोसा गर्थ्यो; उहाँले यसलाई चाहनुहुन्छ भने उहाँले अहिल्यै यसलाई छुटकारा दिऊन्, किनभने यसले 'म परमेश्वरका पुत्र हुँ' भनी भन्थ्यो।" उहाँसँगै क्रूसमा टाँगिएका डाँकूहरूले पनि उहाँलाई त्यसरी नै निन्दा गरे।"

**मानिसहरू बसेर ख्रीष्टलाई एक टक लाएर हेर्नेथिए भनेर भविष्यवाणीहरूले बताएका थिए।**

"... तिनीहरू मलाई हेर्छन्, टक लगाएर हेर्छन्" (भजनसंग्रह २२:१७)।

यो भएको कुरा **मत्ती २७:३६** मा लेखिएको छ, "अनि त्यहाँ बसेर तिनीहरूले उहाँलाई पहरा दिए।"

**येशूका हड्डीहरू भाँचिनेथिएनन् भनेर भविष्यवाणीहरूले बताएका थिए।**

"म मेरा सबै हड्डीहरू गन्न सक्छु" (भजनसंग्रह २२:१७)।

यो आश्चर्यजनक भविष्यवाणी ख्रीष्टलाई क्रूसमा टँगाइनुभएको दिनमा पूरा भयो। त्यो दिनको भोलिपल्ट अथवा अर्को दिनचाहिँ यहूदीहरूको धार्मिक दिन थियो, यसकारण शासकहरू पिडितहरूलाई क्रूसहरूबाट तल झार्न चाहन्थे। येशूसँग दुई चोरहरू क्रूसमा टाँगिएका थिए, एक जना दाँयातिर र अर्को बाँयातिर। दिनको अन्त्यमा ती चोरहरू अझैं जीवित नै थिए, यसैले उनीहरू छिटो मरून् भनेर सिपाहीहरूले उनीहरूका खुट्टाका हड्डीहरू भाँचिदिए। तर

ख्रीष्ट पहिल्यै मरिसक्नुभएको थियो, यसैले उहाँका हड्डीहरूमध्ये कुनै पनि भाँचिएन। यो भविष्यवाणी पूरा भएको कुरा यूहन्ना १९:३१-३३ मा वर्णन गरिएको छ, "यसकारण त्यो दिन तयारीको दिन भएको हुनाले विश्रामदिनमा, (किनकि त्यो विश्रामदिन एउटा ठूलो दिन थियो), ती शरीरहरू क्रूसमा नरहून् भनेर यहूदीहरूले पिलातसलाई तिनीहरूका खुट्टाहरू भाँचिऊन् र तिनीहरू लगिऊन् भनी विन्ती चढ़ाए। तब ती सिपाहीहरू आए, अनि पहिलोचाहिँका खुट्टा भाँचिदिए अनि अर्कोचाहिँका पनि, जो उहाँसँगै क्रूसमा टँगाइएको थियो। तर जब तिनीहरू येशूकहाँ आए, र उहाँलाई पहिल्यै मरिसक्नुभएको देखे, तब तिनीहरूले उहाँका खुट्टाहरू भाँचेनन्।"

## ख्रीष्टले मानिसको पापहरूको निम्ति दु:ख भोग्नुहुनेथ्यो भनेर भविष्यवाणीहरूले बताएका थिए।

> "तर ऊ ता हाम्रै अपराधहरूको निम्ति घायल भएको थियो; उसलाई हाम्रै अधर्महरूको निम्ति चोटैचोट परेको थियो; हाम्रै शान्तिका निम्ति ताडना उसमाथि पऱ्यो, र उसका कोर्राका चोटहरूद्वारा हामी निको भयौं। हामी सबैले भेडाहरूले झैं बाटो बिराएका छौं; हामी हरेक आ-आफ्नो बाटोतिर लागेका छौं; तर परमप्रभुले हामी सबैको अधर्म उसैमाथि राखिदिनुभएको छ" (यशैया ५३:५-६)।

यो यशैयाबाटको अर्को भविष्यवाणी हो। बाइबलमा भएका सबैभन्दा सुन्दर खण्डहरूमध्ये यो एक हो। ख्रीष्ट पापीहरूको स्थानमा दण्डित हुनुहुनेथ्यो भनेर यशैयाले भविष्यवाणी गरे। उनी भन्छन् कि सबै मानिसहरूले परमेश्वरदेखि बाटो बिराएका छन्, र उहाँले हाम्रा पापहरू ख्रीष्टमाथि राखिदिनुभएको छ। येशूले यो तब पूरा गर्नुभयो जब उहाँले आफ्नो रगत बहाउनुभयो र क्रूसमा दु:ख भोग्नुभयो। ख्रीष्ट मेरो स्थानमा दण्डित हुनुभएको कारण म बचाइन सक्छु।

योचाहिँ अपराधी स्वतन्त्र होओस् भनेर न्यायधीशले अपराधीको दण्ड लिइदिएको जस्तै हो। परमेश्वरले पापीहरूको निम्ति यही नै गरिदिनुभएको हो। ख्रीष्टले पापीको ऋण चुक्ता गरिदिनुभयो। हरेक पापले दण्ड पाउनैपर्छ।

त्यसको मतलब हरेक पापी परमेश्वरप्रति ऋणी छ। उसलाई ठूलो ऋण लागेको छ । त्यो ऋण ऊ आफैले चुक्ता गर्न सक्दैन। परमेश्वरको विरुद्धमा मैले गरेको सबै पापहरूको मोल मेरो कुनै पनि असल कामहरूले तिर्न सक्दैन। यद्यपि पापको ऋण चुक्ता गरिनुपर्छ। योचाहिँ आगोको झीलमा अनन्त पिडा भोगेकोद्वारा चुक्ता हुनेछ। खुशीको खबर यो हो कि येशूले पापीको ऋण पूर्ण रुपले चुक्ता गरिदिनुभयो। अनि यदि पापीले येशूलाई आफ्नो मुक्तिदाताको रुपमा ग्रहण गर्छ भने ऊ अनन्त दण्डदेखि स्वतन्त्र पारिन सक्छ।

**ख्रीष्ट परमेश्वरका थुमा हुनुहुनेथ्यो भनेर भविष्यवाणीहरूले बताएका थिए।**

ख्रीष्ट पापीको लागि परमेश्वरको बलिदान बन्नुहुनेछ भनेर पुरानो कराररले भविष्यवाणी गरेको थियो। उहाँ पापीहरूको निम्ति प्रतिस्थापी हुनुहुनेछ। यो धेरै तरिकाहरूमा भविष्यवाणी गरिएको थियो। यी भविष्यवाणीहरूमध्ये एकचाहिँ प्रस्थान १२ मा वर्णन गरिएको निस्तारको पाठो हो। जब परमेश्वरले इस्राएलीहरूलाई मिश्रको दासत्वबाट निकाल्नुभयो, अनि मिश्रका राजा फाराओले उनीहरूलाई जान दिनलाई इन्कार गरे, तब परमेश्वरले फाराओ र सम्पूर्ण मिश्रीहरूको पहिलो जन्मेको छोरालाई मार्नुभयो। परमेश्वरले भन्नुभयो कि उहाँ रातको समयमा त्यो भूमिलाई नाघेर जानुहुनेछ र उहाँको विरुद्धमा रहेको मिश्रको पापको न्यायस्वरुप पहिलो जन्मेकोलाई मार्नुहुनेछ। निस्तारको पाठोको कारण इस्राएलीहरू यो न्यायबाट बाचे। इस्राएलीहरूका परिवार-हरूलाई पाठो मार्न, त्यसको रगत बहाउन, तिनीहरूका घरहरूका ढोकाहरूमा रगत लगाउन निर्देशन दिइएको थियो। परमेश्वरले भन्नुभयो, "अनि जब म त्यो रगत देख्छु, तब म तिमीहरूलाई छोडेर जानेछु, र जब म मिश्र देशलाई हिर्काउँछु, तब त्यो विपत्ति तिमीहरूलाई नष्ट गर्न तिमीहरूमाथि आइपर्नेछैन" (प्रस्थान १२:१३)।

त्यस रात अर्थात आजभन्दा लगभग ३,५०० वर्ष अघि यो घटना हुनगयो। मिश्रका सबै पहिलो जन्मेकाहरू मरे, तर इस्राएलीहरूको एउटा पनि प्राण मरेन, किनकि उनीहरू निस्तारको पाठोको रगतद्वारा रक्षा गरिएका थिए।

निस्तार पनि येशूको आगमनको एक भविष्यवाणी थियो। उहाँ परमेश्वरका थुमा हुनुहुन्छ। उहाँ मानिसको मुक्तिको निम्ति मर्नुभयो र आफ्नै रगत बहाउनुभयो। त्यसकारण जसरी इस्राएलीहरू मिश्रीहरूसँगै न्यायमा पारिएनन् त्यसरी नै येशूलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रुपमा विश्वास गर्ने हरेक पापी बाँकी संसारसँगै न्यायमा पर्नेछैन। त्यो भेडाको पाठो उनीहरूको मुक्ति थियो। जब येशू आउनुभयो, उहाँका अग्रदूत बप्तिस्मा दिने यूहन्नाले यसो भने, "हेर, परमेश्वरका थुमालाई, जसले संसारको पाप उठाई लैजानुहुन्छ" (यूहन्ना १:२९)।

## ख्रीष्ट एक धनी मानिसको चिहानमा गाडिनुहुनेथ्यो भनेर भविष्यवाणीहरूले बताएका थिए।

> "अनि उसको चिहान दुष्टहरूको साथमा ठहरियो, तर उसको मृत्युमा ऊ धनवानको साथमा थियो..." (यशैया ५३:९)

यो यशैयाबाटको अर्को भविष्यवाणी हो। जब येशू मर्नुभयो र उहाँका चेलाहरूद्वारा क्रूसबाट ओरालिनुभयो, र उहाँको शरीर अरिमथियाका यूसुफ नामक एक धनी चेलाको चिहानमा राखियो त्यसबेला यो भविष्यवाणी पूरा भयो। हामी यसको विषयमा यूहन्नाको सुसमाचार १९:३८-४२ मा पढ्न पाउँछौं।

> "अनि त्यसपछि अरिमथियाका यूसुफले, जो येशूका चेला थिए, तर जो यहूदीहरूको डरले गर्दा गुप्त थिए, येशूको शरीर लैजान पाऊँ भनी पिलातसलाई विन्ती गरे; अनि पिलातसले अनुमति दिए। यसकारण तिनले आएर येशूको शरीर लगे। अनि निकोदेमस पनि, जो पहिले येशूकहाँ राती आएका थिए, पचास सेरजति मिसाएर बनाएको गन्धरस र अगरु लिई आए। तब तिनीहरूले येशूको शरीर लगे र यहूदीहरूको लाश गाड्ने रीतिअनुसार यसलाई सुगन्धित मसलाहरूसित सुती कपड़ाहरूमा लपेटे। अनि उहाँ क्रूसमा टँगाइनुभएको ठाउँमा एउटा बगैंचा थियो; अनि त्यस बगैंचामा एउटा नयाँ चिहान थियो, जसमा कहिल्यै कुनै मानिस राखिएको थिएन। यसकारण

यहूदीहरूको तयारीको दिनको कारणले गर्दा तिनीहरूले येशूलाई त्यहीं राखे, किनकि त्यो चिहान नजिकै थियो।"

**ख्रीष्ट मरेकोबाट बौरेर उठ्नुहुनेथ्यो भनेर भविष्यवाणीहरूले बताएका थिए।**

"किनभने तपाईंले मेरो प्राणलाई अधोलोकमा छोड्नुहुनेछैन; न ता तपाईंले आफ्नो पवित्र जनलाई सड्न दिनुहुनेछ" (भजनसंग्रह १६:१०)।

यो भविष्यवाणी भविष्यवक्ता दाऊदद्वारा दिइएको थियो। येशूले यो भविष्यवाणी उहाँ मरेर चिहानमा रहेको तीन दिनपछि बौरेर उठ्नुभएपछि पूरा गर्नुभयो। सयौं प्रत्यक्षदर्शीहरूले उहाँलाई देखे। ४० दिनपछि, येशू स्वर्गमा फर्केर जानुभयो जहाँबाट उहाँ आउनुभएको थियो।

**ख्रीष्ट परमेश्वरको राज्य स्थापना गर्नको लागि दोस्रो पटक यस पृथ्वीमा आउनुहुनेछ भनेर भविष्यवाणीहरूले बताएका थिए।**

"किनभने हाम्रा निम्ति एउटा बालक जन्मिएको छ, हामीलाई एउटा पुत्र दिइएको छ; अनि शासन उहाँको काँधमाथि हुनेछ; अनि उहाँको नाम अद्भूत, सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तकालका पिता, शान्तिका राजकुमार कहलिनेछ। दाऊदको सिंहासनमाथि र उनको राज्यमाथि, त्यसलाई स्थापित गर्नलाई, अनि न्याय र धार्मिकताद्वारा त्यसलाई समाल्नलाई अबदेखि उसो अनन्त-अनन्तसम्म उहाँको शासनको बढ्तीको र शान्तिको अन्त हुनेछैन। सेनाहरूका परमप्रभुको जोशले यो गर्नेछ।"(यशैया ९:६-७)

ख्रीष्टको विषयमा रहेको यो भविष्यवाणी भविष्यमा पूरा हुनेछ। उहाँ यस पृथ्वीमा परमेश्वरको राज्य स्थापना गर्नको लागि फेरि दोस्रो पटक आउनुहुनेछ। उहाँ फेरि आउनुहुनेछ भनेर ख्रीष्ट आफैले प्रतिज्ञा गर्नुभयो। दाऊद इस्राएलका राजा थिए। उनको जीवन र राज्यको वर्णन बाइबलमा १ र २ शमूएलका पुस्तकहरूमा गरिएका छन्। ख्रीष्ट उनको परिवारमा जन्मनुहुनेछ र दाऊदको राज्य पुन-स्थापित गर्नुहुनेछ भनेर परमेश्वरले दाऊदलाई प्रतिज्ञा गर्नुभयो।

यसैले सुसमाचारले "पवित्र-शास्त्रहरूमुताबिक ख्रीष्ट हाम्रा पापहरूको निम्ति मर्नुभयो" भनेर भन्दाखेरि यसले यी नै भविष्यवाणीहरूलाई जनाइरहेको हो। यो भविष्यवाणी ख्रीष्टको जन्म हुनुभन्दा अघि नै दिइएका थिए। ख्रीष्टको विषयमा अरू भविष्यवाणीहरू पनि थिए। येशू मात्र इतिहासमा त्यस्तो व्यक्ति हुनुहुन्छ जसले ती भविष्यवाणीहरू पूरा गर्नुभयो।

अरू कुनै पनि मानिसको जीवन ऊ जन्मनुभन्दा पहिल्यै नै एउटा पुस्तकमा लेखिएको थिएन। बाइबल परमेश्वरको वचन हो भनेर बाइबलका भविष्यवाणीहरूले प्रमाणित गर्दछन्, कारण परमेश्वरलाई मात्र भविष्य थाह छ।

बाइबल येशू जन्मनुभन्दा अघि नै अस्तित्वमा थियो भनेर हामी पक्का गरी जान्दछौं। हामीसँग भविष्यवक्ताका पुस्तकहरूका प्रतिलिपीहरू छन्; अनि ती प्रतिलिपीहरू येशू जन्मनुभन्दा १५० देखि २०० वर्ष अघिका हुन्। यिनीहरू मृत सागरका चर्मपत्रहरू (Dead Sea Scrolls) हुन्। यी चर्मपत्रहरू इस्राएलको दक्षिणमा रहेको मृतसागरको नजिकैका गुफाहरूमा सुक्खा मरुभूमिको मौसममा संरक्षण गरिएका थिए। तिनीहरू छालाका मुठ्ठाहरूमा लेखिएका पुस्तकहरू थिए। यी चर्मपत्रका मुठ्ठाहरूमध्ये एउटाचाहिँ यशैयाको सम्पूर्ण भविष्यवाणीको पुस्तक हो। यही भविष्यवाणीको पुस्तकबाट हामीले यो अध्ययनमा उद्धृत गरेका छौं। त्यसलाई "यशैयाको ठूलो चर्मपत्र" (the Great Isaiah Scroll) भनिन्छ। यो ठूलो खजाना यरूशलेममा रहेको 'इस्राएल सङ्ग्रहालयमा राखिएको छ।

पवित्र-शास्त्रका 'ख्रीष्ट' को हुनुहुन्छ भनेर अब हामीलाई केही कुरा थाह भयो।

सुसमाचारलाई विश्वास गर्न मैले येशू नै पुरानो करारका भविष्यवाणीहरूमा प्रतिज्ञा गरिनुभएको ख्रीष्ट हुनुहुन्छ भनेर विश्वास गर्नु आवश्यक छ।

सुसमाचारमा विश्वास गर्नुको माने मैले सबै झूटा ख्रीष्टहरूलाई इन्कार गर्नैपर्छ भन्ने पनि हुन्छ। झूटा ख्रीष्टहरू संसारमा आउनेछन् र मानिसहरूलाई धोकामा

पार्नेछन् भनेर ख्रीष्टले चेतावनी दिनुभयो। "होसियार बस, कसैले तिमीहरूलाई धोकामा नपारोस्! किनकि धेरैजना 'म ख्रीष्ट हुँ' भन्दै मेरो नाममा आउनेछन्, र धेरैलाई धोका दिनेछन्"(मत्ती २४:४-५)। झूटो ख्रीष्ट के हो भनेर जान्ने तरिकाचाहिँ उसको सिकाउने शिक्षा जाँच्नु र त्यसलाई बाइबलसँग तुलना गर्नु हो। साँचो ख्रीष्टको वर्णन बाइबलमा पाइन्छ। उहाँ परमेश्वरका अनन्त पुत्र, कन्याबाट जन्मनुभएको, पापरहित हुनुहुन्छ। मानिसको पापको ऋण चुक्ता गर्नको लागि उहाँ मर्नुभयो र आफ्नै रगत बहाउनुभयो। उहाँ शरीरमा मरेकोबाट बौरेर उठ्नुभयो। उहाँ फर्केर स्वर्ग जानुभयो जहाँबाट उहाँ आफू पृथ्वीमा फर्कन पर्खिरहनुभएको छ। एउटा झूटो ख्रीष्टचाहिँ द अक्वेरियन गस्पल अफ जीजस द क्राइस्ट (The Aquarian Gospel of Jesus the Christ) मा वर्णन गरिएको ख्रीष्ट हो। म ख्रीष्टियान हुनुभन्दा अघि मैले यो पुस्तक पढेको थिए। यस पुस्तकले भन्दछ कि ख्रीष्ट कलिलो छँदा उहाँ मिश्र र भारत जानुभयो र त्यहाँ उहाँले गुरुहरूबाट बुद्धि सिक्नुभयो। यो झूटो ख्रीष्ट हो। साँचो ख्रीष्ट परमेश्वरका अनन्त पुत्र हुनुहुन्छ। उहाँले यस संसारमा कुनै शिक्षकबाट बुद्धि सिक्नुभएन। अर्को झूटो ख्रीष्टचाहिँ इस्लामका येशू हुन्। इस्लामको पवित्र पुस्तक कुरानले येशू(इसा)को विषयमा कुरा गर्दछ, तर यो येशू बाइबलका येशू होइनन्। कुरानका येशू परमेश्वरका पुत्र होइनन्। यो येशू मानिसका पापहरूको निम्ति क्रूसमा मरिदिएनन्।

## "ख्रीष्ट" सम्बन्धी पुनरावलोकन प्रश्नहरू

विद्यार्थीले अर्को पाठभन्दा अघि नै यी प्रश्नहरूको जवाफ दिइसक्नुपर्छ।

१. येशू ख्रीष्टको सुसमाचार के हो ?

२. बाइबल करिब _____ जना भविष्यवक्ताहरूद्वारा करिब ______वर्षको अवधिमा लेखिएको थियो।

३. कुन भविष्यवक्ताले बाइबलका प्रथम पाँच पुस्तकहरू लेखे ?

४. बाइबलका दुई मुख्य विभाजनहरू के-के हुन् ?

५. बाइबलमा कतिवटा पुस्तकहरू छन् ?

६. नयाँ करारका प्रथम चार पुस्तकहरू के-के हुन् ?

७. यी पुस्तकहरूको विषय के हो ?

८. कुन व्यक्ति इस्राएलका पिता हुन् ?

९. उक्त व्यक्तिको छोरा र नातिको नाम के-के हुन् जसले परमेश्वरको प्रतिज्ञाहरू प्राप्त गरे ?

१०. "ख्रीष्ट" शीर्षकको माने के हो ?

११. त्यही अर्थ लाग्ने हिब्रु शब्द कुन हो?

१२. "ख्रीष्ट"ले संसारको __________ हुनलाई आउनुहुने परमेश्रका चुनिएका मानिसको आगमनको विषयमा रहेका पुरानो करारका भविष्यवाणीहरूलाई जनाउँछ।

१३. मानिसको पतन के हो ?

१४. ख्रीष्ट कुन उद्देश्यले यस संसारमा आउनुभयो ?

१५. बाइबलको भविष्यवाणीमुताबिक ख्रीष्ट कहाँ जन्मनुहुनेथ्यो ?

१६. ख्रीष्ट कन्याबाट जन्मनुहुनेथ्यो भनेर कुन भविष्यवक्ताले भने ?

१७. कन्याबाटको जन्मको विषयमा रहेको यो भविष्यवाणी येशूको जन्मभन्दा कति वर्ष अघि दिएको थियो ?

१८. "इम्मानुएल" नामको अर्थ के हो ?

१९. मरियमकहाँ येशूको जन्मको घोषणा गर्न आउने स्वर्गदूतको नाम के हो ?

२०. येशूले कति प्रकारका बिमारीहरू निको पार्नुभयो ?

२१. कुन महान् भविष्यवाणीले येशूको क्रूसिकरणको वर्णन गर्दछ ?

२२. क्रूसिकरण के हो ?

२३. येशूको जन्मभन्दा कति वर्षअघि यो भविष्यवाणी लेखिएको थियो ?

२४. येशूलाई क्रूसमा चढाउने मानिहरूलाई किन "कुकुरहरू" भनियो ?

२५. येशू ख्रीष्टले क्रूसमा कष्ट भोगिरहनुभएको बेलामा सिपाहीहरूले के गरे ?

२६. येशू ख्रीष्टले क्रूसमा कष्ट भोगिरहनुभएको बेलामा मानिसहरूले के गरे ?

२७. सिपाहीहरूले किन येशूका हड्डीहरू भाँचेनन् ?

२८. जब येशू क्रूसमा मर्नुभयो तब उहाँले पापीहरूको निम्ति के गरिदिनुभयो ?

२९. किन पापी परमेश्वरप्रति ऋणी छ ?

३०. कसरी पापीले आफ्नो निम्ति यो ऋण चुक्ता गर्न सक्छ ?
३१. त्यो ऋण कसरी चुक्ता हुँदछ ?
३२. निस्तार के थियो ?
३३. "ख्रीष्ट परमेश्वरका थुमा हुनुहुन्छ"को माने के हुन्छ ?
३४. येशूको गडाइको लागि आफ्नै चिहान दिने धनी मानिस को थिए ?
३५. दाऊद को थिए र परमेश्वरले उनलाई के प्रतिज्ञा दिनुभयो ?
३६. मृतसागरका गुफाहरूमा के भेट्टाइयो जसले येशू जन्मनुभन्दा अघि नै बाइबलका भविष्यवाणीहरू लेखिइसकेका थिए भनेर प्रमाणित गर्दछ?
३७. _________ _________ संसारमा आउनेछन् भनेर ख्रीष्टले चेतावनी दिनुभयो।

## पाप के हो?

सुसमाचारले बताउँछ, "ख्रीष्ट हाम्रा पापहरूका निम्ति मर्नुभयो।"

यसकारण, बचाइनको निम्ति पाप के हो भनेर मैले बुझ्नुपर्छ र म एक पापी हुँ भनेर मैले मानिलिनुपर्छ।

परमेश्वरको व्यवस्था भङ्ग गर्नु नै पाप हो। "हरेक जसले पाप गर्दछ, त्यसले व्यवस्था पनि भङ्ग गर्दछ; किनकि व्यवस्था भङ्ग गर्नु नै पाप हो" (१ यूहन्ना ३:४)।

बाइबलले बताउँछ कि सबै मानिसहरू पापी छन्। "किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमारहित हुन गएका छन्"(रोमी ३:२३)।

जब बाइबलले 'सबैले पाप गरेका छन्, र परमेश्वरको महिमारहित हुन गएका छन्' भनेर भन्दछ, यसको मतलब के हो? यसको मतलब यही हो कि सबै मानिसहरूले परमेश्वरका पवित्र व्यवस्थाहरू तोडेका छन्। यसको मतलब यही हो कि कुनै पनि मानिस परमेश्वरको धर्मी मापदण्डहरूसम्म आइपुग्दैन,

'परमेश्वरको महिमारहित हुनु'को अर्थ यही नै हो। योचाहिँ एक मिटरको नाप्ने लठ्ठी जस्तै हो। त्यो नाप्ने लठ्ठीले चाहिँ मानिसको निम्ति परमेश्वरको सिद्ध धर्मी मापदण्डलाई जनाउँछ। यसले मानिसबाट परमेश्वरले माग गर्नुहुने धार्मिकतालाई जनाउँछ। तर पापको कारणले कुनै पनि पुरुष वा स्त्री त्यस मापदण्डमा खडा हुन सक्दैन। कुनै पनि मानिस त्यति धर्मी छैन। भन्नुपर्दा, हामी त त्यो मापदण्डसम्म अलिकति पनि आइपुग्दैनौं।

बाइबलले मानिसको पापलाई यसरी वर्णन गर्दछ:

> "जस्तो लेखिएको छ: 'धर्मी कोही छैन, एउटै पनि छैन; बुझ्ने कोही छैन, परमेश्वरलाई खोज्ने कोही छैन। तिनीहरू सबै बाटोदेखि भड्किएका छन्, तिनीहरू एकैसाथ बेकम्मा भएका छन्; असल गर्ने कोही छैन, एउटै पनि छैन।' 'तिनीहरूका घोक्रो खुल्ला चिहान हो, तिनीहरूले आफ्ना जिब्राले छल गरेका छन्'; 'तिनीहरूका ओठमुनि काला साँपहरूको विष छ।' 'जसको मुख श्राप र तीता कुराले भरिएको छ।' 'रगत बगाउनलाई तिनीहरूका खुट्टाहरू फुर्तिला छन्; तिनीहरूको बाटोमा विनाश र विपत्ति छन्; अनि शान्तिको बाटो तिनीहरूले जानेका छैनन्।' 'तिनीहरूका आँखाहरूको सामु परमेश्वरको डर छैन'" (रोमी ३:१०-१८)।

जन्मदेखि नै मानिसको प्राकृतिक अवस्था यहि हो। परमेश्वरको दृष्टिमा कुनै पनि मानिस धर्मी वा असल छैन। सबै नै परमेश्वरदेखि अर्कोतिर गएका छन्।

यसमा ध्यान दिनुहोस्, मानिस पापी छ भनेर प्रमाणित गर्नको लागि बाइबल विशेषगरि उसको बोलीमा केन्द्रित हुन्छ। सारा पृथ्वीभरि, हरेक भाषामा, मानिसको बोलीचाली खराब बोलीले, घृणापूर्ण बोलीले, छलले, श्रापले, र तीतोपनाले भरिएको छ। परमेश्वरले मानिसलाई जिब्रो, मुख, गला, दिमागजस्ता अद्भूत उपकरणहरू दिएर मानिसलाई बोल्ने क्षमता दिनुभएको छ, जुन उपकरणहरू अरू कुनै पनि प्राणीसँग छैन, तर मानिसले यस्तो अद्भूत उपहारलाई दुष्टताका निम्ति प्रयोग गरेका छन्। परमेश्वरलाई धन्य भन्नुको सट्टा मानिसहरूले सराप्छन् र ईश्वरनिन्दा बोल्छन्। आफ्ना सङ्गी मानिसहरू- प्रति प्रेमको भावले र सत्य बोल्नुको सट्टा रिसपूर्ण कुरा,

निन्दाचर्चा, गिल्ला, डाहा, र तीतोपना बोल्छन्। हरेक दुष्ट वचन, हरेक झूट, हरेक श्रापको वचन, हरेक तीतो वचन सृष्टिकर्ताको विरोधमा गरिएको ठूलो पाप हो।

हामी देख्दछौं कि मानिसको पापले नै पृथ्वीबाट शान्ति हटाइलगेको छ। "शान्तिको बाटो तिनीहरूले जानेका छैनन्।" हाम्रो समयमा शान्ति अभियानहरू छन् यद्यपि मानिसले आफ्नै छिमेकी, साथीहरू, र प्रियहरूसँग समेत शान्ति कायम राख्न सक्दैन। ऊ स्वभावैले पापपूर्ण र स्वार्थी भएकोले यस्तो भएको हो। ऊ कति शिक्षित छ वा ऊ कति धनी छ भन्ने कुराले फरक पार्दैन, ऊ एक पापी हो र पापीहरूसँग शान्ति हुँदैन।

हामी यहाँ देख्न सक्छौं कि पाप भनेको परमेश्वरको डरको कमी हो। "तिनीहरूका आँखाहरूको सामु परमेश्वरको डर छैन।" यसको मतलब मानिसले परमेश्वरलाई सृष्टिकर्ताको रुपमा श्रद्धा दिँदैनन्। उनीहरू परमेश्वरलाई पालन गर्दैनन्। उनीहरू परमेश्वरलाई उनीहरूको जीवनका परमेश्वरको रुपमा आदर गर्दैनन् र उहाँका व्यवस्थाहरूमुताबिक जिउँदैनन्।

**मानिस कसरी यस्तो भयानक अवस्थामा पुग्यो त?** बाइबलले हामीलाई बताएको छ कि मानिसको पाप अदनको बगैंचामा शुरू भयो, जुन उत्पत्ति १-३ मा वर्णन गरिएको छ। परमेश्वरले संसार बनाउनुभयो अनि त्यसमा रहन र त्यसलाई शासन गर्न प्रथम पुरूष र स्त्री रच्नुभयो। तिनीहरूको नाम आदम र हव्वा थियो। जब परमेश्वरले मानिसलाई बनाउनुभयो, त्यस घडी मानिस धर्मी थिए र कुनै पाप थिएन। आदम र हव्वाले परमेश्वरलाई अवेज्ञा गरेपछि मात्र मानिस पापी बने। परमेश्वरले आदमलाई बनाएर उसलाई एक सुन्दर बगैंचामा राख्नुभयो अनि उनलाई असल र खराबको ज्ञानको रूखबाट नखानु भन्ने आज्ञा गर्नुभयो। योचाहिँ बगैंचामै भएका रूखहरूमध्ये एक थियो। आदमले यो आज्ञा अवेज्ञा गरेमा र त्यो रूखबाट खाएमा ऊ मर्नेछ भनेर परमेश्वरले आदमलाई भन्नुभयो। ठ्याक्कै यही नै भयो। शैतानले, एक सुन्दर सर्पको रुपमा हव्वालाई परिक्षामा पाऱ्यो अनि उनले र आदमले त्यो रूखको

फलबाट खाए। त्यस दिन उनीहरू आत्मिक रूपमा मरे, यसको मतलब उनीहरू उनीहरूको आत्मामा परमेश्वरदेखि अलग भए, र पछि गएर उनीहरू शारीरिक रुपमा पनि मरे। अनि उनीहरूका सबै सन्तानहरू मरेका छन्। बाइबलको यो घटना यस प्रकार छः

> अनि परमप्रभु परमेश्वरले मानिसलाई लिनुभयो र तिनलाई अदनको बगैंचामा त्यसलाई खनजोत गर्न र त्यसको देखरेख गर्नका निम्ति राख्नुभयो। अनि परमप्रभु परमेश्वरले मानिसलाई यसो भन्दै आज्ञा गर्नुभयो: "बगैंचाको हरेक रूखबाट तिमीले स्वतन्त्रतापूर्वक खान सक्छौ; तर असल र खराबको ज्ञानको रूखबाट तिमीले नखानू! किनकि जुन दिन तिमीले त्यसबाट खान्छौ, त्यही दिन तिमी निश्चय मर्नेछौ" (उत्पत्ति २:१५-१७)।
>
> "साँपचाहिँ परमप्रभु परमेश्वरले बनाउनुभएको वनको हरेक पशुभन्दा बढ़ी धूर्त थियो। अनि त्यसले स्त्रीलाई भन्यो: "तिमीहरूले बगैंचाको कुनै पनि रूखबाट नखानू भनी के परमेश्वरले साँच्ची नै भन्नुभएको हो?" अनि स्त्रीले साँपलाई भनी: "बगैंचाका रूखहरूको फलबाट हामी खान सक्छौं; तर बगैंचाको बीचमा भएको रूखको फलबाट चाहिँ परमेश्वरले भन्नुभएको छ: 'यसबाट तिमीहरूले नखानू, न ता तिमीहरूले यसलाई छुनू; नत्र तिमीहरू मर्नेछौ।'" तब साँपले स्त्रीलाई भन्यो: "तिमीहरू निश्चय नै मर्नेछैनौ; किनकि जुन दिन तिमीहरू यसबाट खान्छौ, त्यही दिन तिमीहरूका आँखा खोलिनेछन्, र तिमीहरू परमेश्वरजस्तै असल र खराब जान्ने हुनेछौ भनी परमेश्वरले जान्नुहुन्छ।" अनि जब त्यो रूख भोजनका निम्ति असल, आँखाका निम्ति त्यो मनोहर र बुद्धिमान् बनाउनका निम्ति त्यो रूख चाहना गर्न लायकको रहेछ, सो त्यस स्त्रीले देखी, तब उसले त्यसको फलबाट टिपी, र खाई, अनि आफूसित भएका आफ्ना पतिलाई पनि दिई; अनि तिनले खाए। तब तिनीहरू दुवैका आँखा खुले, र हामी नाङ्गा रहेछौं भनी तिनीहरूले थाह पाए; अनि तिनीहरूले नेभाराका पातहरू जोड़ेर सिलाए र आफ्ना निम्ति ढाक्ने लुगा बनाए। अनि तिनीहरूले दिनको शीतल क्षणमा बगैंचामा हिँड़िरहनुभएको परमप्रभु परमेश्वरको आवाज सुने; तब आदम र तिनकी पत्नीले आफूलाई बगैंचाका रूखहरूको बीचमा परमप्रभु परमेश्वरको सामुबाट लुकाए। अनि परमप्रभु परमेश्वरले आदमलाई बोलाउनुभयो, र

तिनलाई भन्नुभयो: "तिमी कहाँ छौ?" अनि तिनले भने: "बगैंचामा मैले तपाईंको आवाज सुनें, र म डराएँ; किनकि म नाङ्गो छु; यसैले म लुकें।" अनि उहाँले भन्नुभयो: "तिमी नाङ्गा छौ भनी कसले तिमीलाई भन्यो? के तिमीले त्यस रूखबाट खायौ, जसबाट तिमीले खानुहुँदैन भनी मैले तिमीलाई आज्ञा गरेको थिएँ?" अनि आदमले भने: "जुन स्त्रीलाई तपाईंले मलाई मसँग रहनका निम्ति दिनुभएको थियो, उसैले मलाई त्यस रूखबाटको फल दिई, र मैले खाएँ।" अनि परमप्रभु परमेश्वरले स्त्रीलाई भन्नुभयो: "तिमीले गरेकी यो के हो?" अनि त्यस स्त्रीले भनी: "साँपले मलाई छल गऱ्यो, र मैले खाएँ।" अनि परमप्रभु परमेश्वरले साँपलाई भन्नुभयो: "तैंले यो काम गरेको हुनाले तँ सबै घरेलु पशुहरूभन्दा र वनका सबै पशुहरूभन्दा बढ़ी श्रापित भएको छस्; तँ आफ्नो पेटले घस्रेर हिँड्नेछस्, र तेरो सारा जीवनभरि तैंले धूलो खानेछस्; अनि तेरो र त्यस स्त्रीको बीचमा, अनि तेरो सन्तान र त्यसको सन्तानको बीचमा म दुश्मनी हाल्नेछु; उसले तेरो टाउको कुच्च्याउनेछ, र तैंले उसको कुर्कुच्चा डस्नेछस्।" त्यस स्त्रीलाई उहाँले भन्नुभयो: "म तिम्रो दुःख र तिम्रो गर्भकाल ज्यादै बढ़ाउनेछु; कष्टसँग तिमीले छोराछोरीहरू जन्माउनेछ्यौ; अनि तिम्रो चाहना तिम्रो पतितर्फ हुनेछ, र उसले तिमीमाथि शासन चलाउनेछ।" अनि आदमलाई उहाँले भन्नुभयो: "तिमीले तिम्री पत्नीको कुरा सुनेका हुनाले र जुन रूखबाट मैले तिमीलाई 'यसबाट तिमीले खानुहुँदैन' भनी आज्ञा गरेको थिएँ, त्यसबाट तिमीले खाएका हुनाले भूमि तिम्रो कारणले श्रापित भएको छ; कष्टसँग तिमीले आफ्नो सारा जीवनभरि यसबाटको फल खानेछौ। अनि यसले तिम्रा निम्ति काँड़ा र लोहोंड़ेहरू उमार्नेछ; अनि तिमीले खेतबारीको सागपात खानेछौ। तिमी माटोमा नफर्कुन्जेल - किनकि तिमी यसैबाट निकालिएका हौ - तिमीले आफ्नो निधारको पसिनाले रोटी खानेछौ; किनभने तिमी माटो हौ, र तिमी माटैमा फर्किजानेछौ।" अनि आदमले आफ्नी पत्नीको नाम हव्वा राखे; किनकि ऊ सबै जीवितहरूकी आमा थिई। अनि परमप्रभु परमेश्वरले आदम र तिनकी पत्नीका निम्ति छालाका वस्त्र बनाउनुभयो, र तिनीहरूलाई पहिऱ्याइदिनुभयो। अनि परमप्रभु परमेश्वरले भन्नुभयो: "हेर, मानिस हामीमध्ये एउटाझैं असल र खराब जान्ने भएको छ; अनि अब यसले कहीं आफ्नो हात बढ़ाउला र जीवनको रूखबाट पनि फल टिपेर खाला, अनि

> सदा-सर्वदा जीवित रहला" - यसकारण जुन भूमिबाट तिनी निकालिएका थिए, त्यसलाई खनजोत गर्न भनी परमप्रभु परमेश्वरले तिनलाई अदनको बगैंचाबाट बाहिर निकाल्नुभयो। अनि उहाँले आदमलाई धपाइदिनुभयो; अनि जीवनको रूखकहाँ जाने बाटोको रक्षा गर्नलाई उहाँले अदनको बगैंचाको पूर्वपट्टि करूबहरू र चारैतिर घुमिरहने एउटा ज्वालामय तरवार राख्नुभयो" (उत्पत्ति ३:१-२४)।

**उक्त सर्प दियाबलस वा शैतान हो।** ऊ पतित स्वर्गदूत हो। उसले परमेश्वरको विरोधमा विद्रोह गऱ्यो। हव्वालाई परिक्षा गर्ने उद्देश्यले उसले एक सुन्दर सर्पको रुप लियो। हव्वा उसको सुन्दरताद्वारा अन्धी पारिइन् र उसका झूटहरूद्वारा धोकामा पारिइन्। उनी त्यो रूखको फलको अनुभव गर्न चाहन्थिन्। सर्पले उनी परमेश्वरझैं हुनेछिन् भनेर प्रतिज्ञा गऱ्यो। उसले तिनलाई स्वतन्त्रताको प्रतिज्ञा गऱ्यो तर तिनी बन्धनमा पारिइन्। उसले तिनलाई जीवनको प्रतिज्ञा गऱ्यो तर तिनले मृत्यु पाइन्।

परमेश्वरले पुरुष र स्त्रीको न्याय गर्नुभयो र उनीहरूलाई बगैंचाबाट निकालिदिनुभयो। करूबहरू स्वर्गदूतरूपी प्राणीहरू हुन् जसले शैतानलाई उनको विद्रोहमा पछ्याएनन्।

परमेश्वरले आदम र हव्वालाई बगैंचाबाट बाहिर निकालिदिनुभन्दाअघि, **उहाँले तिनीहरूलाई छालाका वस्त्र पहिऱ्याइदिनुभयो।** यो नै पहिलो जीव बलि थियो। यो पहिऱ्याइएको कुरा नै पुरानो करारमा भएको मसीहको प्रथम चित्रण हो। यसबाटका केही पाठहरू यी हुन्।

प्रथम, वस्त्र चाहिएको थियो। आदम र हव्वाले उनीहरू आफैले बनाएका नेभाराका पातका लुगाहरूद्वारा आफ्नो नाङ्गोपना ढाक्न खोजे तर परमेश्वरले त्यसलाई स्वीकार्नुभएन। सबै मानिसहरू पापी छन्। उनीहरू सबैलाई परमेश्वरबाटको मुक्तिको खाँचो छ। हामीले आफैलाई बचाउन सक्नलाई हामीले गर्नसक्ने केही पनि छैन। परमेश्वरसँग हामीलाई ठीक सम्बन्धमा ल्याउनको लागि हाम्रा असल कामहरू र धर्महरूले केही पनि गर्न सक्दैनन्।

<u>दोस्रो, एउटा निर्दोष बलिको रगत बगाएर ती वस्त्रहरू बनाइएका थिए</u>। यसले परमेश्वरका थुमा ख्रीष्टलाई औंल्याउँछ (यूहन्ना १:२९)। पुरूष र स्त्री पहिच्याइन सकून् भन्ने उद्देश्यले निर्दोष जनावर मर्नैपर्थ्यो। यो ख्रीष्टको प्रायश्चितपूर्ण मृत्युको र विश्वासीलाई उहाँको धार्मिकता पहिऱ्याइएको कुराको चित्रण हो। २ कोरिन्थी ५:२१ हेर्नुहोस्, "किनकि उहाँमा हामी परमेश्वरका धार्मिकता बन्न पाऔं भनेर पापै नजान्नुहुनेलाई परमेश्वरले हाम्रा निम्ति पाप तुल्याउनुभयो।"

<u>तेस्रो, ती वस्त्रहरू सम्पूर्णरुपले परमेश्वरको रचना र बनावट थियो</u>, यो तथ्य देखाउन कि मुक्ति १००% परमेश्वरबाट हो। मुक्ति परमेश्वरले नै योजना गर्नुभयो र परमेश्वरले नै पूरा गर्नुभयो। हिब्रू १:३ सित तुलना गर्नुहोस्, जसले भन्छ कि ख्रीष्टले "आफैद्वारा हाम्रा पापहरू शुद्ध पार्नुभयो।" उहाँले हरेक कुरा हाम्रो निम्ति गर्नुभयो।

<u>चौथो, ती वस्त्रहरू नै पर्याप्त थिए</u>। ती वस्त्रहरूले उनीहरूलाई राम्ररी र पर्याप्त रुपमा ढाक्थ्यो। त्यसैले उनीहरू परमेश्वरको दृष्टिमा ग्रहणयोग्य थिए। यसले क्रूसमा भएको ख्रीष्टको बलिदानको कारणले कसरी एक पापी ख्रीष्टको धार्मिकताद्वारा परमेश्वरको सामु धर्मी ठहरिन्छ भन्ने कुरालाई जनाउँछ। परमेश्वरले जे प्रबन्ध गरिदिनुभयो त्यसमा आदम र हव्वाले थप्नसक्ने केही पनि थिएन।

<u>पाँचौ, खाँचोमा परेको पापीहरूका लागि ती वस्त्रहरू परमेश्वरको उपहार थियो</u>; ती सित्तैंमा प्रबन्ध गरिएका थिए। परमेश्वरबाटका ती वस्त्रहरू न ता आदम र हव्वा त्यसको लायक भएकोले पाएका थिए न ता उनीहरूले ती कमाएका नै थिए।

<u>छैठौं, ती वस्त्रहरू पश्चात्ताप र विश्वासद्वारा ग्रहण गरिएका थिए</u>। आदम र हव्वाले आफैलाई परमेश्वरको मुक्तिमा सुम्पे। परमेश्वरबाटका वस्त्रहरू ग्रहण गरेर आदम र हव्वाले आफैंले बनाएको नेभाराका पातका लुगाहरू पर्याप्त थिएनन् भनी मानिरहेका थिए। उनीहरू परमेश्वरको सामु नाङ्गा र पापपूर्ण

थिए भनी उनीहरूले माने। उनीहरूले आफ्ना कामहरू र आफ्ना धार्मिकतालाई इन्कार गरे।

आदम र हव्वाको पतनदेखि यता मानिसहरू पापपूर्ण हृदय लिएर जन्मेका हुन्छन्। कसैले पनि बालकलाई कसरी गलत कुरा गर्ने भनेर सिकाइरहनुपर्दैन। झूट, चोरी, बाबुआमाप्रति अनाज्ञाकारीता, स्वार्थ, लोभ, डाहा – यी सबै कुराहरू जन्मजात रुपमा नै सबै मानिसमा आउँदछ।

मानिस पापी हो र उसलाई मुक्तिको खाँचो छ भनेर देखाउनको लागि **परमेश्वरले सिनाई पर्वतमा इस्राएललाई आफ्ना पवित्र व्यवस्थाहरू दिनुभयो** र ती व्यवस्थाहरू प्रस्थानको पुस्तकमा उल्लेख गरिएका छन्। ती व्यवस्थाहरू दश आज्ञाहरूसित शुरू हुन्छ, जुन यस प्रकार छन्:

> १ - मेरो सामु तिम्रा अरू कुनै ईश्वरहरू हुनुहुँदैन। तिमीले आफ्ना निम्ति कुनै खोपेको मूर्ति नबाउनू, अथवा माथि आकाशमा भएको, तल पृथ्वीमा भएको वा पृथ्वीमनि पानीभित्र भएको कुनै थोकको प्रतिमूर्ति नबनाउनू:
>
> २- तिमीले तिनीहरूलाई दण्डवत् नगर्नू, र तिनीहरूको पूजा(सेवा) नगर्नू; किनकि म, परमप्रभु तिम्रा परमेश्वर जलन राख्ने ईश्वर हुँ; मलाई घृणा गर्नेहरूका सन्तानहरूलाई तिनीहरूका पुर्खाहरूको अधर्मका निम्ति म तेस्रो र चौथो पुस्तासम्म दण्ड दिन्छु; तर मलाई प्रेम गर्नेहरू र मेरा आज्ञाहरू पालन गर्नेहरूका हजारौं पुस्तासम्मलाई म करूणा देखाउँछु।
>
> ३- तिमीले परमप्रभु आफ्ना परमेश्वरको नाम व्यर्थैमा नलिनू; किनकि जसले उहाँको नाम व्यर्थमा लिन्छ, त्यसलाई परमप्रभुले निर्दोष ठहऱ्याउनुहुने छैन।
>
> ४- विश्राम दिन पवित्र मान्नलाई यसको सम्झना राख्नू! छ दिन तिमीले परिश्रम गर्नू, र आफ्ना सबै काम गर्नू; तर सातौं दिनचाहिँ परमप्रभु तिम्रा परमेश्वरको विश्राम दिन हो; यसमा तिमीले कुनै काम नगर्नू – न तिमीले, न तिम्रा छोराले, न तिम्री छोरीले, न तिम्रो कमाराले, न तिम्री कमारीले, न तिम्रा गाईबस्तुले, न तिम्रा मूलढोकाहरूभित्र बस्ने तिम्रो परदेशीले; किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोकहरू

बनाउनुभयो, र सातौं दिनमा विश्राम लिनुभयो; यसैकारण परमप्रभुले विश्राम दिनलाई आशिष दिनुभयो; र यसलाई पवित्र तुल्याउनुभयो।

५- आफ्ना बाबु र आफ्नी आमालाई आदर गर, र जुन देश परमप्रभु तिम्रा परमेश्वरले तिमीलाई दिनुहुन्छ, त्यस देशमा तिम्रो आयु लामो होस्।

६- तिमीले हत्या नगर्नू।

७- तिमीले व्यभिचार नगर्नू।

८- तिमीले चोरी नगर्नू।

९- तिमीले आफ्नो छिमेकीको विरोधमा झूटा गवाही नदिनू।

१०- तिमीले आफ्नो छिमेकीको घरको लालच नगर्नू, तिमीले आफ्नो छिमेकीकी स्वास्नीको लालच नगर्नू; न ता उसको कमारा, न उसकी कमारी, न उसको गोरू, न उसको गधा, न ता आफ्नो छिमेकीको कुनै थोकको लालच गर्नू। (प्रस्थान २०:१-१७)

कुनै पनि मानिसले यी पवित्र व्यवस्थाहरू पूर्णरूपमा पालन गर्न सक्दैन। कुनै पनि मानिसले परमेश्वरलाई आफ्नो जीवनमा प्रथम स्थानमा राखेको छैन। कुनै पनि मानिसले आफ्ना बाबु र आमालाई १००% आदर दिएको छैन। सबैले आफ्ना बाबुआमालाई अवेज्ञा गरेका छन्, आफ्ना बाबुआमालाई जवाफ फर्काएका छन्, आफ्ना बाबुआमालाई अनादर गरेका छन्। कुनै पनि मानिस व्यभिचारको पापदेखि अलग छैन। येशूले भन्नुभयो कि कुनै स्त्रीलाई पुरुषले खराब इच्छाले हेर्नु व्यभिचार हो (मत्ती ५:२८)। मानिसले परमेश्वरको उच्च र पवित्र नामलाई व्यर्थमा लिएका छन्, मतलब उनीहरूले उहाँको नाम श्राप दिँदा बोलिने शब्दको रुपमा लिएका छन् वा उहाँको नाम हल्का रुपमा लिएका छन्, जस्तै "हे भगवान्" वा "oh, my God"। कुनै पनि मानिस हत्याको पापदेखि अलग छैन; येशूले भन्नुभयो, यदि कोही आफ्नो सङ्गी मानिससँग बिनाकारण रिसाउँछ र उसलाई मूर्ख भन्छ भने त्योचाहिँ हृदयमा हत्या गर्नु हो (मत्ती ५:२१-२२)। परमेश्वरको सामु घृणा गर्नु र हत्या गर्नु उही पाप हो। कुनै पनि मानिस लोभको पापदेखि अलग छैन।

परमेश्वरले मानिसहरू धर्मी छैनन् र उनीहरू परमेश्वरको सामु दोषी छन् भनेर देखाउनलाई व्यवस्था दिनुभयो।

> "अब हामी जान्दछौं, व्यवस्थाले जे पनि भन्दछ, त्यसले व्यवस्थाको अधीनतामा बसेकाहरूलाई भन्दछ, कि हरेक मुख चुप रहोस् र सारा संसार परमेश्वरको सामु दोषी ठहरियोस्। यसकारण व्यवस्थाका कामहरूद्वारा कुनै पनि प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन; किनकि व्यवस्थाद्वारा पापलाई चिन्ने ज्ञान हुन्छ" (रोमी ३:१९-२०)।

**बाइबलले भन्दछ कि पापको जरा मानिसको हृदयमा छ।** मानिसको पापपूर्ण कार्यहरू उसको पापपूर्ण हृदयबाट नै आउँदछ।

> 'अनि उहाँले [येशूले] भन्नुभयो: "मानिसबाट जे बाहिर निस्कन्छ, त्यसैले मानिसलाई अशुद्ध पार्दछ। किनभने भित्रबाट नै अर्थात् मानिसहरूको हृदयबाट नै खराब विचार, परस्त्रीगमन, व्यभिचार, हत्या, चोरी, लोभ, दुष्टता, छल, कामुकता, कुदृष्टि, निन्दा, घमण्ड, मूर्खता निस्कन्छन्; यी सबै खराब कुराहरू भित्रबाट नै निस्कन्छन्, र मानिसलाई अशुद्ध पार्दछन्"'(मर्कूस ७:२०-२३)।

> "हृदय ता सबै कुराहरूभन्दा बढ़ी छली हुन्छ, र त्यो असाध्य दुष्ट हुन्छ; कसले त्यो जान्न सक्छ र?" (यर्मिया १७:९)

भविष्यवक्ता यर्मियाले भने कि मानिसको हृदय थोरै दुष्ट होइन, त्यो असाध्य दुष्ट छ; यो थोरै छली होइन, यो सबै कुराहरूभन्दा बढी छली छ। मानिसको अवस्थाको सवालमा परमेश्वरले यही नै भन्नुहुन्छ। मानिसहरू सामान्यतया आफूलाई असलै ठान्छन्। आफूहरू सिद्ध छैनन् भनेर उनीहरूलाई थाहा छ रपनि उनीहरू आफू असाध्य दुष्ट छु भनेर चाहिँ सोच्दैनन्। तर परमेश्वरले भन्नुहुने त त्यही नै हो कि मानिसहरू असाध्य दुष्ट छन्, अनि बचाइनको लागि मैले त्यो कुरा स्वीकार गर्नैपर्छ।

एउटा व्यक्तिले आफ्नो जीवनलाई बाहिरी रुपमा सफा गर्नसक्ने वा ज्यादै धार्मिक जीवन जिउनसक्ने वा गरिबहरूलाई दान दिनसक्ने वा छिमेकीहरू-

प्रति दयालु भइदिनसक्ने अथवा धेरै असल कुराहरू गर्नसक्ने हो भने पनि परमेश्वरको सामु ऊ अझैं पापी नै हुनेथियो किनकि उसको हृदय नै भ्रष्ट छ। परमेश्वरले मानिसको हृदयलाई हेर्नुहुन्छ (१ शमूएल १६:७)।

**परमेश्वरको व्यवस्थाको हरेक उल्लङ्घनले दण्डको माग गर्छ भनेर बाइबलले बताउँछ।** हरेक झूट, हरेक मूर्तिपूजा, बाबुआमाप्रतिको हरेक अनाज्ञाकारिता, हरेक चोरी, हरेक डाहा, हरेक लोभ, हरेक व्यभिचार, हरेक घृणापूर्ण विचारको लागि दण्ड छ।

**पापको दण्डचाहिँ आगोको झीलमा अनन्त मृत्यु हो।** बाइबलको अन्तिम पुस्तकमा यसको वर्णन गरिएको छ, जुन पुस्तकको नाम प्रकाश हो।

> "अनि मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि बस्नुहुनेलाई देखें, जसको सामुन्नेबाट पृथ्वी र आकाश भागे; अनि तिनीहरूका निम्ति कहीं ठाउँ पाइएन। अनि मैले मरेकाहरू, साना र ठूलाहरू दुवैलाई परमेश्वरको सामु उभिरहेका देखें; अनि पुस्तकहरू खोलिए; अनि अर्को एउटा पुस्तक खोलियो, जो जीवनको पुस्तक हो। अनि ती पुस्तकहरूमा लेखिएका कुराहरूबाट, तिनीहरूका कामहरूअनुसार मरेकाहरूको न्याय गरियो। अनि समुद्रले त्यसभित्र भएका मरेकाहरूलाई दिइहाल्यो; अनि मृत्यु र नरकले तिनीहरूभित्र भएका मरेकाहरूलाई दिइहाले; अनि तिनीहरूका कामहरू-अनुसार तिनीहरू हरेकको न्याय गरियो। अनि मृत्यु र नरक आगोको झीलभित्र फ्याँकिए। यो दोस्रो मृत्यु हो। अनि जसको नाम जीवनको पुस्तकमा लेखिएको पाइएन, त्यो आगोको झीलभित्र फ्याँकियो" (प्रकाश २०:११-१५)।

यसले अन्तिम न्यायको वर्णन गर्छ जुन बेला परमेश्वरले संसारमा जिएका हरेक पुरुष र स्त्रीको न्याय गर्नुहुनेछ। ती मानिसहरूको न्याय पुस्तकहरूबाट गरिनेछ जुन पुस्तकहरूमा परमेश्वरले हरेक व्यक्तिको जीवनको अभिलेख राख्नुहुन्छ। न्यायकर्ताचाहिँ परमेश्वर हुनुहुन्छ जसले सबै कुरा जान्नुहुन्छ। कुनै पनि कुरा लुकेको हुनेछैन। कुनै पनि मानिसले उसले के गरेको थियो भन्ने विषयमा झूट

बोल्न सक्नेछैन। त्यहाँ कुनै चलाख वकिलहरू हुनेछैनन्। त्यहाँ कुनै घुस चल्नेछैन। त्यहाँबाट कोही पनि उम्कन सक्नेछैन।

हरेक गुप्त विचार र हरेक गुप्त कार्यको न्याय गरिनेछ।

> "किनकि परमेश्वरले हरेक काम र हरेक गुप्त कुराको न्याय गर्नुहुनेछ, चाहे त्यो असल होस्, चाहे खराब" (उपदेशक १२:१४)।

मानिसको जीवनका धेरै कुराहरू छिपेका छन् भनी उनीहरू ठान्छन्। यस्तो सोचाइ उनीहरूको बाल्यकालबाट नै शुरू हुन्छ। बालकहरूले सोच्छन् कि उसले आफ्ना बाबुआमाबाट कुराहरू लुकाउन सक्छ, चोरहरू र व्यभिचारीहरू अँध्यारोमा काम गर्छन्; कारण अँध्यारोमा कसैले पनि देख्दैन भनी उनीहरू सोच्छन्। तर परमेश्वरले राती देख्ने प्राणीहरू बनाउनुभएको छ, मानिसहरूले पनि राती देख्नसक्ने यन्त्रहरू बनाएका छन् भने झन् कति बढ्तागरि परमेश्वर स्वयमले अन्धकारमा गरिएका कुराहरू देख्नुहुन्छ होला! मानिसहरू ठान्छन् कि उनीहरूका विचारहरू गोप्य छन्, तर कुनै पनि कुरा परमेश्वरदेखि गोप्य छैन।

हरेक व्यर्थ शब्दको न्याय गरिनेछ भनेर येशूले भन्नुभयो।

> "तर म तिमीहरूलाई भन्दछु, हरेक व्यर्थको कुरा, जो मानिसहरूले बोल्लान्, न्यायको दिनमा तिनीहरूले त्यसको लेखा दिनेछन्" (मत्ती १२:३६)।

मानिसहरू आफूले के बोलिरहेका छन् भन्ने विषयमा ज्यादै लापरवाह छन्। उनीहरू बोलेको-बोलेकै, बोलेको-बोलेकै, बोलेको-बोलेकै गर्छन्, हरेक दिन, उनीहरूको सारा जीवनभरि र उनीहरू के बोल्छन् त्यसले महत्त्व राख्छ भनेर उनीहरू सोच्दै सोच्दैनन्। तर परमेश्वले हरेक शब्दको न्याय गर्नुहुन्छ।

परमेश्वरका पवित्र व्यवस्थाहरू तोड्नेहरू सदासर्वदा दण्डित हुनलाई आगोको झीलमा फ्याँकिनेछन्। त्यस ठाउँबाट उम्कने कुनै उपाय छैन भनेर बाइबलले बताउँछ। त्यहाँ मुक्तिको कुनै सम्भावना छैन। त्यहाँ दोस्रो मौका हुनेछैन।

ख्रीष्टभन्दा बाहिर मानिस बचाइन असम्भव छ भनेर यो न्यायले देखाउँदछ। हरेक व्यक्तिले गन्ती गर्न नसक्नेगरि पाप गरेका छन्, दुवै सार्वजनिक र गोप्य पाप, दुवै काम र हृदयमा।

यो भयानक न्यायबाट बच्ने भनेको परमेश्वरको पुत्र येशूलाई आफ्नो मुक्तिदाताको रुपमा ग्रहण गरेर मात्र हो। जब म त्यो गर्छु, तब मेरो नाम जीवनको पुस्तकमा लेखिन्छ। जीवनको पुस्तकमा तिनीहरूको नाम छ जसलाई येशूले तिरिदिनुभएको मूल्यको कारणले अनन्त जीवनको उपहार दिइएको छ, (त्यो मूल्यको कारणले जुन येशूले तिरिदिनुभयो)। जीवनको पुस्तकमा मेरो नाम लेखिनुको माने यो हो कि परमेश्वरको सामु मेरा पापहरू सबै क्षमा भएका छन्; येशूद्वारा मलाई अनन्त जीवनको उपहार दिइएको छ; म परमेश्वरको सन्तानको रुपमा अप्नाइएको छु। यसको माने यही हो कि म आत्मिक रुपमा मृत्युबाट जीवनमा सरेको छु। "नयाँगरि जन्मनु"को माने यही हो।

बचाइनको लागि, परमेश्वरले मलाई जस्तो पापी हो भनेर भन्नुहुन्छ, म त्यस्तै पापी हुँ भनेर मैले आफूलाई देख्नुपर्छ। मैले आफूलाई त्यो पापीको रुपमा देख्नैपर्छ जो अनन्त दण्डको योग्य छ किनकि मैले परमेश्वरका पवित्र व्यवस्थाहरू तोडेको छु। मसँग कुनै बहाना छैन। म असल छैन भनेर मैले बुझ्नैपर्छ र मानिलिनैपर्छ। "धर्मी कोही छैन, एउटै पनि छैन ... असल गर्ने कोही पनि छैन, एउटै पनि छैन" (रोमी ३:१०-१२)। म धर्मी छैन र म असल छैन भनेर मैले मानिलिनैपर्छ। हाम्रा धार्मिकताहरूधरि परमेश्वरको सामु "मैला थाङ्नासरह" छन् भनेर परमेश्वर भन्नुहुन्छ। उहाँ ज्यादै पवित्र हुनुहुन्छ (यशैया ६४:६)।

म केही हदसम्म असल छु र मुक्तिको लागि मेरा असल कामहरू परमेश्वरको सामु ग्रहणयोग्य छन् भनेर म सोच्छु भने म बचाइन सक्दिनँ।

परमेश्वरले पापीहरूलाई मात्र बचाउनुहुन्छ।

'अनि येशूले जवाफ दिँदै तिनीहरूलाई भन्नुभयो:"निरोगीहरूलाई होइन, तर रोगीहरूलाई डाक्टरको खाँचो पर्दछ। म धर्मीहरूलाई होइन, तर पापीहरूलाई पश्चात्तापका निम्ति बोलाउन आएको हुँ"'(लूका ५:३१-३२)।

## "पाप" सम्बन्धी पुनरावलोकन प्रश्नहरू

विद्यार्थीले अर्को पाठभन्दा अघि नै यी प्रश्नहरूको जवाफ दिइसक्नुपर्छ ।

१. येशू ख्रीष्टको सुसमाचार के हो ?

२. "ख्रीष्ट" शीर्षकको अर्थ के हो ?

३. "ख्रीष्ट" शब्दको अर्थ जे हो त्यही अर्थ दिने हिब्रु शब्द कुन हो ?

४. कुन उद्देश्यले ख्रीष्ट संसारमा आउनुभयो ?

५. कुन महान् भविष्यवाणीले ख्रीष्टको क्रूसिकरणका विस्तृत विवरणहरूको वर्णन गर्दछ ?

६. जब ख्रीष्ट क्रूसमा मर्नुभयो तब उहाँले पापीहरूको निम्ति के गर्नुभयो ?

७. ख्रीष्ट 'परमेश्वरका थुमा हुनुहुन्छ' भन्नुको माने के हो ?

८. बाइबलअनुसार पापको परिभाषा के हो ?

९. "परमेश्वरको महिमारहित हुनु" कसरी नाप्ने लठ्ठी जस्तै हो ?

१०. बाइबलअनुसार कति जना धर्मी छन्? कति जना असल छन् ?

११. मानिसको बोलीलाई परमेश्वरले कसरी वर्णन गर्नुहुन्छ ?

१२. परमेश्वरको डर के हो ?

१३. कुन रूखबाट खान परमेश्वरले आदमलाई प्रतिबन्ध गर्नुभयो ?

१४. त्यो रूखबाट आदमले खाए भने के हुनेथ्यो भनेर भन्नुभयो ?

१५. सर्पले हव्वालाई के प्रतिज्ञा गऱ्यो ?

१६. परमेश्वरले आदम र हव्वाको लागि बनाइदिनुभएको वस्त्रले कुन छवटा तरिकाले मुक्तिको चित्रण गर्दछ ?

१७. परमेश्वरले किन दश आज्ञाहरू दिनुभयो ?

१८. तपाईंले व्यक्तिगत रुपमा यी आज्ञाहरूमध्ये कतिवटा तोड्नुभएको छ ?

१९. येशूले व्यभिचारको परिभाषा कसरी दिनुभयो ?
२०. येशूले हत्याको परिभाषा कसरी दिनुभयो ?
२१. येशूले सिकाउनुभएअनुसार मानिसको पापपूर्ण कार्यहरू कहाँबाट आउँछ?
२२. भविष्यवक्ता यर्मियाले मानिसको हृदयलाई कुन तरिकाले वर्णन गरे ?
२३. मानिसले आफ्ना बाहिरी कार्यहरूमा असल जीवन बिताए पनि ऊ अझैं परमेश्वरको सामु पापी छन्, किन ?
२४. पापको लागि परमेश्वरको अन्तिम दण्ड के हो ?
२५. बाइबलको कुन पुस्तकमा यो दण्डको वर्णन गरिएको छ ?
२६. परमेश्वरदेखि कतिवटा कुराहरू तपाईंले गोप्य राख्न सक्नुभएको छ ?
२७. तपाईंका व्यर्थका शब्दहरूको विषयमा येशूले के भन्नुभयो ?
२८. बचाइनको लागि म कस्तो पापी हुँ भनेर मैले मानिलिनुपर्छ ?
२९. येशूले भन्नुभयो, "__________लाई होइन, तर ___________लाई डाक्टरको खाँचो पर्दछ।"
३०. येशूले भन्नुभयो, "म __________ होइन, तर __________ पश्चात्तापका निम्ति बोलाउन आएको हुँ।"

## ख्रीष्ट मेरा पापहरूका निम्ति मर्नुभयो

सुसमाचारले बताउँछ कि "ख्रीष्ट मेरा पापहरूका निम्ति मर्नुभयो।"

खराब समाचार यो हो कि म परमेश्वरको क्रोधमुनि रहेको एक पापी हुँ। असल समाचार यो हो कि ख्रीष्ट मेरा पापहरूका निम्ति मर्नुभयो - मेरा सबै पापहरूका निम्ति।

हामीले देखिसक्यौं, सबै मानिसहरू पापी छन् र हरेक पापी अनन्त न्यायतिर बढिरहेको छ।

सुसमाचारको असल सन्देश चाहिँ यो हो कि परमेश्वरको प्रेम र अनुग्रहको कारणले त्यो भयानक न्याय ख्रीष्टमाथि पर्‍यो। जब ख्रीष्ट क्रूसमा मर्नुभयो र

परमेश्वरको थुमाको रूपमा आफ्नै रगत बहाउनुभयो तब मेरा सबै न्याय ख्रीष्टमाथि पऱ्यो।

उहाँ सारा संसारको पापको निम्ति मर्नुभयो।

**येशू पापीका प्रतिस्थापी हुनुहुन्छ।**

हामीले यो कुरा ख्रीष्टको विषयमा रहेका भविष्यवाणीहरूको अध्ययनमा हेऱ्यौं। फेरि यशैयाको यो महान् भविष्यवाणीलाई ध्यान दिनुहोस्:

> "तर ऊ ता हाम्रै अपराधहरूको निम्ति घायल भएको थियो; उसलाई हाम्रै अधर्महरूको निम्ति चोटैचोट परेको थियो; हाम्रै शान्तिका निम्ति ताडना उसमाथि पऱ्यो, र उसका कोर्राका चोटहरूद्वारा हामी निको भयौं। हामी सबैले भेडाहरूले झैं बाटो बिराएका छौं; हामी हरेक आ-आफ्नो बाटोतिर लागेका छौं; तर परमप्रभुले हामी सबैको अधर्म उसैमाथि राखिदिनुभएको छ" (यशैया ५३:५-६)।

यो भविष्यवाणीबाटका केही पाठहरूमा ध्यान दिनुहोस्:

यशैया ५३ मा, हामी मानिसको पाप देख्छौं। यहाँ पापका तीनवटा व्याख्याहरू छन्। पहिलो, "अपराध" हो। यसको मतलब 'व्यवस्था तोड्नु' हुन्छ। दोस्रो, "अधर्म" हो। यसले मेरो पापको हरेक भागलाई देखाउँछ, दुवै मेरो हृदयमा भएको पाप र मेरा कार्यहरूद्वारा गरिने पाप। तेस्रो, "आफ्नै बाटोतिर लाग्नु" हो। यो पापको आधारभूत पक्ष हो। परमेश्वरले मानिसलाई उहाँलाई पालन गर्न, उहाँको सेवा गर्न र उहाँलाई प्रेम गर्न बनाउनुभयो तर मानिस परमेश्वरको वास्ता नगरेर आफूलाई मनलाग्दो तरिकाले जीवन जिउन आफ्नो बाटो लागेको छ।

यशैया ५३ मा हामी क्रूसमा ख्रीष्टको भयानक मृत्यु देख्छौं। यसलाई तीनवटा वाक्यांशमा व्याख्या गरिएको छ। उहाँ 'घायल हुनुभएको' थियो। उहाँलाई

'चोटैचोट परेको' थियो। उहाँले 'कुटाइ खानुभएको' थियो ("कोर्राका चोटहरू")।

यशैया ५३ मा ख्रीष्टले कसरी पापीको स्थानमा दुःख भोग्नुभयो भनेर हामी देख्छौं। यो कुरा यहाँ एउटै भविष्यवाणीमा पाँच पटक दोहोऱ्याइएको छ। बाइबलले ख्रीष्टको मृत्यु अर्काको निम्ति (सट्टामा) थियो भनेर जोड दिन्छ। उहाँ आफ्नै निम्ति मर्नुभएको थिएन किनकि उहाँसँग पाप नै थिएन। उहाँ अरूहरूको निम्ति मर्नुभयो।



यशैया ५३ मा, हामी ख्रीष्ट सबै पापीहरूको निम्ति मर्नुभयो भनेर देख्छौं। हरेक पापीले यो भविष्यवाणीलाई आफ्नो बनाउन सक्छ किनकि यो भविष्यवाणीले "सबै" भनेर दुई पटक बताउँछ। हामी सबैले बाटो बिराएका छौं र ख्रीष्ट सबैको निम्ति मरिदिनुभयो। यसैले यदि मैले बाटो बिराएको छु भनी म मानिलिन्छु भने म भन्न सक्छु, ख्रीष्ट मेरै अपराधहरूका निम्ति घायल हुनुभयो; उहाँ मेरै अधर्महरूको निम्ति चोटैचोट पारिनुभयो; परमेश्वरसँग मेरो शान्ति सम्बन्ध होस् भनेर उहाँमाथि ताडना पऱ्यो; म निको पारिऊन् भनेर उहाँ कुटिनुभयो; मेरो अधर्म, मेरो सोचाइ र कार्यका सबै पापहरू उहाँमाथि राखिए।

## येशू मानिसको पापको निम्ति मर्नुभयो भनेर सिकाउने अरू बाइबलका पदहरूः

"किनकि हामी कमजोर हुँदाखेरि नै, ठीक समयमा ख्रीष्ट भक्तिहीनहरूका निम्ति मर्नुभयो" (रोमी ५:६)।

"किनकि उहाँमा हामी परमेश्वरका धार्मिकता बन्न पाऔं भनेर पापै नजान्नुहुनेलाई परमेश्वरले हाम्रा निम्ति पाप तुल्याउनुभयो"(२ को. ५:२१)

"उहाँले आफैलाई हाम्रा पापहरूका निम्ति दिहाल्नुभयो" (गला. १:४)।

"हाम्रा निम्ति श्राप बनेर ख्रीष्टले हामीलाई व्यवस्थाको श्रापबाट दाम तिरी छुटकारा दिनुभएको छ" (गला. ३:१३)।

"ख्रीष्टले पनि हामीलाई प्रेम गर्नुभयो, र भेटी र बलिदानको रूपमा आफैलाई हाम्रा निम्ति परमेश्वरकहाँ अर्पण गर्नुभयो" (एफे. ५:२)।

"हामीलाई सबै अधर्मबाट छुटकारा दिनलाई र असल-असल कामहरूमा जोशिलो भएको एउटा विशेष जातिलाई आफ्नै निम्ति शुद्ध पार्नलाई उहाँले आफैलाई हाम्रा निम्ति दिहाल्नुभयो" (तीत. २:१४)।

"... तर अब, यस युगको अन्तमा आफ्नै बलिदानद्वारा पाप हटाउनलाई उहाँ एकपल्ट देखा पर्नुभएको थियो" (हिब्रू ९:२६)।

"तर यी व्यक्ति ता पापहरूका निम्ति एउटै बलिदान सदाका निम्ति चढाएर परमेश्वरको दाहिने हाततर्फ बस्नुभयो" (हिब्रू १०:१२)।

"हामी पापहरूका निम्ति मरेर धार्मिकताका निम्ति बाँचौं भनेर उहाँ आफैले आफ्नो शरीरमा हाम्रा पापहरू क्रूसमाथि बोक्नुभयो; उहाँकै चोटहरूद्वारा तिमीहरू निको पारियौं" (१ पत्रु. २:२४)।

"किनकि हामीलाई परमेश्वरकहाँ पुऱ्याउनलाई ख्रीष्टले पनि - धर्मी जनले अधर्मीहरूका निम्ति-पापहरूका लागि एकपल्ट दुःख भोग्नुभयो र शरीरमा मारिनुभयो" (१ पत्रु. ३:१८)।

"प्रेम यसैमा छ - हामीले परमेश्वरलाई प्रेम गऱ्यौं भनेर होइन, तर उहाँले हामीलाई प्रेम गर्नुभयो र आफ्ना पुत्रलाई हाम्रा पापहरूका निम्ति प्रायश्चित हुनलाई पठाउनुभयो" (१ यूह. ४:१०)। ("प्रायश्चित" ले मानिसको पाप उठाइ लैजानका निम्ति ख्रीष्टले तिर्नुभएको मूल्यलाई जनाउँछ।)

**मुक्ति भनेको पापीहरूलाई परमेश्वरको सित्तैंको उपहार हो ।**

नयाँ करारबाटका निम्न पदहरूलाई ध्यान दिनुहोस्:

> "किनकि तिमीहरूले विश्वासद्वारा अनुग्रहले मुक्ति पाएका छौ; अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको दान हो; कामहरूबाट होइन, नत्र ता कसैले घमन्ड गर्नेछ। किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका कारिगरी हौं, जुन कामहरूमा हामीले हिँड्नुपर्छ भनेर परमेश्वरले अघिबाटै तिनलाई तयार पर्नुभएको छ" (एफेसी २:८-१०)।

बाइबल अनुसारको मुक्तिको विषयमा यो अद्भूत शिक्षा हो। अनुग्रहको मतलब हुन्छ कि मुक्ति सित्तैंको उपहार हो। यो मेरा कामहरूबाटको होइन।

बाइबलअनुसारको मुक्ति संसारको जुनै पनि धर्मभन्दा फरक छ। धर्महरू अनुसार मुक्ति मानिसका कामहरूबाटको हो। यदि मानिसले यो अथवा त्यो गर्छ भने, यदि ऊ असल हुन प्रयास गर्छ भने, यदि उसले असल कामहरू गर्छ भने, यदि उसले केही धार्मिक कामहरू गर्छ भने, यदि उसले धार्मिक सिद्धान्तहरू सिक्छ भने, उसले मुक्ति पाउँदछ। यो धर्मअनुसारको मुक्ति हो। यो यस्तो कुरा हो जुन मानिसले परमेश्वरको निम्ति गर्दछ। यो यस्तो कुरा हो जुन मानिसले परमेश्वरकहाँ जाने आफ्नै बाटो बनाउने प्रयास गर्छ।

तर बाइबलअनुसारको मुक्ति पूर्णरूपले फरक छ। यो कामहरूबिना अनुग्रहबाटको हो। यो परमेश्वरको उपहार हो। यो एक मानिसले परमेश्वरको निम्ति केही कुरा गरिदिएको होइन, यो परमेश्वरले मानिसको निम्ति सबै कुरा गरिदिनुभएको हो। उपहार यस्तो कुरा हो जुन कसैद्वारा किनिन्छ र मलाई सित्तैंमा दिइन्छ। यदि सित्तैंमा होइन भने त्यो उपहार नै होइन। अनन्त मुक्तिको महान् उपहारको निम्ति येशूले पूरा मूल्य तिरिदिनुभयो। पापीले त्यो उपहार "विश्वासद्वारा" ग्रहण गर्दछ। यसको मतलब परमेश्वरले मलाई जस्तो पापी हो भनेर भन्नुहुन्छ म त्यस्तै पापी हुँ भनेर विश्वास गर्नु हो, म परमेश्वरको दण्डको योग्य छु भनी विश्वास गर्नु हो, र मेरो दण्ड लिनको

निम्ति येशू मर्नुभयो भनी विश्वास गर्नु हो। यसको मतलब एकमात्र मुक्तिदाता येशू हुनुहुन्छ भनेर विश्वास गर्नु हो।

बाइबलअनुसारको मुक्ति धेरै चर्चहरूले सिकाउने सुसमाचारभन्दा फरक छ। उदाहरणको लागि, रोमन क्याथोलिक चर्च (Roman Catholic Church) र ग्रीक अर्थोडक्स (Greek Orthodox)ले सिकाउँछन् कि मुक्तिचाहिँ येशूमा विश्वास गरेर र **थप** बप्तिस्मा लिएर अनि असल कामहरू गरेर र चर्चका स्याक्रामेन्टहरू (रीतिविधिहरू) पालन गरेर पाइन्छ। यो झूटो सुसमाचार हो। अनुग्रह र **थप** कामहरूको सुसमाचारमा मुक्ति छैन। नयाँ करारमा रहेको रोमीको पुस्तकबाट लिएको यो पदलाई ध्यान दिनुहोस्:

> "तर अनुग्रहद्वारा हो भने यो कामहरूद्वारा हुँदै होइन, नत्र ता अनुग्रह अनुग्रह नै हुँदैन। तर योचाहिँ कामहरूद्वारा हो भने यो अनुग्रह नै होइन; नत्र ता काम काम नै होइन" (रोमी ११:६)।

सुसमाचारमा विश्वास गर्नुको मतलब यो हो कि मुक्तिको लागि म ख्रीष्टबाहेक अरू कुनैपनि कुरामा भरोसा राख्दिनँ। यदि अझैं पनि मैले कुनै न कुनै तरिकाले धर्ममा, वा मेरा असल कामहरूमा, वा बप्तिस्मामा, वा स्याक्रामेन्टहरूमा (रोमन क्याथोलिक चर्चका रीतिविधिहरू), वा पूजाहारीमा, वा मरियम र सन्त(saint)हरूमा, वा मण्डलीमा भरोसा परिरहेको छु भने मैले अनुग्रहको सुसमाचारमा विश्वास गरिरहेको छैन र मैले मुक्ति पाएको छैन। यदि मैले ९५% परमेश्वरको अनुग्रहमा र ५% कामहरूमा भरोसा गरिरहेको छु भने त्यो झूटो सुसमाचार हो। त्यो तरिकाले म बचाइन सक्दिनँ।

हामी एउटा मानिसको विषयमा विचार गरौं! एक दिन उसले उसको ढोकामा ढक्ढक्याउँदै गरेका केही ख्रीष्टियनहरूबाट सुसमाचार सुन्न पायो। उनीहरूले उसलाई 'तपाईं एक पापी हुनुहुन्छ र तपाईं परमेश्वरको दण्डमुनि हुनुहुन्छ अनि ख्रीष्ट तपाईंका पापहरूका निम्ति मरिदिनुभयो' भनी बताए। ख्रीष्टलाई आफ्नो मुक्तिदाताको रुपमा स्वीकार गर्न इच्छुक हुनुहुन्छ कि भनेर उनीहरूले उसलाई सोध्दा उसले भन्यो, "म इच्छुक छु"। त्यसपछि उनीहरूमध्ये एउटा

ख्रीष्टियनले उसलाई 'तपाईं आफूलाई एक असल व्यक्ति हो भनी विचार गर्नुहुन्छ कि' भनी सोधे, अनि उसले भन्यो, "म एक असल व्यक्ति हुँ, सिद्ध त होइन तर धेरै खराब पनि होइन।" त्यो ख्रीष्टियनले उसलाई 'तपाईं एक धार्मिक मानिस हुनुहुन्छ कि' भनी सोधे, अनि उसले जवाफमा भन्यो, "म एक धार्मिक मानिस हुँ"। त्यसपछि त्यो ख्रीष्टियनले उसलाई 'तपाईंका असल कामहरू र धर्मले तपाईंलाई बचाउँछ कि' भनी सोधे, अनि उसले भन्यो, "सक्छ"। अब ध्यान दिनुहोस् कि वास्तवमा त्यो व्यक्तिले सुसमाचारलाई विश्वास गरेन। ख्रीष्टलाई मुक्तिदाताको रुपमा ग्रहण गर्नको लागि बाइबलले मेरो विषयमा जस्तो भनेको छ म त्यस्तै एक ठूलो पापी हो भनेर मैले मानिलिनुपर्छ साथै मेरा कामहरू र मेरो धर्मले मलाई बचाउन सक्दैन भनेर पनि मैले मानिलिनुपर्छ।

हामी १८ औँ शताब्दिमा जिएका जोन र चार्ल्स वेस्लीको विषयमा सोच्दछौं, उनीहरू ख्रीष्टियमतको लागि यति जोशिला थिए कि अक्सफोर्ड विश्व-विद्यालयमा उनीहरूले "होली क्लब" ("holy club") नै शुरू गरे। उनीहरूको प्रार्थना, उपवास र बाइबल पठनको बानीमा उनीहरू जोशिला थिए। उनीहरू याङलिकन चर्चका (Anglican Church) पूजाहारीहरूको रुपमा नियुक्त गरिए अनि आदिवासीहरूलाई प्रचार गर्न बेलायतदेखि एट्लान्टिक महासागरपारि अमेरिकासम्मको एक खतरनाक समुद्री यात्राको जोखिम उठाए। तर वेस्लीका दाजुभाइहरू ख्रीष्टको सुसमाचारमा पाइने अनुग्रहमा भन्दा पनि आफ्ना असल कामहरूमा भरोसा गरिरहेका थिए। उनीहरूले ख्रीष्टको विषयमा जानेका त थिए, तर उनीहरूले उहाँलाई व्यक्तिगत रूपमा भने चिनेका थिएनन्। जब एक प्रचारकले जोन वेस्लीलाई उनीसँग बचाइने आशा छ कि भनेर सोधे, अनि जवाफमा उनले भने, "मसँग छ।" तर जब ती प्रचारकले उनीसँग भएको त्यो आशाको कारण सोधे, तब उनले भने, "किनकि मैले परमेश्वरको सेवा गर्नलाई आफ्ना सबै यत्नहरू प्रयोग गरेको छु।" उनी ख्रीष्टमा भन्दा आफ्ना कामहरूमा भरोसा परिरहेका थिए।

**"येशू मेरा पापहरूको निम्ति मर्नुभएको" सम्बन्धी पुनरावलोकन प्रश्नहरू**

विद्यार्थीले अर्को पाठभन्दा अघि नै यी प्रश्नहरूको जवाफ दिइसक्नुपर्छ ।

१. येशू ख्रीष्टको सुसमाचार के हो ?

२. आदमलाई कुन रूखको फल खान प्रतिबन्द थियो ?

३. परमेश्वरले किन दश आज्ञाहरू दिनुभयो ?

४. येशूले सिकाउनुभएअनुसार मानिसका पापपूर्ण कार्यहरू कहाँबाट आउँदछ ?

५. येशूले भन्नुभयो, "म ________हरूलाई होइन, तर ________हरूलाई पश्चात्तापका निम्ति बोलाउन आएको हुँ।"

६. बाइबलको खराब समाचार र असल समाचार के हो ?

७. येशू पापीका _________ हुनुहुन्छ।

८. "अपराध"को अर्थ के हो ?

९. "अधर्म"को अर्थ के हो ?

१०. 'आफ्नै बाटो लाग्नु'को अर्थ के हो ?

११. 'अनुग्रहबाटको मुक्ति'को अर्थ के हो ?

१२. कुनै पनि कुराको लागि मैले कही तिरें भने त्यो उपहार हुन छोड्छ ?

१३. सुसमाचारमा विश्वास गर्नुको मतलब यो हो कि म मुक्तिको लागि ख्रीष्टबाहेक अरू _______ __________मा भरोसा राख्दिनँ।

१४. यदि एउटा व्यक्तिले आफूलाई असलै छु भनेर सोच्छ भने के त्यो अवस्थामा उसले ख्रीष्टलाई ग्रहण गरेर मुक्ति पाउन सक्छ ?

१५. यदि एउटा व्यक्तिले मुक्तिको लागि आफ्नो धर्ममा १% भरोसा गरिरहेको छ भने के त्यो अवस्थामा उसले ख्रीष्टलाई ग्रहण गरेर मुक्ति पाउन सक्छ ?

# ख्रीष्ट गाडिनुभयो

सुसमाचारले बताउँछ कि, “पवित्र-शास्त्रहरूमुताबिक ख्रीष्ट हाम्रा पापहरूका निम्ति मर्नुभयो, र गाडिनुभयो...”

ख्रीष्टको गडाइले उहाँ साँच्चै मर्नुभएको थियो भनेर प्रमाणित गऱ्यो। कतिले दाबी गरेझैं उहाँ बेहोस मात्र भएको वा मरेकोजस्तो मात्र देखिनुभएको थिएन। हामीले हेरिसक्यौं। रोमी सिपाहीहरूले येशूका खुट्टाहरू नभाँच्नुको कारणचाहिँ उहाँ पहिल्यै मरिसक्नुभएकोले थियो (यूह १९:३१-३४)। मृत्युको विषयमा रोमी सिपाहीहरू पोख्त थिए। येशू मर्नुभयो भनेर उनीहरूलाई थाहा थियो।

ख्रीष्टको गडाइले भविष्यवाणी पूरा गऱ्यो। येशू एक धनी व्यक्तिको चिहानमा गाडिनुहुनेथ्यो भनेर बाइबलले भविष्यवाणी गरेको थियो, जुन हामीले यशैया ५३:९ मा रहेको भविष्यवाणीमा हेऱ्यौं। येशू जन्मनुभन्दा ७१० वर्ष अघि लेखिएको यो भविष्यवाणी त्यतिबेला पूरा भयो जब यूसुफ नाम गरेका एक धनी चेलाले येशूको शरीर क्रूसबाट तल झारे र आफ्नै चिहानमा गाडे।

> “अब साँझ परेपछि यूसुफ नाम भएका अरिमथियाका एकजना धनी मानिस आए; तिनी आफै पनि येशूको चेला थिए। अनि पिलातसकहाँ गएर तिनले येशूको शरीर मागे। तब 'शरीर दिइयोस्' भनि पिलातसले हुकुम गरे। अनि युसूफले त्यस शरीरलाई लगेर एउटा सफा सुती कपडामा लपेटे, र त्यसलाई तिनको आफ्नै नयाँ चिहानमा राखे, जसलाई तिनले चट्टानमा खोपेर बनाएका थिए; अनि एउटा ठूलो ढुङ्गा गुडाएर चिहानको ढोकामा राखी तिनी हिँडे” (मत्ती २७:५७-६०)।

# येशू मरेकोबाट बौरेर उठ्नुभयो।

> “... अनि पवित्र-शास्त्रहरूअनुसार उहाँ तेस्रो दिनमा बौरिउठ्नुभयो; अनि उहाँ केफासकहाँ, त्यसपछि बाह्रजनाकहाँ देखा पर्नुभयो; त्यसपछि उहाँ एकैचोटि पाँच सयभन्दा बेसी भाइहरूकहाँ देखा पर्नुभयो, जसमध्ये धेरैजसो

> अहिलेसम्म छँदैछन्, तर कतिचाहिँ सुतिसके। त्यसपछि उहाँ याकूबकहाँ देखा पर्नुभयो, त्यसपछि सबै प्रेरितहरूकहाँ। अनि सबैभन्दा पछि उहाँ मकहाँ, मानूँ समय पूरा नभई जन्मेको मान्छेकहाँ पनि देखा पर्नुभयो" (१ कोरिन्थी १५:४-८)।

ख्रीष्टको शारीरिक बौरिउठाई सुसमाचारको अत्यावश्यक भाग हो। बचाइनको लागि, मैले येशू ख्रीष्ट जीवित हुनुहुन्छ र मैले उहाँलाई पुकार्दा मलाई ग्रहण गर्न उहाँ तयार हुनुहुन्छ भनेर मैले विश्वास गर्नैपर्छ।

ख्रीष्टको बौरिउठाई भजनसंग्रह १६:१० मा भविष्यवाणी गरिएको हिसाबले उहाँको बौरिउठाई "पवित्र-शास्त्रअनुसार" थियो, जुन हामीले हेरिसक्यौं। यो भविष्यवाणी येशू आउनुभन्दा १००० वर्ष अघि लेखिएको थियो।

ख्रीष्ट आइतबारको दिन मरेकोबाट बौरेर उठ्नुभयो, जुन हप्ताको पहिलो दिन हो। तल उल्लेख गरिएको अभिलेख मत्तीको सुसमाचारबाट लिइएको हो, जुन पुस्तक नयाँ करारको पहिलो पुस्तक होः

> "अब विश्रामदिनको अन्तमा, हप्ताको पहिलो दिनमा मिरमिरे उज्यालो हुँदै गर्दा मरियम मग्दलिनी र अर्की मरियम चिहान हेर्न आए। अनि हेर, ठूलो भुइँचालो गयो; किनभने प्रभुका दूत स्वर्गबाट ओर्ले, अनि आएर ढोकाबाट त्यो ढुङ्गा गुड़ाएर हटाए, र त्यसमाथि बसे। तिनको चेहरा बिजुलीजस्तै र तिनको वस्त्र हिउँजस्तै सेतो थियो। अनि ती पहरेदारहरू तिनको डरले लगलग कामे, र मुर्दाहरूजस्तै भए। अनि स्वर्गदूतले जवाफ दिएर ती स्त्रीहरूलाई भने: "नडराओ, किनकि म जान्दछु, तिमीहरू क्रूसमा टाँगिनुभएको येशूलाई खोज्दैछौ। उहाँ यहाँ हुनुहुन्न; किनभने उहाँले भन्नुभएअनुसार उहाँ बौरेर उठ्नुभयो। आओ, प्रभु राखिनुभएको ठाउँ हेर ! अनि चाँड़ो गएर उहाँका चेलाहरूलाई 'उहाँ मरेकाहरूबाट बौरेर उठ्नुभयो' भनी भनिदेओ; अनि हेर, उहाँ तिमीहरूभन्दा पहिले गालील जानुहुन्छ। त्यहाँ तिमीहरूले उहाँलाई देख्नेछौ; हेर, मैले तिमीहरूलाई भनेको छु !" अनि तिनीहरू डर र भारी आनन्दको साथ चिहानबाट छिटो-छिटो निस्के, अनि उहाँका चेलाहरूलाई खबर पुऱ्याउन दगुरे। अनि तिनीहरू उहाँका

चेलाहरूलाई खबर दिन जाँदै गर्दा हेर, येशूले तिनीहरूलाई यसो भन्दै भेट्नुभयो: "सलाम !" अनि तिनीहरूले आएर उहाँका पाउ पक्री उहाँलाई दण्डवत् गरे। तब येशूले तिनीहरूलाई भन्नुभयो: "नडराओ; जाओ, मेरा भाइहरूलाई 'गालील जानू' भनिदेओ, र त्यहाँ तिनीहरूले मलाई देख्नेछन्।" अब तिनीहरू जाँदै गर्दा हेर, पहरेदार सिपाहीहरूमध्ये कोही शहरमा आए, र मुख्य पूजाहारीहरूलाई भएका सबै घटनाहरू बताइदिए। अनि बूढ़ा प्रधानहरूसँग भेला भएर सल्लाह लिएपछि तिनीहरूले ती सिपाहीहरूलाई यसो भन्दै धेरै पैसा दिए: "तिमीहरूले भन्नू, 'त्यसका चेलाहरू राती आएर हामी निदाइरहेको बेलामा त्यसलाई चोरेर लगेछन्।' अनि यो कुरा राज्यपालको कानमा पुग्यो भने हामी उनलाई मनाउनेछौं, र तिमीहरूलाई जोगाइदिनेछौं।" तब तिनीहरूले त्यो पैसा लिए, र जस्तो सिकाइएको थियो, त्यस्तै गरे; अनि आजसम्म पनि यही कुरा यहूदीहरूको बीचमा फैलिएको छ" (मत्ती २८:१-१५)।

ख्रीष्टको बौरिउठाइले उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ भनी प्रमाणित गऱ्यो। पावलले भने कि ख्रीष्ट "पवित्रताको आत्माअनुसार मरेकाहरूबाट बौरेर उठ्नुभएको कारणले सामर्थ्यसहित परमेश्वरका पुत्र ठहरिनुभयो" (रोमी १:४)। येशूले उहाँ तेस्रो दिनमा बौरेर उठ्नुहुनेथ्यो भनी धेरै पटक भविष्यवाणी गर्नुभयो। "त्यो समयदेखि येशूले, उहाँलाई यरूशलेम जानु, बूढा प्रधानहरू, मुख्य पूजाहारीहरू र शास्त्रीहरूबाट अनेकौं दु:ख भोग्नु, मारिनु र तेस्रो दिनमा बिउँताइनु आवश्यक छ भनी आफ्ना चेलाहरूलाई देखाउन थाल्नुभयो" (मत्ती १६:२१)। यदि ख्रीष्ट बौरेर नउठ्नुभएको भए यसले उहाँ एक भ्रममा परेको व्यक्ति र एक झूटा भविष्यवक्ता ठहरिनुहुन्थ्यो अनि आफू परमेश्वरको पुत्र भएको जुन दाबी उहाँले गर्नुभयो त्यो उहाँ हुनुहुन्नथियो भनी प्रमाणित गर्नेथियो।

**बौरिउठाइको प्रमाण प्रत्यक्षदर्शीहरू हुन्।** मरेकोबाट बौरेर उठ्नुभएपछि ख्रीष्ट आफ्ना चेलाहरूसँग ४० दिनसम्म रहनुभयो। उहाँ आफ्ना सबै चेलाहरूकहाँ देखा पर्नुभयो। एक समय त उहाँ एकैचोटि ५०० भन्दा बेसी मानिसहरूकहाँ देखापर्नुभयो। उहाँ आत्मा हुनुहुन्नथियो भनेर प्रमाणित गर्नलाई उहाँले

उनीहरूलाई आफूलाई छुन लगाउनुभयो र उहाँले खाना खानुभयो (लूका २४:३६-४३)। उहाँले उनीहरूलाई सिकाउनुभयो र उहाँको स्वर्गरोहणको लागि उनीहरूलाई तयार पार्नुभयो। उहाँले उनीहरूलाई सारा संसारभरि जान र सुसमाचार प्रचार गर्न आज्ञा दिनुभयो (मत्ती २८:१८-२०)।

ख्रीष्टको बौरिउठाइको विषयमा प्रत्यक्षदर्शीहरूको गवाही दिनेचाहिँ सुसमाचारका पुस्तकहरू र नयाँ करारका पत्रहरू मात्र होइनन्।

रोमका क्लेमेन्टले (Clement of Rome; मृत्यु: ९९ ए.डी.) केही प्रेरितहरूलाई व्यक्तिगत रुपमा चिन्दथे। हामीसँग उनले कोरिन्थको मण्डलीलाई लेखेको उनको पत्र छ। यो त ख्रीष्टको बौरिउठाइसँगको प्रत्यक्ष सम्बन्ध हो।

पोलिकार्पले (Polycarp; ६९-१५९ ए.डी.) पनि प्रेरित यूहन्ना र येशूको बौरिउठाइलाई प्रत्यक्ष रूपमा देख्ने अरू विश्वासीहरूलाई व्यक्तिगत रूपमा चिन्दथे। हामीसँग उनले लगभग ए.डी ११५ तिर फिलिपीको मण्डलीलाई लेखेको उनको पत्र छ।

**बौरिउठाइको प्रमाण परिवर्तित जीवनहरू पनि हो।** पावलको गवाहीलाई विचार गर्नुहोस्। येशू नै ख्रीष्ट हुनुहुन्छ भनेर उनले विश्वास गर्दैनथे। उनी ख्रीष्टियनहरूका शत्रु थिए। पावललाई ख्रीष्टको एक तीतो शत्रु हुनबाट उहाँको एक जोशिलो अनुयायी हुनलाई केले बदल्यो? संसारको दृष्टिकोणबाट हेर्दा ख्रीष्टलाई पछयाएर उनले पाउनसक्ने वास्तवमा केही पनि लाभ थिएन, बरू उनले हरेक कुरा गुमाउनेथिए। उनी आफैले स्वीकार गरे कि उनले "अनेकौंलाई उछिन्दै यहूदी-धर्ममा अघि बढे" (गलाती १:१४)। यहूदीहरूको माझमा उनको ठूलो ओहोदा थियो। उनीसँग पैसा, शक्ति र मान थियो। उनलाई यसरी मनाएको चाहिँ ख्रीष्टको बौरिउठाइले थियो भनेर पावलले भने (प्रेरित २२:३-२१)। एक जोशिला यहूदी फरिसी र ख्रीष्टका शत्रुहरूको अगुवाको हिसाबले उनलाई ख्रीष्टको शरीर चेलाहरूले चोरेर लगेको कथा अवश्य थाह थियो। अरूले झैं ख्रीष्टको शरीर खासमा कतै लुकाइएर राखिएको छ भनी उनले

सोचिरहेको भए उनले कहिल्यै पनि बौरिउठाइमा विश्वास गर्नेथिएन। यो पक्का छ कि उनले यो कथालाई कुनै पनि तवरले विश्वासनीय ठानेनन्।

पावलका समयहरूदेखि यता कैयौं मानिसहरूले येशूमा विश्वास गरेका छन्, र उनीहरूको जीवन बद्लिएको छ। हरेक ख्रीष्टिय परिवर्तन ख्रीष्ट जीवित हुनुहुन्छ भन्ने कुराको प्रमाण हो।

म आफैले यो अनुभव गरेको छु। २३ वर्षको उमेरमा म एक लागुपदार्थमा डुबेको एक “हिप्पी”, डुलुवा र हिन्दु ध्यान समाजका एक सदस्य, साथै एक विद्रोही छोरा, कसैको वास्ता नगर्ने एक स्वार्थी व्यक्ति थिए। मैले एक साँझ डेटोना बीच भनिने, फ्लोरिडाको एक समुद्री तटमा (Daytona Beach, Florida) ख्रीष्टलाई पाएँ र मेरो जीवन बद्लियो। अर्को दिन म घर गएँ र बुवासँगका मेरो कुराहरू ठीक पारेँ। अनि मैले एउटा जागिर पाएँ। पिउन र लागुपदार्थ सेवन गर्न छोडेँ। आफ्नो मात्र नभएर अरूको पनि वास्ता गर्न थालेँ। म व्यक्तिगत रुपमा हजारौं बाइबल विश्वास गर्ने ख्रीष्टियनहरूलाई चिन्दछु जसले बौरिउठ्नुभएको येशू ख्रीष्टलाई ग्रहण गरेर यस्तो किसिमको परिवर्तनको अनुभव गरेका छन्।

येशू मरेकोबाट बौरेरउठ्नुभयो भन्नुको मतलब उहाँ जीवित हुनुहुन्छ। उहाँ पश्चात्ताप र विश्वासद्वारा उहाँकहाँ आउने अनि उहाँलाई मुक्तिदाता र प्रभुको रुपमा ग्रहण गर्ने जोकोहिलाई ग्रहण गर्न तयार हुनुहुन्छ। उहाँले अझैं पनि पापीहरूलाई उहाँकहाँ आउन निम्तो दिँदै हुनुहुन्छ।

> “हे सबै परिश्रम गर्ने र भारीले दबिएकाहरूहो, मकहाँ आओ, अनि म तिमीहरूलाई विश्राम दिनेछु। मेरो जुवा आफूमाथि राख, र मबाट सिक; किनकि म नम्र र हृदयमा दीन छु; अनि तिमीहरूले आ-आफ्नो मनमा विश्राम पाउनेछौ। किनकि मेरो जुवा सजिलो र मेरो भारी हलुका छ” (मत्ती ११:२८-३०)।

(ख्रीष्टको शारीरिक बौरिउठाईको विषयमा अझ बढी प्रमाणहरूको लागि www.wayoflife.org मा *The Bible's Proof* नामक पुस्तक हेर्नुहोस् जुन फ्रि इबुकको रूपमा उपलब्ध छ।)

## "येशूको गडाइ र बौरिउठाइ" सम्बन्धी पुनरावलोकन प्रश्नहरू

विद्यार्थीले अर्को पाठभन्दा अघि नै यी प्रश्नहरूको जवाफ दिइसक्नुपर्छ।

१. येशू ख्रीष्टको सुसमाचार के हो ?

२. बाइबलको खराब समाचार र असल समाचार के हो ?

३. अनुग्रहबाटको मुक्तिको अर्थ के हो ?

४. येशू चिहानमा राखिनुहुँदा उहाँ वास्तवमै मर्नुभएको थियो भनी हामी कसरी थाह पाउँछौ ?

५. येशूको चिहानको ढोका कसरी बन्द गरिएको थियो ?

६. बाइबलले ख्रीष्ट "पवित्र-शास्त्रमुताबिक" मर्नुभयो भन्दा बाइबलले के भन्न खोजेको हो ?

७. हप्ताको कुन दिनमा ख्रीष्ट मरेकोबाट बौरेर उठ्नुभयो ?

८. येशूबाहेक अरू कुन व्यक्तिहरू मरेकोबाट बौरेर उठेका छन् ?

९. ख्रीष्टको बौरिउठाइका दुई प्रमाणहरू के-के हुन् ?

१०. येशू मरेकोबाट बौरेर उठ्नुभयो भनेर विश्वास गर्नुमा पावललाई के लाभ थियो ?

११. क्लेमन्ट (Clement) र पोलिकार्प (Polycarp)का लेखहरूले कसरी ख्रीष्टको बौरिउठाइको प्रमाण दिँदछन्?

# पश्चात्ताप

अघिल्लो अध्ययनहरूमा हामीले सुसमाचारलाई हेऱ्यौं। "पवित्र-शास्त्रहरू मुताबिक ख्रीष्ट हाम्रा पापहरूका निम्ति मर्नुभयो, र गाडिनुभयो, अनि पवित्र-शास्त्रहरूमुताबिक उहाँ तेस्रो दिनमा बौराइनुभयो"(१ कोरिन्थी १५:३-४)।

परमेश्वरले पापीहरूको लागि गरिदिनुभएको यही नै हो। यो नै मुक्तिको मार्ग हो।

प्रश्न यो छ, पापीले कसरी यो मुक्ति प्राप्त गर्न सक्छ? बाइबलको उत्तर हो, पश्चात्ताप र विश्वासद्वारा।

> "मैले दुवै यहूदीहरू र ग्रीकहरूलाई परमेश्वरतर्फ मन फिराउनुपर्छ र हाम्रा प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुपर्छ भनी यत्नपूर्वक गवाही दिइरहें" (प्रेरित २०:२१)।

प्रेरित पावलले सबै मानिसहरूलाई के प्रचार गर्थे भन्ने कुरा उनले यो पदमा वर्णन गरेका छन्। उनले पश्चात्ताप र विश्वास प्रचार गरे। "यहूदीहरू" इस्राएलका मानिसहरू हुन्, र "ग्रीकहरूले" पावलको समयमा भएका अरू सबै मानिसहरूलाई जनाउँछ। ग्रीक संस्कृति र भाषा नै रोमी साम्राज्यमा चलिरहेको संस्कृति र भाषा थियो। यसकारण पावलले भनिरहेका छन् कि सबै मानिसलाई उनले प्रचारेको कुरा 'पश्चात्ताप र विश्वास' थियो, यहूदीहरूलाई र गैर-यहूदीहरूलाई पनि।

पावलले शुरूमा पश्चात्ताप उल्लेख गरेको हुनाले हामी पनि यसैबाट शुरू गर्नेछौं। अर्को पाठमा हामी विश्वासलाई हेर्नेछौं।

**हामी पश्चात्तापको विषयमा चारवटा प्रश्नहरूको उत्तर दिनेछौं:**

## के मुक्तिको लागि पश्चात्ताप अनिवार्य छ?

धेरै मण्डलीहरूले पश्चात्ताप प्रचार गर्दैनन्। मुक्तिको लागि विश्वास मात्र

आवश्यक छ भनेर उनीहरू भन्छन्। तर पश्चात्ताप त परमेश्वरले नै आज्ञा गर्नुभएको छ। यो नयाँ करारमा ६० पटक उल्लेख गरिएको छ।

## बप्तिस्मा दिने यूहन्नाद्वारा पश्चात्ताप प्रचार गरियो।

> 'ती दिनहरूमा बप्तिस्मा दिने यूहन्ना यहूदियाको उजाडस्थानमा यसो भन्दै प्रचार गर्दै आए: "पश्चात्ताप गर, किनभने स्वर्गको राज्य नजिकै आएको छ ! ... यसकारण पश्चात्ताप लायकका फल फलाओ... अनि अहिले पनि रूखहरूको जरामा बन्चरो राखिएको छ; यसकारण असल फल नफलाउने हरेक रूख काटेर ढालिन्छ र आगोभित्र फालिन्छ"' (मत्ती ३:१,२,८,१०)।

बप्तिस्मा दिने यूहन्ना ती मानिस थिए जसलाई परमेश्वरले येशू ख्रीष्टको आगमनको घोषणा गर्न पठाउनुभयो। जब येशू ३० वर्षको हुनहुन्थ्यो, बप्तिस्मा दिने यूहन्नाले इस्राएललाई उहाँको घोषणा गरे। बप्तिस्मा दिने यूहन्नाले मानिसहरूलाई पश्चात्ताप गर्न र येशूलाई ख्रीष्ट वा मसीहको रूपमा ग्रहण गर्न आज्ञा गरे। यदि उनीहरूले पश्चात्ताप गरेनन् भने उनीहरूले अनन्त न्याय भोग्नेछन् भनेर उनले चेतावनी दिए। साँचो पश्चात्तापले उनीहरूको जीवन बदल्नेछ भनेर उनले उनीहरूलाई भने। त्यसले असल फल फलाउनेछ।

## ख्रीष्टद्वारा पश्चात्ताप प्रचार गरियो।

> "अनि त्यसै बेला कतिजना त्यहाँ उपस्थित थिए, जसले उहाँलाई ती गालिलीहरूको विषयमा बताए, जसको रगत पिलातसले तिनीहरूकै बलिहरूसँग मिसाइदिएका थिए। अनि येशूले जवाफ दिँदै तिनीहरूलाई भन्नुभयो: "के ती गालिलीहरूले यस्ता कुराहरू भोग्नुपरेकाले तिनीहरूचाहिँ सबै गालिलीहरूभन्दा बढ्ता पापी रहेछन् भनी तिमीहरू सम्झन्छौ? म तिमीहरूलाई भन्दछु, होइन; तर तिमीहरूले पश्चात्ताप गरेनौ भने तिमीहरू सबै त्यही प्रकारले नाश हुनेछौ। अथवा ती अठारजना, जसमाथि सिलोआमको धरहरा खस्यो, र तिनीहरूलाई मार्‍यो; के तिनीहरूचाहिँ यरूशलेममा बस्ने सबै मानिसहरूभन्दा बढ्ता पापी रहेछन् भनी तिमीहरू ठान्छौ? म तिमीहरूलाई भन्दछु, होइन; तर तिमीहरूले पश्चात्ताप गरेनौ भने तिमीहरू सबै त्यही प्रकारले नाश हुनेछौ"" (लूका १३:१-५)।

मानिसहरूले पश्चात्ताप गर्नैपर्छ नभए उनीहरूको न्याय गरिनेछ भनेर ख्रीष्टले मानिसहरूलाई चेतावनी दिनुभयो। सबै मानिसले पश्चात्ताप गर्नैपर्छ भनेर उहाँले सिकाउनुभयो। येशूले प्रचार गरिरहनुभएको ती मानिसहरूले सोचिरहेका थिए कि केही मानिसहरू मात्र न्याय गरिन लायकका पापीहरू हुन्छन्। उनीहरूले आफूचाहिँ अरू मानिसहरूभन्दा धर्मी छन् भनेर सोचिरहेका थिए अथवा रोमी राज्यपाल पिलातसद्वारा मारिएका गालिलीहरूभन्दा उनीहरूचाहिँ उत्तम थिए भनेर उनीहरूले सोचिरहेका थिए। इस्राएलको उत्तरमा रहेको गालील समुद्रको वरिपरिको भूभागलाई गालिल भनिन्थ्यो। (यस अध्ययन पुस्तकको पछाडि नक्सा ०२_इस्राएल हेर्नुहोस्।) यरूशलेममा जुन मानिसहरूमाथि सिलोआमको धरहरा खस्यो, तिनीहरूभन्दा उनीहरू आफूचाहिँ उत्तम छन् भनेर उनीहरूले सोचे। धेरैजसो मानिसहरू यस्तै विश्वास गर्छन्। तर परमेश्वरको सामु सबै मानिसहरू पापी छन् र सबै मानिसहरूले पश्चात्ताप गर्नैपर्छ नभए उनीहरू नाश हुनेछन् भनेर ख्रीष्टले प्रचार गर्नुभयो। यस कुरालाई जोड दिन उहाँले यसलाई दुई-दुईपटक दोहोऱ्याउनुभयो।

**पत्रुसद्वारा पश्चात्ताप प्रचार गरियो।**

> "कतिले ढिलाइ सम्झेझैं आफ्नो प्रतिज्ञाबारे प्रभु ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबैले पश्चात्ताप गरून् भन्ने इच्छा राखेर उहाँ हामीतर्फ धीरज देखाउनुहुन्छ" (२ पत्रुस ३:९)।

ख्रीष्टले आफ्ना प्रेरित हुनलाई बोलाउनुभएको १२ मानिसहरूमध्ये एक पत्रुस थिए। ख्रीष्टले उनलाई बोलाउनुअघि उनी एक मछुवा थिए। उनी एक भविष्यवक्ता थिए। उनले नयाँ करारका दुईवटा पुस्तकहरू लेखे। येशू फर्कन र संसारलाई न्याय गर्न पर्खिरहनुभएको कारण यो हो कि उहाँ सबै मानिसलाई प्रेम गर्नुहुन्छ र उनीहरूलाई बचाउन चाहनुहुन्छ भनेर पत्रुसले भने। मुक्तिको लागि पश्चात्ताप अनिवार्य छ भनेर उनले भने। बचाइनको लागि एउटा पापी "पश्चात्तापमा आउनैपर्छ।"

## पावलद्वारा पश्चात्ताप प्रचार गरियो।

> “परमेश्वर, जसले यो संसार र यसमा भएका सबै थोकहरू बनाउनुभयो, उहाँचाहिँ स्वर्ग र पृथ्वीका प्रभु हुनुभएको हुनाले हातले बनाएका मन्दिरहरूमा बस्नुहुन्न। न ता उहाँले केही खाँचो परेझैं गरी मानिसहरूको हातबाट सेवा नै लिनुहुन्छ; किनकि उहाँले पो सबैलाई जीवन, सास र सब थोक दिनुहुन्छ। अनि उहाँले सारा पृथ्वीमाथि वास गर्नलाई एउटै रगतबाट मानिसहरूका सबै जातिहरूलाई बनाउनुभयो, अनि तोकिएका समयहरू र तिनीहरूका वास गर्ने सिमानाहरू ठहराउनुभयो, तिनीहरूले प्रभुलाई खोजून् भनेर, सायद उहाँलाई छामछाम-छुमछुम गरेर भेट्टाउलान्; तैपनि उहाँ हामी हरेकबाट टाढ़ामा हुनुहुन्न; किनकि उहाँमा हामी जिउँदछौं, हिँड्डुल गर्दछौं र अस्तित्व राख्दछौं, जसरी तपाईंहरूकै कतिजना कविहरूले पनि भनेका छन्: ‘किनकि हामी पनि उहाँकै सन्तान हौं।’ यसकारण हामी परमेश्वरकै सन्तान भएका हुनाले परमेश्वरत्व चाहिँ मानिसको कारिगरी र कल्पनाद्वारा कुँदेर बनाइएका सुन वा चाँदी वा ढुङ्गाको मूर्तिजस्तो हुन्छ भनी हामीले सोच्नुहुँदैन। **अनि त्यस अज्ञानताका समयहरूलाई परमेश्वरले वास्ता गर्नुभएन, तर अब उहाँले सबै ठाउँमा सबै मानिसहरूलाई पश्चात्ताप गर्नू भन्ने आज्ञा गर्नुहुन्छ।** किनभने उहाँले एउटा दिन ठहराउनुभएको छ, जुन दिनमा उहाँले आफूले नियुक्त गर्नुभएको मानिसद्वारा धार्मिकतापूर्वक संसारको न्याय गर्नुहुनेछ; उहाँलाई मरेकाहरूबाट बौराएर उठाईकन उहाँले सबै मानिसहरूलाई यस कुराको प्रमाण दिनुभएको छ” (प्रेरित १७:२४ -३१)।

प्रेरित र भविष्यवक्ता हुनको लागि पावल येशूद्वारा चुनिएका थिए। उनले नयाँ करारका धेरै पुस्तकहरू लेखे। उनले येशू ख्रीष्टको सुसमाचार प्रचार गर्दै र मण्डलीहरू शुरू गर्दै यूरोपका धेरै भागहरूको यात्रा गरे। उनको जीवनको विषयमा हामी प्रेरितको पुस्तकमा पाउँछौं जुन नयाँ करारको पाँचौं पुस्तक हो।

प्रेरित १७ मा, पावलले प्राचीन ग्रीसमा रहेको एथेन्सका मानिसहरूलाई प्रचार गरिरहेका थिए। एथेन्स प्रमुख शहर थियो। यो शहर प्रख्यात दार्शनिकहरू एरिस्टोटल, प्लेटो, डेमस्थेनिस, सोक्रेटिस, जीनो र एपिक्यूरीको शहर थियो।

पावलको समयमा यो शहर सिकाइ र कलाको मुख्य स्थान थियो। त्यस शहरको नाम देवी एथेनाको नामबाट राखिएको थियो। एथेन्स पूर्णरूपमा मूर्तिपूजामा समर्पित थियो। (यस अध्ययन पुस्तकको पछाडि रहेको नक्सा ०३_रोमी साम्राज्य हेर्नुहोस्।)



**एथेन्सको एक्रापोलिस (Acropolis)**

प्रेरित १७ मा, एथेन्सको एक्रापोलिस (Acropolis; शहरको अग्लो पहाडमा अवस्थित क्षेत्र), जहाँ ठूला-ठूला मन्दिरहरू थिए, त्यसको नजिकै रहको मार्सको डाँडामा (Mars hill) पावलले प्रचार गरिरहेका थिए। एक्रापोलिसमा पार्थेनोन (Parthenon) मन्दिर थियो। यो एथेनाप्रति समर्पित थियो। एथेनाको ७० फीट अग्लो मूर्तिलाई ६ माइल टाढामा रहेको बन्दरगाहका जहाजहरूबाट समेत देख्न सकिन्थ्यो।

पावलले त्यहाँ एउटै परमेश्वर हुनुहुन्छ जसले सारा मानिस र जातिहरूलाई बनाउनुभयो भनेर प्रचार गरे। उनले मूर्तिहरूको विरोधमा प्रचार गरे। उनले

मानिस परमेश्वरकै स्वरूपमा बनाइएको छ र मानिस परमेश्वरलाई खोज्न बनाइएको हो भनेर प्रचार गरे। उनले भने कि यस वर्तमान समयमा परमेश्वरले मानिसहरूलाई बचाइनलाई मौका दिँदै हुनुहुन्छ, तर उनीहरूले पश्चात्ताप गर्नैपर्छ। परमेश्वरले सबै मानिसलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ। उनीहरू जसले पश्चात्ताप गर्दैनन् र सत्य परमेश्वरतर्फ फर्कदैनन् अनि उहाँको मुक्तिलाई ग्रहण गर्दैनन्, उनीहरूले अनन्त न्याय भोग्नेछन्। ख्रीष्ट पहिलो पटक मानिसको मुक्तिदाता हुनलाई आउनुभयो, तर उहाँ दोस्रो पटक मानिसको न्यायकर्ता हुनलाई आउनुहुनेछ।

हामीले हेरेझैं, प्रेरित पावलले दुवै पश्चात्ताप र विश्वास प्रचार गरे; त्यसैले यो निश्चित छ कि मुक्तिको लागि दुवै नै आवश्यक छ (प्रेरित २०:२१)।

## पश्चात्ताप के हो?

**पश्चात्तापको भनेको मैले परमेश्वरको विरुद्धमा पाप गरेको छु भनेर स्वीकार गर्नु र त्यसको निम्ति दुःखित बन्नु हो।**

> "मैले दुवै यहूदीहरू र ग्रीकहरूलाई परमेश्वरतर्फ मन फिराउनुपर्छ र हाम्रा प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुपर्छ भनी यत्नपूर्वक गवाही दिइरहें" (प्रेरित २०:२१)।

पश्चात्ताप "परमेश्वरतर्फ" गरिनुपर्ने कुरा हो किनकि मैले अप्रसन्न तुल्याएको परमेश्वरलाई हो। परमेश्वरले मानिसलाई आफ्नै निम्ति बनाउनुभयो, र उहाँले मानिसलाई आफ्ना नियमहरू पालन गर्नलाई बनाउनुभयो, तर हरेक मानिसले परमेश्वरलाई आफ्नो पिठ्यूँ फर्काएको छ, उहाँका नियमहरू उल्लङ्घन गरेको छ। यसबाट मैले पश्चात्ताप गर्नुपर्छ भन्ने माग उहाँले गर्नुहुन्छ। पश्चात्तापको माने बाइबलले भनेझैं म धर्मी छैन, म असल छैन भनेर स्वीकार गर्नु हो। "धर्मी कोही छैन, एउटै पनि छैन; ... असल गर्ने कोही छैन, एउटै पनि छैन" (रोमी ३:१०,१२)।

**पश्चात्तापको भनेको फनक्क फर्कनु हो, दिशा बदल्नु हो।**

> "यसकारण हे राजा अग्रिप्पा, त्यस स्वर्गीय दर्शनप्रति म अनाज्ञाकारी भइनँ । तर पहिले दमस्कसमा भएकाहरूलाई, अनि यरूशलेम र यहूदियाको इलाकामा, र अन्यजातिहरूलाई 'पश्चात्ताप गर र परमेश्वरकहाँ फर्क, अनि पश्चात्ताप लायकका कामहरू गर !' भन्दै प्रचार गरें" (प्रेरित २६:२०)।

पावलले साँचो पश्चात्तापको परिभाषा अग्रिप्पाको सामु प्रचार गर्दा दिँदछन्। पावलको समयमा, रोमी साम्राज्यले इस्राएलमाथि शासन गर्थ्यो। अग्रिप्पा चाहिँ रोमी गभर्नर थिए। पश्चात्ताप भनेको परमेश्वरकहाँ फर्कनु हो भनेर पावलले भने। पश्चात्तापको माने पापी परमेश्वरदेखि भाग्न छोड्छ, परमेश्वरसँग लड्न छोड्छ, परमेश्वरको विरुद्धमा विद्रोह गर्न छोड्छ, उसलाई मनपर्दो जीवन जिउन छोड्छ। ऊ नम्रता र समर्पणतामा परमेश्वरकहाँ फर्कन्छ। पश्चात्ताप हृदय र मनमा हुने कुरा हो। पश्चात्ताप 'मनको परिवर्तन हो जसले फलस्वरूप जीवनको परिवर्तन ल्याउँदछ।' जब साँचो पश्चात्ताप गरिन्छ, तब त्यसले आफैलाई जीवनको परिवर्तनमा देखाउँछ। पावलले प्रचार गरे कि मानिसहरूले पश्चात्ताप गर्नैपर्छ र पमेश्वरकहाँ फर्कनैपर्छ "र पश्चात्ताप लायकका कामहरू गर्नैपर्छ।" नयाँ कामहरू पश्चात्ताप होइनन्; नयाँ कामहरू पश्चात्तापको फलस्वरूप हुन्। यदि तपाईंले साँच्चै नै परमेश्वरतर्फ पश्चात्ताप गर्नुभएको छ भने, तपाईं परमेश्वरको इच्छाअनुसार जिउन चाह गर्नुहुन्छ।

**पश्चात्तापको भनेको सत्य र जीवित परमेश्वरकहाँ आफूलाई सुम्पनु हो।**

> "हे पृथ्वीका छेउ-छेउका मानिसहरूहो, मलाई हेर, र उद्धार पाओ; किनकि परमेश्वर म नै हुँ, र अरू कोही पनि छैन। मैले आफ्नै नाममा कसम खाएको छु; धार्मिकतासाथ मेरो मुखबाट वचन निस्केर गएको छ, र त्यो फर्कनेछैनः मेरो सामु हरेक घुँड़ा टेकिनेछ, हरेक जिब्रोले कसम खानेछ" (यशैया ४५:२२-२३)।

सुसमाचार र ख्रीष्टको आगमनको विषयमा रहेका अध्ययनहरूमा हामीले यशैया भविष्यवक्ताको विषयमा हेऱ्यौं। यशैया परमेश्वरका भविष्यवक्ता थिए जो ख्रीष्ट जन्मनुभन्दा करिब ७०० वर्ष अघि जिउँथे।

यशैया ४५ मा, सत्य र जिउँदो परमेश्वरले पृथ्वीमा भएका सारा मानिसहरूलाई उहाँलाई हेर्न र उहाँलाई ग्रहण गर्न बोलाउनुहुन्छ। उहाँले सबैलाई उहाँको सामु घुँडा टेक्ने आज्ञा दिनुहुन्छ। यसको माने उहाँको अधिकारमा आफूलाई समर्पण गर्नु हो। यो पश्चात्ताप हो। यसको माने झूटा ईश्वरहरू र झूटा धर्मलाई इन्कार गर्नु र सत्य परमेश्वरको अधिनतामा आफूलाई सुम्पनु हो।

यशैयाद्वारा परमेश्वरले गर्नुभएको अर्को बोलावटलाई हेरौं।

> "जबसम्म परमप्रभुलाई भेट्टाउन सकिन्छ, तबसम्म तिमीहरूले उहाँको खोजी गर! उहाँ नजिक हुनुहुँदा नै तिमीहरूले उहाँलाई पुकार! **दुष्ट मानिसले आफ्नो चाल, र अधर्मी मानिसले आफ्ना विचारहरू त्यागोस्, अनि परमप्रभुकहाँ फर्कोस्**, र उहाँले त्यसमाथि दया देखाउनुहुनेछ; अँ, त्यो हाम्रा परमेश्वरकहाँ फर्कोस्, किनकि उहाँले प्रशस्त गरी क्षमा गर्नुहुनेछ। किनकि **मेरा विचारहरू तिमीहरूका विचारहरू होइनन्, न ता तिमीहरूका चालहरू मेरा चालहरू हुन्**, परमप्रभु भन्नुहुन्छ। किनकि जसरी आकाश पृथ्वीभन्दा उच्च छ, त्यसरी नै मेरा चालहरू तिमीहरूका चालहरूभन्दा, र मेरा विचारहरू तिमीहरूका विचारहरूभन्दा उच्च छन्" (यशैया ५५:६-९)।

यस अनुच्छेदमा "पश्चात्ताप" शब्द प्रयोग गरिएको छैन, तर हामी यहाँ पश्चात्तापको परिभाषा भेट्टाउँछौं। परमेश्वरले सबै मानिसहरूलाई उहाँकहाँ आउन बोलाउनुहुन्छ। तर पवित्र, जिउँदो परमेश्वरकहाँ आउनलाई पापीले उसको आफ्नै मार्ग र उसका आफ्नै विचारहरू त्याग्नैपर्छ । परमेश्वर भन्नुहुन्छ, "परमप्रभुकहाँ फर्क।" यसको माने तपाईंको पुरानो सोचाइ र तपाईंको पुरानो जीवनतर्फ आफ्नो पिठ्यूँ फर्काउनु र परमेश्वरको सोचाइ र परमेश्वरका मार्गहरूमा आफूलाई समर्पण गर्नु हो। यसको माने आफैलाई मनपर्दो गरी

जिउन छोड्नु हो। यदि पापीले पश्चात्ताप गर्छ भने ऊ “प्रशस्त गरी क्षमा” गरिनेछ भनेर परमेश्वरले भन्नुहुन्छ। यो ख्रीष्टमा अनन्त जीवन हो।

**पश्चात्ताप भनेको ख्रीष्टलाई प्रभुको रूपमा ग्रहण गर्नु हो।**

> “यदि तिमीले आफ्नो मुखले प्रभु येशूलाई स्वीकार गऱ्यौ भने, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिमीले मुक्ति पाउनेछौ। किनकि धार्मिकताका निम्ति हृदयले विश्वास गरिन्छ, र मुक्तिका निम्ति मुखले स्वीकार गरिन्छ। किनकि पवित्रशास्त्रले भन्दछ: ‘उहाँमाथि विश्वास गर्ने हरेक शर्ममा पर्नेछैन।’ किनकि यहूदी र ग्रीकमा कुनै भिन्नता छैन; किनकि उहाँ जो सबका प्रभु हुनुहुन्छ, उहाँ आफूलाई पुकार्नेहरूका निम्ति धनवान् हुनुहुन्छ। किनकि प्रभुको नाम पुकार्ने हरेकले मुक्ति पाउनेछ” (रोमी १०:९-१३)।

हामी देख्छौं कि मुक्तिको लागि येशूलाई प्रभुको रूपमा स्वीकार गर्नु र उहाँलाई प्रभुको रूपमा पुकार्नु जरुरी छ। मुक्ति कसरी पाउने भनेर सिकाउने यो अनुच्छेदमा ख्रीष्टलाई तीनपटक “प्रभु” भनिएको छ।

विश्वास गर्नुको माने येशू ख्रीष्टलाई आफ्नो एकमात्र मुक्तिदाताको रूपमा ग्रहण गर्नु हो अनि पश्चात्ताप गर्नुको माने उहाँलाई आफ्नो एकमात्र प्रभुको रूपमा ग्रहण गर्नु हो। बाइबलले भन्छ कि परमेश्वरको शासनप्रति भएको पापीको विद्रोहको कारणले ऊ परमेश्वरसँग युद्धमा छ (“किनकि शारीरिक मन परमेश्वरसँगको दुस्मनी हो”, रोमी ८:७)। "दुस्मनी" भनेको "शत्रु बन्नु हो।" पश्चात्ताप गर्नु भनेको परमेश्वरप्रति भएको मेरो शत्रुभाव त्याग्नु र मेरो जीवनमाथि भएको उहाँको शासनमुनि आफूलाई आत्मसमर्पण गर्नु हो। यो कुरा हामी नयाँ करारभरि बचाइएका मानिसहरूको जीवनमा देख्दछौँ। जसले ख्रीष्टलाई बचाइने हिसाबले ग्रहण गरे उनीहरूले उहाँलाई प्रभु भनी पुकारे। ख्रीष्टकै छेऊमा क्रूसमा मरेको एउटा चोरले आफ्नो पापबाट पश्चात्ताप गऱ्यो र येशूलाई भन्यो, "हे प्रभु, जब तपाईं आफ्नो राज्यमा आउनुहुन्छ, तब मलाई

सम्झिदिनुहोस्" (लूका २३:४२)। त्यो पश्चत्तापी चोरले येशूलाई "प्रभु" भन्यो।

धेरै मानिसहरू येशूलाई मुक्तिदाताको रूपमा ग्रहण गर्न त चाहन्छन्, तर उहाँ उनीहरूको जीवनका प्रभु भएको उनीहरू चाहँदैनन्। उहाँले उनीहरूलाई पापहरूबाट बचाएको उनीहरू चाहन्छन् ताकि उनीहरू मरेपछि नरक जानु नपरोस्, तर यो वर्तमान जीवनमा उनीहरू आफ्नै इच्छाअनुसार जिउन चाहन्छन्। यो असम्भव कुरा हो। यदि ख्रीष्ट प्रभु हुनुहुन्न भने उहाँ मुक्तिदाता पनि हुनुहुन्न।

**पश्चात्ताप भनेको हत्याराले आफ्नो छुरी छोड्नु हो।**

सुसमाचार प्रचारक जेम्स स्टेवार्ट (James Stewart)ले आफ्नो पुस्तक *Evangelism* मा पश्चात्तापलाई छुरीले हत्या गर्ने हत्याराद्वारा चित्रण गरेका छन्। उसलाई माफीको प्रमाणपत्र उपहारस्वरूप प्रस्ताव गरिन्छ। उसले एउटा हात पसारेर माफी स्वीकार गर्छ, भने अर्को हातले आफ्नो छुरी खसाल्छ र फेरि कहिल्यै पनि हत्यारा नहुने अठोट गर्छ। माफी ग्रहण गर्ने हात विश्वासको हात हो भने छुरी खसाल्ने हात पश्चात्तापको हात हो। यदि एउटा हत्याराले भन्यो, "माफी ग्रहण गर्नेछु, तर म आफ्नो छुरी खसाल्नेछैनँ," भने त्यो पश्चात्तापबिनाको विश्वास हो, त्यो बचाउने विश्वास होइन।

**पश्चात्ताप भनेको चोरले चोरेको सम्पत्ति फिर्ता गर्नु हो।**

लेस्टर रोलफ (Lester Roloff)ले भने: "म विश्वास गर्छु कि हामीले जे-जे कुराहरू ठीक पार्न सक्छौं त्यो ठीक पार्नुपर्छ। मानौं म प्रचारकहरूको एउटा समूहसँग रहिरहेको छु र तिनीहरूमध्ये एकजनाले मेरो वालेट चोरी गर्छन् रे! अर्को दिन उनी मकहाँ आउँछन् र मलाई भन्छन् कि उनी अत्यन्तै क्षमाप्रार्थी छन् र क्षमा गरिदिन मलाई अनुरोध गर्छन्। मेरो वालेट चोरी गरेकोमा उनी क्षमाप्रार्थी छन् भन्ने कुरा सुन्दा म खुशी हुन्छु, तर एउटा पश्चात्तापी चोरबाट म त्यो भन्दा बढी चाहन्छु र अपेक्षा गर्छु। म मेरो वालेट त्यसमा भएको सबै कुराहरूसहित फिर्ता चाहन्छु! मेरो वालेट फिर्ता नल्याएसम्म उनले साँच्ची नै

पश्चात्ताप गरेको छ भनी म विश्वास गर्दिनँ। **म तबसम्म तपाईंले पश्चात्ताप गर्नुभयो भनेर विश्वास गर्दिनँ जबसम्म तपाईं ठीक सम्बन्धमा आउनुहुन्न र भन्नुहुन्न, 'प्रभु, अबदेखि उसो म फरक गरी जिउनेछु,'** अनि परमेश्वरको अनुग्रहद्वारा तपाईं फरक गरी जिउनुहुनेछ।" (Roloff, Repent or Perish)

## पश्चात्तापका केही बाइबलीय उदाहरणहरू के-के हुन्?

पश्चात्तापलाई बुझ्ने सर्वोत्तम तरिका भनेको बाइबलमा यस सम्बन्धी भएका उदाहरणहरू हेर्नु हो।

**उडाऊ पुत्र**

> "अनि उहाँले भन्नुभयो: कुनै एउटा मानिसका दुई छोरा थिए। अनि तीमध्ये कान्छोचाहिँले आफ्ना बाबुलाई भन्यो, 'पिताजी, सम्पत्तिको मेरो भागमा पर्ने अंश मलाई दिनुहोस्।' अनि उनले तिनीहरूलाई आफ्नो सम्पत्ति बाँडिदिए। अनि धेरै दिन नबितीकनै त्यो कान्छा छोरा सबै थोक जम्मा पारेर टाढो देशमा गयो, र त्यहाँ विलासी जीवन बिताएर आफ्नो सम्पत्ति उडायो। अनि त्यसले सबै खर्च गरिसकेपछि त्यस देशभरि ठूलो अनिकाल पऱ्यो; र त्यसलाई अभाव पर्न थाल्यो। अनि त्यो गएर त्यस देशको एउटा नागरिककहाँ टाँसियो; अनि उसले त्यसलाई आफ्ना खेतहरूमा सुँगुरहरू चराउन पठायो। अनि त्यसले सुँगुरहरूले खाएका ती कोसाहरूले आफ्नो पेट भर्ने लालसा गर्थ्यो, तर कसैले त्यसलाई दिँदैनथ्यो। जब त्यो होशमा आयो, तब त्यसले भन्यो, 'मेरा पिताका कति ज्यालादार नोकरहरूले उब्रोपाब्रो हुने गरी रोटी पाउँछन्, तर मचाहिँ भोकले नाश भइरहेछु। म उठेर मेरा पिताकहाँ जानेछु, र उहाँलाई भन्नेछु: "पिताजी, मैले स्वर्गको विरोधमा र तपाईंको दृष्टिमा पाप गरेको छु, र म अब उसो तपाईंको छोरो भनिन लायकको म छैनँ; मलाई तपाईंका ज्यालादार नोकरमध्ये एउटाझैँ बनाउनुहोस्।"' अनि उठेर त्यो आफ्ना बाबुकहाँ आयो। तर त्यो अझ धेरै टाढामै हुँदा त्यसका बाबुले त्यसलाई देखे, र दयाले भरिए; अनि दगुरेर गई

> त्यसलाई अँगालो हाले, र त्यसलाई चुम्बन गरे। अनि त्यस छोराले उनलाई भन्यो, 'पिताजी, मैले स्वर्गको विरोधमा र तपाईंको दृष्टिमा पाप गरेको छु, र अब उसो तपाईंको छोरो भनिन लायकको म छैनँ।' तर बाबुचाहिँले आफ्ना दासहरूलाई भने, 'सबभन्दा बढिया पोसाक निकाल, र उसलाई पहिराइदेओ; अनि उसको हातमा औंठी र पाउहरूमा जुत्ता लाइदेओ। अनि पोसिएको बाछा ल्याएर मार, अनि खाऔँ, र आनन्द मनाऔँ; किनभने मेरो यो छोरो मरेको थियो, र फेरि जीवित भएको छ; ऊ हराएको थियो, र पाइएको छ।' अनि तिनीहरू आनन्द मनाउन थाले"(लूका १५:११-२४)।

येशूले पश्चात्तापको चित्रण दिनलाई उडाऊ पुत्रको कथा बताउनुभयो। यो जवान पुरूषले आफ्नो बाबुबाट आफ्नो हकको सम्पत्तिको माग गऱ्यो र गयो अनि दुष्ट जीविकामा त्यो उडायो। पछि गएर ऊ रित्तियो र रोटी कमाउन सुँगुरहरूलाई चराउन थाल्यो। त्यो अवस्थामा, ऊ साँचो पश्चात्तापमा आयो। उसले भन्यो, "म उठेर मेरा पिताकहाँ जानेछु, र उहाँलाई भन्नेछु: पिताजी, मैले स्वर्गको विरोधमा र तपाईंको दृष्टिमा पाप गरेको छु, र म अब उसो तपाईंको छोरो भनिन लायकको म छैनँ; मलाई तपाईंका ज्यालादार नोकरमध्ये एउटाझैं बनाउनुहोस्" (लूका १५:१८-१९)।

याद गर्नुहोस् कि ती जवान मानिस आफू कसरी जिएका थिए वा आफूले भोगेका परिणामहरूको लागि पछुतोले मात्र भरिएका थिएनन्। ऊ त्यो स्थानमा आइपुग्यो जहाँ उसले सर्वप्रथम मानिलियो कि उसले "स्वर्गको विरोधमा पाप" गरेको थियो (लूका १५:१८)। यसको मतलब उसले उसका कार्यहरूद्वारा परमेश्वरको विरोधमा पाप गरेको छ भनी उसले मानिलियो। अझ, उसले आफ्नो बाबुप्रतिको मनोभाव बदल्यो। अब उसो ऊ आफ्नो बाबुबाट स्वार्थपूर्ण तरिकाले कुराहरूको माग गर्ने त्यो घमण्डी, मूर्ख, वास्ता नगर्ने छोरा थिएन। अब ऊ एक नम्र जवान मानिस थियो अनि आफ्नो बाबुको घरमा केवल एउटा दास बन्न इच्छुक थियो। यो नै पश्चात्तापी मनस्थिति हो।

त्यो जवान मानिसको पश्चात्तापको प्रमाण यो हो कि ऊ घर फर्कियो र आफ्नो बाबुसँगका कुराहरू ठीकठाक पाऱ्यो; उसले आफैलाई नम्र तुल्यायो र केवल

एउटा दास हुन इच्छुक भयो। यो साँचो पश्चात्ताप हो। योचाहिँ आफ्नो घमण्ड र स्वधार्मिकता र आफ्नै इच्छाले जीवन जिउने तरिकाबाट फर्कनु हो। यो भनेको परमेश्वर र मानिसको सामु आफूलाई नम्र तुल्याउनु हो। यो भनेको मेरो जीवनमाथि रहेको परमेश्वरको अधिकारमुनि आफूलाई समर्पण गर्नु हो।

**जक्कै**

> 'अनि येशू यरिको भित्र पस्नुभयो, र त्यहाँबाट जाँदै हुनुहुन्थ्यो। अनि हेर, जक्कै नाम भएको एकजना मानिस थिए, जो महसूल उठाउनेहरूका हाकिम थिए; अनि तिनी धनी थिए। अनि उहाँ को हुनुहुँदो रहेछ भनी तिनले येशूलाई हेर्न खोजिरहेका थिए, तर भीडले गर्दा तिनले सकेनन्; किनकि तिनी पुड्का थिए। अनि तिनी अघि दगुरे, र उहाँलाई हेर्न एउटा नेभाराको रूखमा चढे; किनकि त्यही बाटो भएर उहाँ जानुपरेको थियो। अनि जब येशू त्यस ठाउँमा आउनुभयो, तब उहाँले माथितिर हेर्नुभयो, र तिनलाई देख्नुभयो, र तिनलाई भन्नुभयो: "जक्कै, छिटो गरेर ओर्ल, किनकि आज म तिम्रो घरमा बस्नुपर्छ।" अनि तिनी हतार गर्दै ओर्ले, र उहाँलाई आनन्दसाथ स्वागत गरे। अनि जब तिनीहरूले यो देखे, तब तिनीहरू सबै यसो भन्दै गनगनाए: "लौ, तिनी ता पापी मानिससँग पाहुना बस्न गए।" अनि जक्कै उभिए, र प्रभुलाई भने: "हेर्नुहोस् प्रभु, मेरो सम्पत्तिको आधा भाग म गरिबहरूलाई दिन्छु; र कुनै मानिसबाट मैले अन्याय गरेर केही लिएको छु भने म उसलाई चार गुणा फिर्ता गरिदिन्छु।" अनि येशूले तिनलाई भन्नुभयो: "आज यस घरमा मुक्ति आएको छ, किनकि यिनी पनि अब्राहामका छोरा हुन्। किनभने मानिसका पुत्र हराएकोलाई खोज्न र मुक्त गर्न आएका हुन्"'(लूका १९:१-१०)।

जक्कै एक महसूल उठाउने व्यक्ति थिए। उसले रोमी सरकारको लागि इस्राएलमा कर उठाउँथे। कर उठाउनेहरू मानिसहरूद्वारा घृणा गरिन्थे कारण उनीहरू विदेशी सरकारको लागि कर उठाउँथे साथै प्रायः मानिसहरूलाई लुट्नको लागि उनीहरूले आफ्नो पद प्रयोग गर्थे। त्यसकारण पनि उनीहरू घृणा गरिन्थे।

येशू उनको गृहनगर यरिको भएर आउँदै हुनुहुन्थ्यो भनेर जक्कैले सुने। यरिको यर्दन नजिकै यरूशलेमको उत्तरपूर्वमा अवस्थित छ। (यस अध्ययन पुस्तकको पछाडि रहेको नक्सा ०२_इस्राएल हेर्नुहोस्।) येशू यरूशलेमतर्फ जाँदैहुनुहुन्थ्यो। यो घटना उहाँ क्रूसमा टाँगिनुभन्दा एक हप्ता अघिको थियो। भीडभन्दा माथिबाट येशूलाई हेर्न जक्कै एउटा रूखमाथि चढे। येशूले उनलाई बोलाउनुभयो र तल ओर्लेर उहाँलाई आफ्नो घरमा लैजानलाई भन्नुभयो। त्यहाँ, जक्कैले पश्चात्ताप गरे र येशूलाई ख्रीष्टको रूपमा विश्वास गरे।

जक्कैकहाँ मुक्ति आयो भनेर येशूले भन्नुभयो। रोमी सरकारका कर उठाउनेहरूचाहिँ अरूभन्दा बढ्ता पापीहरू हुन् भनी मानिसहरू सोच्थे, तर येशूले जक्कै कुनै पनि अर्को पापीझैँ बचाइन सक्छ भनेर देखाउनुभयो।

जक्कैको पश्चात्ताप उनको जीवन परिवर्तनमा देखिन्छ। उनी एक इमान्दार मानिस बने। उनले आफूले ठगेकाहरूलाई फिर्ता तिरिदिए। "अनि जक्कै उभिए, र प्रभुलाई भने: "हेर्नुहोस् प्रभु, मेरो सम्पत्तिको आधा भाग म गरिबहरूलाई दिन्छु; र कुनै मानिसबाट मैले अन्याय गरेर केही लिएको छु भने म उसलाई चार गुणा फिर्ता गरिदिन्छु""(लूका १९:८)।

ख्रीष्टले कति महान् परिवर्तन गर्नुहुन्छ! उहाँले अझैँ पनि चोरहरू, पियक्कडहरू, व्यभिचारीहरू, हत्याराहरू साथै हरेक प्रकारका पापीहरूलाई बचाउँदै हुनुहुन्छ।

**थेस्सलोनिकीहरू**

> "किनकि हामी तिमीहरूकहाँ कस्तो प्रकारले प्रवेश गर्‍यौं, अनि जीवित र सत्य परमेश्वरको सेवा गर्नाका निम्ति, र स्वर्गबाट आउनुहुने उहाँका पुत्रको बाटो हेर्नका निम्ति कसरी तिमीहरू परमेश्वरतर्फ मूर्तिहरूबाट फर्क्यौं, सो कुरा तिनीहरू आफैले हाम्रो विषयमा बताउँछन्; उहाँलाई उहाँले मरेकाहरूबाट बिउँताउनुभयो अर्थात येशूलाई, जसले हामीलाई पछि आउने क्रोधबाट छुटकारा दिनुहुन्छ" (१ थेस्सलोनिकी १:९-१०)।

थेस्सलोनिका शहर रोमी साम्राज्यमा रहेको एक सम्पन्न शहर थियो। यो शहर उत्तरी ग्रीसमा एजियन समुद्र (Aegean Sea)को छेऊमा अवस्थित थियो। थेस्सलोनिकामा रहेको मण्डलीका सदस्यहरू पहिले मुर्तिपूजकहरू थिए। उनीहरूको पहिलेको जीवनमा उनीहरू आफूलाई मनपर्ने तरिकाले जिउँथे। उनीहरू अश्लिल मूर्तिपूजक चाडहरू मन पराउँथे, मद्यपान र व्यभिचार मन पराउँथे। उनीहरू साँचो परमेश्वर वा उहाँका पवित्र व्यवस्थाहरूप्रति केही वास्ता गर्दैनथिए। तर जब पावल उनीहरूको शहरमा आए र उनीहरूलाई येशू ख्रीष्टको सुसमाचार सुनाए, तब उनीहरूले पश्चात्ताप गरे अनि विश्वास गरे र बचाइए।(यस पुस्तकको पछाडि भएको नक्सा ०३_रोमी साम्राज्य हेर्नुहोस्।)

उनीहरूको जीवनमा के भयो भन्ने कुराद्वारा पश्चात्ताप स्पष्टगरि परिभाषित छ। उनीहरू "जीवित र सत्य परमेश्वरको सेवा गर्नाका निम्ति परमेश्वरतर्फ मूर्तिहरूबाट" फर्के (१ थेस्सलोनिकी १:९)। यसमा ध्यान दिनुहोस्, **उनीहरू मूर्तिहरूबाट परमेश्वरतर्फ फर्केका होइनन्; उनीहरू परमेश्वरतर्फ मूर्तिहरूबाट फर्केका हुन्** [अङग्रेजीमा 'turned from idols to God' होइन तर 'turn to God from idols']। उनीहरू जिउँदो र सत्य परमेश्वरतर्फ फर्के। उहाँ अरू ईश्वरहरूजस्तै मृत नभएर जीवित हुनुहुन्छ। उहाँ अरू ईश्वरहरूजस्तो झूटा नभएर सत्य हुनुहुन्छ। यदि कुनै मानिस जीवित र सत्य परमेश्वरतर्फ फर्कन्छ भने, उसको पिठ्यूँ उसका पुराना ईश्वरहरू, उसको पुरानो धर्म र उसको पुरानो जीवनपट्टि हुन्छ। यो नै "परमेश्वरतर्फको पश्चात्ताप हो" (प्रेरित २०:२१)।

जबसम्म एउटा व्यक्तिले आफ्ना पुराना ईश्वरहरू र झूटो धर्मलाई इन्कार गर्दैन, र त्याग्दैन अनि ख्रीष्टलाई प्रभुको रूपमा स्वीकार्दैन, तबसम्म ऊ बचाइन सक्दैन, किनकि यसको मतलब यही हुन्छ कि उसले पश्चात्ताप गरेकै छैन।

उनीहरूको पश्चात्तापको प्रमाण यही थियो कि उनीहरूले परमेश्वरको सेवा गरे र ख्रीष्टको पुनरागमनको अपेक्षा गर्दै बाटो हेरिरहे। उनीहरूको जीवन जिउने सम्पूर्ण तरिका नै बदलिएको थियो। संसारलाई हेर्ने उनीहरूको सम्पूर्ण

दृष्टिकोण नै बदलिएको थियो। यो नै साँचो पश्चात्ताप र विश्वासको फल हो। बाइबलमा उल्लेखित पश्चात्तापी मानिसहरूको उदाहरणहरूमा हामी सधैं यही नै देख्छौं।

म मण्डलीमा हुर्कंदैगर्दा मेरो जीवनमा नभएको कुरा पश्चात्ताप थियो। मैले "येशूमा विश्वास" नगरेको भन्ने त्यस्तो समय मलाई सम्झनै छैन। येशू परमेश्वरका पुत्र हुनुहुन्छ र उहाँ मेरो पापको लागि क्रूसमा मर्नुभयो भनेर मलाई अलिकति पनि शङ्कै थिएन। मलाई यो पनि शङ्कै थिएन कि बाइबल परमेश्वरको वचन हो। १२ वर्षको उमेरतिर, मण्डलीमा मैले ख्रीष्टमा विश्वास गरैं भनी गवाही दिए र बप्तिस्मा लिएँ, तर मैले कुनै पनि कुराबाट पश्चात्ताप गरेको थिइनँ। मैले रक एण्ड रोल (rock & roll) सङ्गीत मन पराइरहेकै थिए। आफूलाई परमेश्वरकहाँ समर्पण गर्ने र उहाँको सेवा गर्ने मेरो कुनै योजना नै थिएन । मैले २३ वर्षको नभएसम्म पश्चात्ताप गरिनँ। त्यो समयमा, मैले फेरि ख्रीष्टमा विश्वास गरेको गवाही दिएँ, तर यस पटकचाहिँ पूर्णरूपले फरक थियो। म पापदेखि थाकिसकेको थिएँ। म आफ्नो जीवन परमेश्वरकहाँ समर्पण गर्न तयार थिएँ। मलाई उहाँले नियन्त्रण गर्नुभएको म चाहन्थें। ख्रीष्ट मेरा मुक्तिदाता हुनुभएको र उहाँ मेरो प्रभु हुनुभएको म चाहन्थें। यो नै मेरो जीवन परिवर्तन भएको समय थियो।

१९७९ मा, एक धनाढ्य अधबैसे हिन्दु व्यक्तिले मैले उनलाई येशूको विषयमा सिकाएको चाहे, यसकारण हामीले हाम्रो घरमा केही बाइबल अध्ययनहरू शुरू गर्‍यौं। उनी विवाहित थिए। उनको बढिसकेका सन्तानहरू थिए तर पनि उनीसँग एक उपपत्नी थिइन्। उनले आफ्नो अधिकांश समय तिनै उपपत्नीसित बिताउँथे। मैले उनलाई सुसमाचारको वर्णन गरेपछि "येशू मेरा पापहरूका निम्ति मर्नुभयो" भनेर म विश्वास गर्छु र बचाइनको लागि इच्छुक छु भनी उनले मलाई भने। तर उनको जीवनमा रहेका ती दुई निश्चित कुराहरूको विषयमाचाहिँ उनले के गर्नुपर्छ भनेर उनी जान्न चाहन्थे: उनको बेइमानीपूर्ण व्यवसाय अभ्यासहरू र उपपत्नीसँगको उनको समबन्ध। उनी नै हुन् जसले मेरो ध्यान यी कुराहरूमा ल्याए। उनले भने कि यदि ऊ इमान्दार हुने हो भने

त्यति धेरै पैसा कमाउन उनी सक्षम हुनेछैनन्। उनले ती पापहरूबाट पश्चात्ताप गर्नुपर्छ र आफ्नो जीवनमाथिको परमेश्वरको अधिकारमा आफूलाई समर्पण गर्नुपर्छ भनी मैले उनलाई व्याख्या गरिदिएँ। साथै यदि उनी पश्चात्ताप र विश्वासद्वारा ख्रीष्टतर्फ फर्के भने परमेश्वरले उनको जीवन बदलिदिनुहुनेछ र उनीसँग फरक चाहनाहरू हुनेछन् भनी मैले उनलाई बताए, तर उनले त्यो चाहेनन्। उनी न्यायबाट उम्कन त चाहन्थे, तर आफ्नो जीवनभने आफूलाई मनपर्दो तरिकाले नै जिउन चाहन्थे। व्यक्तिको जीवन परिवर्तन गर्ने शक्ति परमेश्वरसँग छ, तर पापीले परमेश्वरकहाँ आफूलाई समर्पण गर्नैपर्छ। मैले उनलाई यो भनेपछि उनी फेरि कहिल्यै बाइबल अध्ययनको लागि फर्केर आएनन्। उनी पश्चात्ताप गर्न तयार थिएनन्, यसकारण उनी बचाइन तयार भएनन्।

परमेश्वर आज तपाईंलाई पश्चात्ताप गर्न आज्ञा गर्दै हुनुहुन्छ। के तपाईं उहाँतर्फ पश्चात्ताप गर्न तयार हुनुहुन्छ?

## पश्चात्ताप सम्बन्धी पुनरावलोकन प्रश्नहरू

विद्यार्थीले अर्को पाठभन्दा अघि नै यी प्रश्नहरूको जवाफ दिइसक्नुपर्छ।

१. येशू ख्रीष्टको सुसमाचार के हो ?
२. येशूको बौरिउठाइका दुई प्रमाणहरू के-के हुन् ?
३. बप्तिस्मा दिने यूहन्ना को थिए ?
४. येशूले पश्चात्ताप गर्न आज्ञा गर्नुभएका मानिसहरूको गलत सोचाइ के थियो?
५. पश्चात्ताप नगर्नेहरूलाई के हुनेछ भनेर येशूले भन्नुभयो ?
६. पत्रुसको अनुसार, येशू किन अझैं फर्कनुभएको छैन ?
७. इस्राएलबाट एथेन्स कुन दिशामा पर्छ ?
८. एथेन्स कुन ठूलो समुद्रको छेऊमा पर्छ ?

९. एथेन्सका मानिसहरूलाई गरेको प्रचारमा पावलले सबै मानिसहरूलाई परमेश्वरले के गर्न भन्नुहुन्छ भनी बताए ?

१०. सबै मानिसहरूमाथि आउने कुन घटनाको विषयमा पावलले चेतावनी दिए ?

११. किन मैले परमेश्वरतर्फ पश्चात्ताप गर्नपर्छ ?

१२. परमेश्वरकहाँ फर्कनुको मतलब के हो ?

१३. "पश्चात्ताप लायकका कामहरू गर्नु"को मतलब के हो ?

१४. यशैया भविष्यवक्ताले 'परमेश्वरलाई हेर र मुक्ति पाओ' भन्नुको माने के हो ?

१५. रोमी १० अनुसार मुक्ति भनेको "आफ्नो मुखले _____ येशूलाई स्वीकार गर्नु" र "_________को नाम पुकर्नु" हो।

१६. कसैले ख्रीष्टलाई मुक्तिदाताको रूपमा ग्रहण गर्न तर ख्रीष्टलाई प्रभुको रूपमा इन्कार गर्न के सम्भव छ ? के परमेश्वर त्यसलाई स्वीकार गर्नुहुन्छ ?

१७. एउटा चोरले साँचो गरी पश्चात्ताप गऱ्यो भन्ने प्रमाण के हो ?

१८. उडाऊ पुत्रले पश्चात्ताप गऱ्यो भन्ने प्रमाण के हो ?

१९. उडाऊ पुत्रले पश्चात्ताप गरेको पहिलो कुरा के थियो ?

२०. किन जक्कै यहूदी मानिसहरूद्वारा ज्यादै घृणा गरिएका थिए ?

२१. जक्कैले पश्चात्ताप गरेको प्रमाण के थियो ?

२२. एथेन्सबाट थेस्सलोनिका कता पर्थ्यो ?

२३. जब उनीहरूले पावलले ख्रीष्टको सुसमाचार प्रचार गरेको सुने, तब थेस्सलोनिकाका मूर्तिपूजकहरूले के गरे ?

२४. उनीहरूको पश्चात्ताप र विश्वासको प्रमाण के थियो ?

# बचाउने विश्वास

**कण्ठ गर्नुपर्ने पदः** यहून्ना ३:१६

बचाइनका लागि पश्चात्ताप र विश्वास दुवै आवश्यक छन् भनेर बाइबलले भन्दछ भन्ने कुरा हामीले गएको पाठमा हेरिसक्यौं। पश्चात्ताप र विश्वास माध्यमहरू हुन् जसद्वारा पापीले परमेश्वरको सित्तैंको मुक्ति प्राप्त गर्दछ।

> "मैले दुवै यहूदीहरू र ग्रीकहरूलाई परमेश्वरतर्फ मन फिराउनुपर्छ र हाम्रा प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुपर्छ भनी यत्नपूर्वक गवाही दिइरहें" (प्रेरित २०:२१)।

यो पदमा, प्रेरित पावलले सबै मानिसहरूलाई उनले के प्रचार गरे भन्ने कुरा वर्णन गरेका छन्। उनले पश्चात्ताप र विश्वास प्रचार गरे। पापीले परमेश्वरतर्फ पश्चात्ताप गर्नुपर्छ, किनकि उसले आफ्नो पाप र स्वेच्छाचारी जीवनद्वारा आघात पुर्‍याएको परमेश्वरलाई हो। पापीले आफ्नो विश्वास येशूमाथि राख्नुपर्छ किनकि उहाँ नै हाम्रा पापहरूका लागि मर्नुभएको हो र उहाँ नै एकमात्र मुक्तिदाता हुनुहुन्छ।

पावलले पश्चात्तापलाई शुरूमा राखेका हुनाले गएको पाठमा हामीले त्यहीबाट शुरू गर्‍यौं।

यो पाठमा हामी "हाम्रा प्रभु येशू ख्रीष्टमाथिको विश्वास"लाई हेर्नेछौं।

बचाउने विश्वासको विषयमा रहेका तीन महत्वपूर्ण प्रश्नहरूलाई ध्यान दिई विचार गर्नुहोस्:

## बचाउने विश्वास के हो ?

**बचाउने विश्वास भनेको केवल एउटा तथ्यलाई विश्वास गर्नु होइन।**

बचाउने विश्वास भनेको केही ऐतिहासिक तथ्यहरूलाई दिमागले विश्वास गर्नु मात्र होइन भन्ने कुरा बुझ्नु महत्वपूर्ण छ। जस्तै, जर्ज वासिङ्टन् (George

Washington) अमेरिकाका प्रथम राष्ट्रपति थिए वा दोस्रो विश्वयुद्धको समयमा जर्मनीका शासक हिटलर थिए वा महात्मा गान्धी भारतमा जिउँथे भनेर हामी विश्वास त गर्छौं तर यस्तो विश्वासले जीवन परिवर्तन गराउँदैन। त्यही किसिमले, येशू ख्रीष्ट पनि धेरै वर्षअघि संसारमा हुनुहुन्थ्यो र उहाँले थुप्रै अचम्मका काम गर्नुभयो भनेर कतिले विश्वास गर्छन् तर त्यस्तो विश्वासले उनीहरूको जीवनलाई परिवर्तन गराउँदैन। बचाउने विश्वास त्योभन्दा बग्लै हुन्छ।

**बचाउने विश्वास एकचित्त विश्वास हो।**

येशू नै एकमात्र प्रभु र मुक्तिदाता हुनुहुन्छ भनेर बाइबलले बताउँछः "येशूले तिनलाई भन्नुभयोः बाटो, सत्य र जीवन म नै हुँ; मद्वारा बाहेक कोही पनि पिताकहाँ आउँदैन" (यूहन्ना १४:६)। "न ता अरू कसैमा मुक्ति छ; किनभने स्वर्गमुनि मानिसहरूको बीचमा अरू कुनै नाम दिइएको छैन, जसद्वारा हामीले मुक्ति पाउनुपर्दछ" (प्रेरित ४:१२)। मुक्ति पाउनलाई बाइबलले बताएजस्तै मैले येशू ख्रीष्ट नै **<u>एकमात्र</u>** प्रभु र मुक्तिदाता हुनुहुन्छ भनेर विश्वास गर्नुपर्छ। कतिले आफूले मानेका देवताका साथसाथै येशूलाई पनि राख्न खोज्छन्। उनीहरू अन्य प्रभुहरूलाई समेत विश्वास गर्दै येशूमा पनि विश्वास गर्न चाहन्छन्। यो तरिकाले कोही पनि बचाइन सक्दैनन्।

म येशूमा विश्वास गर्छु र बप्तिस्मा लिन चाहन्छु भनी एक जना चाइनिज व्यक्तिले भने। प्रचारकले उनलाई बुद्धको विषयमा के विचार गर्नुहुन्छ भनी सोधे। उनको जवाफ थियोः "म अझैं पनि बुद्धको शिक्षामा विश्वास गर्छु।" त्यो बचाउने विश्वास होइन।


**बचाउने विश्वास भरोसापूर्ण विश्वास हो।**

बाइबलमा 'विश्वास' शब्दको माने भरोसा गर्नु, भर पर्नु, कसैमा आश्रित बन्नु भन्ने हुन्छ। बचाइनलाई निजले पूर्ण रूपले आफ्नो प्राणका लागि र आफ्नो अनन्त भविष्यका लागि प्रभु येशूमा आश्रित बन्नैपर्छ। निजले पापहरूको क्षमा

पाउनका लागि र परमेश्वरका सामु धर्मी ठहराइनका लागि र स्वर्गमा पुऱ्याइनका लागि केवल येशूमा भर पर्नुपर्छ।



येशूमा भरोसा गर्नु भनेको एउटा ताल तर्नलाई डुङ्गामा भरोसा गर्नु जस्तै हो। डुङ्गालाई राम्ररी अवलोकन गर्दैमा तरिँदैन, त्यसको तारिफ गर्दैमा पनि तरिँदैन। तपाईं डुङ्गामा नचढी हुन्न अनि सुरक्षासाथ पारिपट्टी पुऱ्याइनलाई त्यसमाथि भरोसा नगरी हुन्न। कतिजनाले येशूलाई मुक्तिदाताको रूपमा विश्वास गरेको त भन्छन् तर पनि उनीहरू पहिलेका धार्मिक रीतिविधिहरू गर्न छोड्दैनन्। उनीहरूले साँचोगरि येशूमा भरोसा गरिरहेका छैनन् भनेर यसले प्रमाणित गर्दछ। जब हामी येशूमा भरोसा गर्छौं, तब हामीलाई थाह हुन्छ कि मुक्तिको लागि त्यस्ता कुनै पनि व्यर्थका रीतिविधिहरू हामीलाई चाहिँदैन। हामी रीत्तो धर्ममा भरोसा गर्न छोड्छौं।



येशूलाई भरोसा गर्नु भनेको एक घातक रोगबाट आफूलाई बचाउनलाई मैले एक निपुण डाक्टरमाथि भरोसा गरेको जस्तै हो। येशू स्वयमले मुक्तिलाई डाक्टरकहाँ जानुसँग तुलना गर्नुभयो। "अनि येशूले यो सुनेर तिनीहरूलाई भन्नुभयो: निरोगीहरूलाई होइन, तर रोगीहरूलाई डाक्टरको खाँचो पर्दछ; म धर्मीहरूलाई होइन, तर पापीहरूलाई पश्चात्तापका निम्ति बोलाउन आएको हुँ" (मत्ती२:१७)। पापीलाई हृदयको शल्यक्रियाको खाँचो छ भनी बाइबलले बताउँछ। तर यो एकजना डाक्टरले

मात्र सफलतापूर्वक गर्न सक्नुहुन्छ, उक्त डाक्टरचाहिँ डा. येशू हुनुहुन्छ। मुक्ति भनेको एउटा मुटु विशेषज्ञकहाँ जानुजस्तै हो। यसो हुनुका केही कारणहरूलाई विचार गरौं। **प्रथम,** उक्त बिरामीले आफ्नो खाँचो महसुस गर्छ। ऊ मर्न पनि सक्नेगरि बिरामी भएको छ र कुनै पनि घडी ऊ मर्नसक्छ भनेर उसले बुझ्छ। उसले यो पनि महसुस गर्छ कि जतिसक्दो चाँडो निको हुने माध्यम खोज्नुपर्छ। अत्यन्तै खाँचो छ भनी नमनाइएसम्म कसैले पनि आफूलाई मुटुको शल्यक्रियाको लागि सुम्पदैन। त्यसैगरि, मानिसचाहिँ अनन्त न्यायतिर गइरहेको एक पापी हो भनी कुनै पनि व्यक्ति नमनाइएसम्म उसले आफ्नो भरोसा येशूमा राख्दैन। **दोस्रो**, निको पार्ने अरू कुनै पनि माध्यम छैन भनी बिरामीले बुझ्छ। उसले आफैलाई निको पार्न सक्दैन। सहायता गर्नसक्ने अरू कुनै पनि डाक्टर छैन भनेर ऊ विश्वस्त हुन्छ। त्यसैगरि, जबसम्म एक पापी आफू आफ्ना असल चरित्र वा कामहरू वा कुनै धर्म वा दर्शनशास्त्रद्वारा बचाइन सक्दैन भनेर विश्वस्त हुँदैन, तबसम्म उसले आफ्नो भरोसा येशूमा राख्दैन। **तेस्रो**, उक्त बिरामीले डाक्टरको क्षमता र प्रतिष्ठाको विषयमा सुन्छ। उसले सुन्छ कि त्यहाँ कोही मुटु विशेषज्ञ छन् जसले १०० मा १००% सफल उपचार गर्छन्। त्यसैगरि, येशू परमेश्वरको बौरिउठ्नुभएको पुत्र हुनुहुन्छ र जो उहाँकहाँ आउँछ तिनीहरू हरेकलाई बचाउन सक्षम हुनुहुन्छ भनेर पापीले सुन्नैपर्छ। यो ख्रीष्टको सुसमाचारको सुनाइद्वारा आउँदछ। **चौथो**, उक्त डाक्टरले निको पार्न सक्छ भनेर त्यो बिरामी विश्वस्त हुन्छ। ऊ विश्वस्त हुन्छ कि संसारमा भएका सबै डाक्टरहरूमध्ये यो डाक्टरलेचाहिँ उसको रोग निको पार्न सक्छ। त्यसैगरि, पापी यो कुरामा विश्वस्त हुनैपर्छ कि येशूबाहेक "स्वर्गमुनि मानिसहरूको बीचमा अरू कुनै नाम दिइएको छैन, जसद्वारा मानिसले मुक्ति पाउनु पर्दछ" (प्रेरित ४:१२)। **पाँचौं,** त्यो बिरामी डाक्टरकहाँ जानैपर्छ। एक निपुण मुटु विशेषज्ञको बारेमा जानेर मात्र पर्याप्त छैन, ऊ व्यक्तिगत रूपमा डाक्टरकहाँ जानैपर्छ र डाक्टरको सहायता खोज्नैपर्छ। त्यसैगरि, एक पापीले सुसमाचार सिकेर र डाक्टर येशूको प्रशंसा गरेर मात्र पर्याप्त छैन। मुक्तिको लागि ऊ व्यक्तिगत रूपमा उहाँकहाँ जानैपर्छ। येशूले भन्नुभयो, "...जो मकहाँ आउँछ, उसलाई म कुनै रीतिले

अफाल्नेछैनँ" (यूहन्ना ६:३७)। उक्त बिरामीले बिनाशर्त आफूलाई त्यस डाक्टरको हेरचाहमा सुम्पदछ र पूर्णरूपले त्यस डाक्टरभाथि भरोसा गर्दछ। बचाउने विश्वासको यो एउटा उदाहरण हो।

**बचाउने विश्वास पूर्ण रूपले विश्वस्त भएको विश्वास हो।**

बचाइनलाई येशू नै प्रभु र मुक्तिदाता हुनुहुन्छ र उहाँले आफ्ना प्रतिज्ञाहरू मेरा निम्ति पूरा गर्नुहुनेछ भनेर म पूर्ण रूपले विश्वस्त हुनैपर्छ। साँचो मुक्ति भनेको "म-निश्चित-छु" भन्ने खालको विश्वास हो।

येशूका शुरुका चेलाहरूको विश्वास यस्तै किसिमको थियो। यहून्ना ६:६६-६९ मा रहेको पत्रुसको गवाहीलाई विचार गर्नुहोस्। "त्यस समयदेखि उहाँका चेलाहरूमध्ये धेरैजना पछि हटे, अनि फेरि उहाँसँग हिँडेनन्। तब येशूले ती बाह्र जनालाई भन्नुभयोः "के तिमीहरू पनि जान चाहन्छौ?" तब शिमोन पत्रुसले उहाँलाई जवाफ दिएः "हे प्रभु, हामी कसकहाँ जाऔं? अनन्त जीवनका वचनहरू ता तपाईंसँग छन्। अनि तपाईं जीवित परमेश्वरका पुत्र 'ख्रीष्ट' हुनुहुन्छ भनी हामीले विश्वास गरेका छौं, र पक्का गरी जानेका छौं।"" त्यो दिन, ठूलो भीड नै येशूदेखि तर्केर गएको थियो किनकि तिनीहरूले उहाँका केही शिक्षाद्वारा ठेस खाए। तर पत्रुस र अरू साँचो चेलाहरू भने तर्केर गएनन्, किनकि उनीहरूसँग साँचो बचाउने विश्वास थियो। उनीहरू पक्का थिए।

हामी पक्का हुनसक्ने कारणचाहिँ ख्रीष्टलाई मुक्तिदाताको रूपमा ग्रहण गर्नेहरूलाई दिइएका परमेश्वरका प्रतिज्ञाहरूले गर्दा नै हो। १ यूहन्ना ५:११-१३ को प्रतिज्ञालाई विचार गर्नुहोस्। "अनि गवाही यही हो - परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभएको छ, र यो जीवन उहाँको पुत्रमा छ। जससँग पुत्र हुनुहुन्छ, ऊसित जीवन छ; जससँग परमेश्वरका पुत्र हुनुहुन्न, ऊसित जीवन छैन। मैले तिमीहरूलाई अर्थात परमेश्वरका पुत्रको नाममा विश्वास गर्नेहरूलाई यी कुराहरू लेखेको छु - तिमीहरूसित अनन्त जीवन छ भन्ने कुरा तिमीहरूलाई थाह होस्, र परमेश्वरका पुत्रको नाममा तिमीहरूले विश्वास गर।"

हामी देख्छौं कि परमेश्वर पापीहरू बचाइएको र उनीहरूसँग अनन्त जीवन छ भनेर जानेको चाहनुहुन्छ। यो परमेश्वरको इच्छा हो। मुक्ति उहाँको योजना हो। "... पिताले पुत्रलाई संसारका मुक्तिदाता हुनलाई पठाउनुभयो" (१ यूहन्ना ४:१४)। जब एक पापीले येशूलाई मुक्तिदाताको रूपमा ग्रहण गर्छ, तब ऊसँग पापहरूको क्षमा र अनन्त जीवन छ भनेर उसले जानेको परमेश्वर चाहनुहुन्छ। विश्वासीहरूले शङ्का गरेको उहाँ चाहनुहुन्न।

तर अर्कोतिर "मैले मुक्ति पाऊँला कि भन्ने आशा गरेको छु" भन्ने "विश्वास" गरेकाहरूको कुरालाई तुलना गर्नुहोस्, उनीहरूको भनाइको तात्पर्य यो हो कि वास्तवमा उनीहरू पक्का छैनन्। एकपटक मैले एकजनालाई भेटें जसले मलाई आफूलाई येशूमा ९९% विश्वास लागेको कुरा बताए। त्यतिले पुग्दैन! तपाईं पत्रुसझैं हुनुपर्छ जो "पक्का" थिए।

**बचाउने विश्वास विशुद्ध विश्वास हो।**

बचाउने विश्वासलाई मानवीय कामहरूसँग मिसाउन सकिन्न। मुक्ति कामहरूबाट होइन भनेर सिकाउने बाइबलका पदहरूलाई ध्यान दिनुहोस्।

> "उहाँको अनुग्रहद्वारा ख्रीष्ट येशूमा भएको छुटकाराको कारणले तिनीहरू सित्तैंमा धर्मी ठहरिन्छन्" (रोमी ३:२४)।
>
> "अब जसले काम गर्दछ, त्यसका निम्ति ज्याला अनुग्रह होइन, तर हक ठहरिन्छ। तर जसले काम गर्दैन, तर भक्तिहीनलाई धर्मी ठहराउनुहुनेमाथि विश्वास राख्छ, उसका निम्ति उसको विश्वास धार्मिकता ठहरिन्छ" (रोमी ४:४-५)।
>
> "किनकि पापको ज्याला मृत्यु हो; तर परमेश्वरको अनुग्रहको वरदानचाहिँ हाम्रा प्रभु येशूमा अनन्त जीवन हो"(रोमी ६:२३)।
>
> "किनकि तिमीहरूले विश्वासद्वारा अनुग्रहले मुक्ति पाएका छौ; अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको वरदान हो; कामहरूबाट होइन, नत्र ता कसैले घमण्ड गर्नेछ"(एफेसी २:८-९)।

"तर जब हाम्रा मुक्तिदाता परमेश्वरका दया र मानिसप्रतिको प्रेम प्रकट भए, तब हामी आफैले गरेका धर्मका कामहरूद्वारा होइन, तर उहाँकै कृपाअनुसार उहाँले हाम्रो उद्धार गर्नुभयो - नयाँ जन्मको स्नान र पवित्र आत्माको नवीकरणद्वारा; जसलाई उहाँले येशू ख्रीष्ट हाम्रा मुक्तिदाताद्वारा हामीमाथि प्रशस्त गरी खन्याउनुभयो"(तीतस ३:४-६)।



ख्रीष्टबाटको मुक्तिलाई एक व्यक्तिले सित्तैंको उपहारको रूपमा लिनुपर्छ, असल काम बापत पाइने इनामको रूपमा होइन। उपहार त्यस्तो चीज हो जुनचाहिँ अरू कसैले किन्छ र मलाई सित्तैंमा दिन्छ। यदि म कुनै पनि तवरले केही तिर्न खोज्छु भने त्यो अबउसो उपहार हुन छोड्छ। त्यसैगरि, यदि म परमेश्वरको अनुग्रहमा मेरा कामहरू थप्न खोज्छु भने त्यो साँचो मुक्ति होइन। "तर अनुग्रहद्वारा हो भने यो कामहरूद्वारा हुँदै होइन, नत्र ता अनुग्रह अनुग्रह नै हुँदैन। तर योचाहिँ कामहरूद्वारा हो भने यो अनुग्रह नै होइन; नत्र ता काम काम नै होइन" (रोमी ११:६)।

यदि कसैले मेरो लागि मूल्यवान् उपहार किनिदिन्छ र मलाई प्रदान गर्छ, अनि मचाहिँ "त्यो त ज्यादै महङ्गो छ; तपाईंलाई केही सहायता होस् भनेर म त्यसको मूल्यको केही अंश तिरिदिन्छु" भन्छु भने के त्यो अबउसो उपहार रहन्छ?

बाइबल मात्र यस्तो एउटा धार्मिक पुस्तक हो जसले सिकाउँछ कि मुक्ति परमेश्वरको अनुग्रहको सित्तैंको उपहार हो। अरू सबै धर्महरूले सिकाउँछन् कि मुक्ति मानवीय कामहरूद्वारा हो।

हाम्रो मुक्ति किनिदिनुहुने येशू हुनुहुन्छ जसले त्यसका लागि आफ्नै मृत्युद्वारा, रगत बहाईकन मूल्य तिरिदिनुभयो । उहाँले १००% मूल्य तिरिदिनुभयो।

के तपाईंले परमेश्वरको सित्तैंको उपहार मुक्तिलाई ग्रहण गर्नुभएको छ, कि अझैं पनि मुक्ति कमाउनलाई केही गर्न खोज्दै हुनुहुन्छ?

**बचाउने विश्वास ग्रहण गर्ने विश्वास हो।**

> "उहाँ आफ्नैकहाँ आउनुभयो, अनि उहाँका आफ्नैले चाहिँ उहाँलाई ग्रहण गरेनन्। तर जतिले उहाँलाई ग्रहण गरे, तिनीहरूलाई उहाँले परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो; अर्थात् तिनीहरूलाई, जसले उहाँको नाममा विश्वास गर्दछन्" (यहून्ना १:११-१२)।

यो अनुच्छेदमा, येशूमा विश्वास गर्ने कुरालाई येशूलाई ग्रहण गर्ने कुराको रूपमा पनि वर्णन गरिएको छ। बचाउने विश्वासले येशूलाई जीवित मुक्तिदाताको रूपमा ग्रहण गर्दछ। बचाउने विश्वासले येशूलाई केवल एउटा ऐतिहासिक व्यक्तिको रूपमा विश्वास गर्दैन; त्यसले ख्रीष्ट मरेकाहरूबाट बौरेर उठ्नुभएको हो भनेर विश्वास गर्दछ र उहाँलाई पुकार्दछ।

ख्रीष्टको निमन्त्रणालाई विचार गर्नुहोस्:

> "हे सबै परिश्रम गर्ने र भारीले दबिएकाहरूहो, मकहाँ आओ, अनि म तिमीहरूलाई विश्राम दिनेछु। मेरो जुवा आफूमाथि राख, र मबाट सिक; किनकि म नम्र र हृदयमा दीन छु; अनि तिमीहरूले आ-आफ्नो मनमा विश्राम पाउनेछौ। किनकि मेरो जुवा सजिलो, र मेरो भारी हलुका छ" (मत्ती ११:२८-३०)।

येशूले भन्नुहुन्छ, "**मकहाँ आओ।**" उहाँ जीवित हुनुहुन्छ। उहाँ एक व्यक्ति हुनुहुन्छ। मुक्ति एक धर्म होइन; यो परमेश्वरको बौरिउठ्नुभएको पुत्रसँगको व्यक्तिगत सम्बन्ध हो। ख्रीष्टले भन्नुहुन्छ, "आओ।" उहाँकहाँ आउनेहरूलाई ग्रहण गर्न उहाँ तयार हुनुहुन्छ। उहाँ तपाईंका प्रभु, तपाईंका मुक्तिदाता, तपाईंका गोठाला, तपाईंका साथी, तपाईंका महापूजाहारी हुन तयार हुनुहुन्छ।

येशूले "**सबै**" लाई निम्तो गर्दै हुनुहुन्छ। बचाउने विश्वाससाथ उहाँकहाँ आउने सबै पापीहरूलाई बचाउन उहाँ तयार हुनुहुन्छ। बचाइन नसकिने कुनै पनि पापी छैन। ख्रीष्टको रगतद्वारा क्षमा गर्नै नसकिनेगरि ठूलो पाप कुनै पनि छैन।

येशूले "**परिश्रम गर्ने र भारीले दबिएकाहरू**"लाई निम्तो गर्नुहुन्छ। यसको मतलब उनीहरू तिनीहरू हुन् जसले आफू एक पापी हुँ भनी जान्छन् र आफैले आफैलाई बचाउन सक्दैन भनी जान्दछन्। यसले तिनीहरूलाई जनाउँछ जो पापको दोषमुनि जिउँछन् र स्वतन्त्र हुने इच्छा गर्छन्। यसले तिनीहरूलाई जनाउँछ जो मृत्युदेखि डराउँछन् किनकि उनीहरूले न्यायको सामना गर्नुपर्छ भनी उनीहरू जान्दछन्। यसले तिनीहरूलाई जनाउँछ जसले धर्मद्वारा र स्वधर्मीपनद्वारा अथवा दर्शनशास्त्र जस्ता कुराहरूद्वारा मुक्ति भेट्टाउनलाई व्यर्थमा परिश्रम गर्छन्।

येशूले भन्नुहुन्छ, "**म तिमीहरूलाई विश्राम दिनेछु।**" येशूले उहाँकहाँ आउनेहरूलाई ग्रहण गर्ने र उनीहरूलाई अनन्त विश्राम दिने प्रतिज्ञा गर्नुहुन्छ। योचाहिँ बचाउन नसक्ने आफ्ना स्वधर्मी कामहरू र बचाउन नसक्ने रीत्तो धर्मबाटको विश्राम हो। योचाहिँ आफ्ना पापहरू १००% क्षमा गरिएका छन् र मसँग अनन्त जीवन छ भनेर जान्ने विश्राम हो। ध्यान दिनुहोस्, ख्रीष्टले भन्नुभयो, "म तिमीहरूलाई दिनेछु।" मुक्तिको अनन्त विश्राम ख्रीष्टको अनुग्रहको उपहार हो।

येशूले भन्नुहुन्छ, "**मेरो जुवा आफूमाथि राख, र मबाट सिक।**" जब पापी ख्रीष्टकहाँ आउँछ र उहाँलाई मुक्तिदाताको रूपमा ग्रहण गर्छ, तब उसले ख्रीष्टको जुवा आफूमाथि लिन्छ। यो सेवाको जुवा हो। यो सिक्ने र पालन गर्ने कुराको जुवा हो। यसको मतलब ख्रीष्टको चेला हुनु हो। यसको मतलब परमेश्वरको वचन अध्ययन गर्नु र परमेश्वरको इच्छा सिक्नु र परमेश्वरको इच्छा गर्नु हो। यसको मतलब एक नयाँ करार अनुसारको बाइबल-विश्वास गर्ने मण्डलीमा गाँसिनु हो। हामीले प्रेरितको पुस्तकमा देख्ने यही नै हो। "तब जतिले आनन्दसित उनको वचन ग्रहण गरे, तिनीहरूले बप्तिस्मा लिए; अनि त्यही दिनमा प्रायः तीन हजार मानिसहरू तिनीहरूमा थपिए। अनि तिनीहरू

प्रेरितहरूका शिक्षामा, सङ्गतिमा, रोटी-भँचाइमा र प्रार्थनाहरूमा दृढतापूर्वक लागिरहे" (प्रेरित २:४१-४२)।

येशूले भन्नुहुन्छ, "**अनि तिमीहरूले आ-आफ्नो मनमा विश्राम पाउनेछौ। किनकि मेरो जुवा सजिलो, र मेरो भारी हलुका छ।**" साँचो ख्रीष्टियन जीवन मेरो जीवन होइन; यो ममा भएको ख्रीष्टको जीवन हो। यो आफैले गर्ने बल होइन। यो "असल हुन खोज्ने" कुरा होइन। यो विश्रामपूर्ण जीवन हो। ख्रीष्टियन जीवनमा कठिनाइहरू र सतावटहरू हुन्छन्, तर कठिनाइहरूको बीचमा समेत त्यहाँ विश्राम, शान्ति, आनन्द र आशिष हुदँछ ।

यदि कसैले ख्रीष्टलाई चिनेको छु भन्छ, तर ख्रीष्टियन जीवनलाई गाह्रो भेट्टाउँछ भने, त्यहाँ केही गडबड छ। म एकजना स्त्रीको विषयमा सोच्दछु जसले आफूलाई ख्रीष्टियन हुँ भनेर दाबी गर्थिन्। उसले मेरी श्रीमतीलाई भनिन्, "ख्रीष्टियन जीवन साह्रै गाह्रो छ; म यो गर्न सक्दिनँ।" उनी एक ख्रीष्टियन घरमा हुर्किन् र बप्तिस्मा लिइन् अनि जब सहज हुन्छ तब आफूलाई ख्रीष्टियन हुँ भनेर दाबी गर्छिन्, तर उनलाई ख्रीष्टमा कुनै आनन्द छैन किनकि उनले उहाँलाई मुक्तिमा चिन्दिनन्। उनले परमेश्वरलाई पश्चात्तापसहित आत्मसमर्पण गरेकी छैनन्। उनी ख्रीष्टकहाँ एक दोषी, खाँचोमा परेको पापीको रूपमा आएकी छैनन्। उनले आफूमाथि ख्रीष्टको जुवा लिएकी छैनन्। त्यो साँचो मुक्ति होइन।

# ख्रीष्टियन जीवनमा कामहरूको के कस्तो स्थान छ त ?

के ख्रीष्टमा विश्वास गर्नु भनेको मेरो ख्रीष्टिय जीवनमा मैले कुनै पनि कामहरू गर्नुपर्दैन भन्ने हो ? कामहरूको के कस्तो स्थान छ ? यसको विषयमा हामीले गएको अध्ययनहरूमा पनि व्यवहार गर्‍यौं, तर हामी यस विषयलाई फेरि हेर्न चाहन्छौं।

फेरि हामी एफेसी २:८-१० लाई हेरौं। "किनकि तिमीहरूले विश्वासद्वारा अनुग्रहले मुक्ति पाएका छौ; अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको वरदान हो; कामहरूबाट होइन, नत्र ता कसैले घमण्ड गर्नेछ। किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका कारिगरी हौं, जुन कामहरूमा हामीले हिँड्नुपर्छ भनेर परमेश्वरले अघिबाटै तिनलाई तयार पार्नुभएको छ।"

मानिसहरूले आज्ञाकारी तथा पवित्र जीवनहरू बिताएको परमेश्वर चाहनुहुन्छ, तर यो चाहिँ मुक्ति पाइसकेपछि आउने कुरा हो। असल कामहरू मुक्तिका प्रतिफल हुन्, मुक्ति पाउने उपायहरू होइनन्। हामी असल कामहरूद्वारा बचाइएका होइनौं; हामी असल कामहरूका निम्ति बचाइएका हौं। असल कामहरू विश्वासीमा पवित्र आत्माद्वारा आउने कुरा हुन्।

एफेसीको पत्रमा, जुन पावलले रोमी शहर एफेससमा भएको मण्डलीलाई लेखेका थिए, विश्वासीले पालन गर्नुपर्ने झण्डै ९० वटा आज्ञाहरू पाइन्छन् । यसमा पर्दछन् नम्र हुनु (एफे. ४:१), सहनशील हुनु (एफे. ४:१), झूटलाई फाल्नु (एफे. ४:२५), रिसलाई हटाउनु (एफे. ४:२६), नचोर्नु (एफे. ४:२८), कुनै कुवचन नबोल्नु (एफे. ४:२९), दयालु हुनु (एफे. ४:३२), क्षमाशील हुनु (एफे. ४:३२), व्यभिचार र अशुद्धता हटाउनु (एफे. ५:३), अन्धकारका कामहरूसँग कुनै संङगति नगर्नु (एफे. ५:११), समयलाई खेर जान नदिनु (एफे. ५:१६), परमेश्वरको इच्छा बुझ्नु (एफे. ५:१७), दाखमद्यले नमातिनु (एफे. ५:१८), पवित्र आत्माले भरपूर हुनु (एफे. ५:१८), पत्नीहरू आफ्ना पतिहरूका अधीनमा सुम्पिनु (एफे. ५:२२), पतिहरूले आफ्ना पत्नीहरूलाई प्रेम गर्नु (एफे. ५:२५), नानीहरू आफ्ना बाबुआमाप्रति आज्ञाकारी हुनु (एफे. ६:१-३), बाबुआमाहरूले आफ्ना नानीहरूलाई तालिम दिनु र उनीहरूलाई रिस नउठाउनु (एफे. ६:४), नोकरहरू आफ्ना मालिकप्रति आज्ञाकारी हुनु (एफे. ६:५) र मालिकहरूले आफ्ना नोकरहरूप्रति न्यायोचित व्यवहार गर्नु (एफे. ६:९)।

यी केही कामहरू हुन् जुन विश्वासीहरूले गरेको परमेश्वर इच्छा गर्नुहुन्छ, तर हामीले पहिले मुक्ति नपाएसम्म यी कुनै पनि कामहरू गर्न सक्दैनौं। म येशू ख्रीष्टद्वारा परमेश्वरसित मिलापमा आउनैपर्छ। मैले पापहरूको क्षमा पाउनैपर्छ। म नयाँगरी जन्मनैपर्छ। त्यसपछि मात्र म परमेश्वरको सेवा ग्रहणयोग्य तवरले गर्न सक्छु र उहाँलाई प्रसन्न पार्ने असल कामहरू गर्न सक्छु।

शुरूमा म आफ्नो पापबाट सफा गरिनुपर्छ र परमेश्वरसँग मिलापमा आउनुपर्छ, त्यसपछि म परमेश्वरको सेवा गर्न सक्छु।

## निष्कर्ष - पश्चात्ताप र विश्वास कार्यमा

पश्चात्ताप र विश्वास कार्यमा रहेको बाइबलका सबैभन्दा स्पष्ट उदाहरणहरूमध्ये एउटा १ थेस्सलोनिकी १:९-१० हो। पश्चात्ताप सम्बन्धी रहेको अध्ययनमा हामीले यसलाई हेरिसक्यौं, तर निष्कर्षमा हामी फेरि यसमा फर्कन चाहन्छौं ।

> "किनकि हामी तिमीहरूकहाँ कस्तो प्रकारले प्रवेश गर्‍यौं, अनि जीवित र सत्य परमेश्वरको सेवा गर्नाका निम्ति, र स्वर्गबाट आउनुहुने उहाँका पुत्रको बाटो हेर्नका निम्ति कसरी तिमीहरू परमेश्वरतर्फ मूर्तिहरूबाट फर्क्यौं, सो कुरा तिनीहरू आफैले हाम्रो विषयमा बताउँछन्; उहाँलाई उहाँले मरेकाहरूबाट बिउँताउनुभयो अर्थात येशूलाई, जसले हामीलाई पछि आउने क्रोधबाट छुटकारा दिनुहुन्छ" (१ थेस्स १:९-१०)।

यी मूर्तिपूजक मानिसहरू "सत्य परमेश्वरको सेवा गर्नाका निम्ति परमेश्वरतर्फ मूर्तिहरूबाट" फर्के। मूर्तिहरूबाट फर्कने कुरा पश्चात्ताप हो। परमेश्वरतर्फ फर्कने कुरा विश्वास हो । यो नै सारंशमा पापीको भाग हो ।

जब म साँचो परमेश्वरतर्फ मूर्तिहरूबाट फर्कन्छु, तब मेरो पिठ्यूँ त्यो पुरानो जीवन, ती पूराना धर्महरू, ती झूटा सुसमाचारहरू, त्यो स्वइच्छाचारी जीवनतर्फ हुदँछ। म त्यो पुरानो जीवन, ती पुराना ईश्वरहरू, ती पुराना मार्गहरू, त्यो पुरानो सोचाइलाई त्यागिरहेको हुन्छु। जब म साँचो

परमेश्वरतर्फ फर्कन्छु, तब म येशू ख्रीष्टतर्फ उहाँलाई प्रभु र मुक्तिदाताको रूपमा स्वीकारेर फर्किरहेको हुन्छु। म उहाँलाई विश्वास गरिरहेको हुन्छु। म उहाँलाई ग्रहण गरिरहेको हुन्छु। म उहाँको सामु घुँडा टेकिरहेको हुन्छु। म उहाँकहाँ आइरहेको हुन्छु।

के तपाईं यो गर्न तयार हुनुहुन्छ? बाइबलले भन्दछ, "हेर, कृपादृष्टिको समय अहिले हो; हेर, मुक्तिको दिन अहिले हो" (२ कोरिन्थी ६:२)।

## विश्वास सम्बन्धी पुनरावलोकन प्रश्नहरू

१. येशू ख्रीष्टको सुसमाचार के हो ?

२. पश्चात्ताप नगर्नेहरूलाई के हुनेछ भनेर येशूले भन्नुभयो ?

३. सबै मानिसहरूमाथि आइपर्ने कुन घटनाको विषयमा पावल चेतावनी दिए ?

४. रोमी १० अनुसार मुक्ति भनेको "आफ्नो मुखले ______ येशूलाई स्वीकार गर्नु" र "_______को नाम पुकार्नु" हो।

५. उडाऊ पुत्रले पश्चात्ताप गर्‍यो भन्ने प्रमाण के हो ?

६. थेस्सलोनिकाका मूर्तिपूजकहरूले पश्चात्ताप गरे भन्ने कुराको प्रमाण के हो ?

७. पाठमा दिइएअनुसार बचाउने विश्वासका ६ वटा विशेषताहरू के-के हुन् ?

८. येशूले भन्नुभयो, "______, _______, र _______ म नै हुँ; मद्वारा बाहेक कोही पनि पिताकहाँ आउँदैन।"

९. कुन पदमा बाइबलले भन्दछ, "स्वर्गमुनि मानिसहरूको बीचमा अरू कुनै नाम दिइएको छैन, जसद्वारा हामीले मुक्ति पाउनुपर्छ" ?

१०. बाइबलमा भएको "विश्वास" शब्दको मतलब ___________ हो।

११. मुक्तिको लागि येशूमा विश्वास गर्नु कसरी एउटा ताल तर्न डुङ्गामा चढ्नुजस्तै हो ?

१२. पत्रुसले भने, "तपाईं जीवित परमेश्वरका पुत्र 'ख्रीष्ट' हुनुहुन्छ भनी हामीले विश्वास गरेका छौं, र _______ गरी जानेका छौं।"

१३. म मुक्तिको विषयमा कसरी निश्चित हुनसक्छु ? निश्चयता कहाँबाट आउँदछ ?

१४. यूहन्नाले येशूलाई परमेश्वरका पुत्रको रूपमा विश्वास गर्नेहरूलाई लेखे कि "तिमीहरूसित अनन्त जीवन छ भन्ने कुरा तिमीहरूलाई ________ होस्।"

१५. यदि मैले आफूलाई बचाउनलाई ५% भरोसा असल कामहरू र/वा धर्ममा गरिरहेको छु र ९५% भरोसा येशूमा गरिरहेको छु भने, के त्यो बचाउने विश्वास हो ?

१६. बाइबलले ख्रीष्टको विषयमा बताउँदछ, "तर जतिले उहाँलाई ________ गरे, तिनीहरूलाई उहाँले परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो; अर्थात् तिनीहरूलाई, जसले उहाँको नाममा _________ गर्दछन्।"

१७. जब येशूले भन्नुभयो, "हे सबै परिश्रम गर्ने र भारीले दबिएकाहरूहो, मकहाँ आओ," उहाँले केको विषयमा कुरा गरिरहनुभएको हो ?

१८. यसरी आउनेहरूलाई येशूले के प्रतिज्ञा दिनुभयो ?

१९. एफेसी २:८-१० अनुसार, मुक्तिमा असल कामहरूको के भाग छ ?

# येशू कहिले आउँदै हुनुहुन्छ?

येशू फेरि आउँदै हुनुहुन्छ भनेर बाइबलले बताउँछ भन्ने कुरा हामीले हेरिसक्यौं। यसको विषयमा बाइबलका केही खण्डहरू हेरौं:

> "अनि उहाँले तिनीहरूलाई भन्नुभयो: "पिताले आफ्नै अधिकारमा राख्नुभएको समयहरू वा घडीहरूको विषयमा जान्ने काम तिमीहरूको होइन। तर पवित्र आत्मा तिमीहरूमाथि आउनुभएपछि तिमीहरूले सामर्थ्य पाउनेछौ; र यरूशलेममा, सारा यहूदिया र सामरियामा, अनि पृथ्वीको छेउसम्म तिमीहरू मेरा निम्ति साक्षी हुनेछौ।" अनि उहाँले यी कुराहरू भनिसक्नुभएपछि तिनीहरूले हेर्दा-हेर्दै उहाँ माथि उठाइनुभयो; र बादलले उहाँलाई तिनीहरूको दृष्टिबाट ढाकिदियो। अनि उहाँ माथि जाँदै गर्नुहुँदा तिनीहरू आकाशतिर एक डिठ लगाएर हेरिरहेका थिए, तब हेर, दुईजना सेतो वस्त्र लगाएका मानिसहरू तिनीहरूको बगलमा खडा भए; अनि उनीहरूले भने: "हे गालीलका मानिसहरूहो, तिमीहरू किन आकाशतिर हेर्दै उभिँदछौ? तिमीहरूको बीचबाट स्वर्गमा उठाइनुहुने यही येशू नै यही प्रकारले आउनुहुनेछ, जसरी उहाँलाई स्वर्गतिर जाँदै गर्नुभएको तिमीहरूले देख्यौ "" (प्रेरित १:७-११)।

यो घटना येशू मरेकाहरूबाट बौरेर उठ्नुभएको ४० दिनपछि घटेको थियो। उहाँले आफ्ना चेलाहरूलाई सारा संसारमा जान र सुसमाचार प्रचार गर्न आज्ञा दिनुभयो। पवित्र आत्माले उनीहरूलाई यो काममा मद्दत गर्नुहुनेछ भनी उहाँले प्रतिज्ञा गर्नुभयो। त्यसपछि उहाँ बादलमा स्वर्गतिर उठाइनुभयो। दुई जना स्वर्गदूतहरूले येशू फेरि पृथ्वीमा फर्कि आउनुहुनेछ भनी चेलाहरूलाई बताए।

> "ती दिनहरूको सङ्कष्टपछि तुरुन्तै सूर्य अँध्यारो हुनेछ र चन्द्रमाले आफ्नो उज्यालो दिनेछैन, अनि ताराहरू आकाशबाट खस्नेछन्, र आकाशका शक्तिहरू हल्लाइनेछन्। अनि तब आकाशमा मानिसका पुत्रको चिन्ह देखा पर्नेछ; तब पृथ्वीका सबै कुलहरूले विलाप गर्नेछन्, अनि तिनीहरूले मानिसका पुत्रलाई बडो सामर्थ्य र महिमासहित आकाशका बादलहरूमा आइरहेका देख्नेछन्। अनि उनले आफ्ना दूतहरूलाई तुरहीको ठूलो आवाजको

> साथमा पठाउनेछन्, र तिनीहरूले चारै दिशाबाट - आकाशको एक छेउदेखि अर्को छेउसम्म - उनका चुनिएकाहरूलाई जम्मा गर्नेछन्" (मत्ती २४:२९-३१)।

योचाहिँ पृथ्वीमा आफ्नो राज्य स्थापना गर्नको लागि शक्ति र महिमामा हुने ख्रीष्टको पुनरागमनको वर्णन हो। मानिसहरूमाथि आउने न्यायको कारणले पृथ्वीमा भएका मानिसहरूले विलाप गर्नेछन्।

> "र तिमी दुःख भोग्नेहरूलाई चाहिँ हाम्रो साथमा विश्राम दिनु परमेश्वरका निम्ति धर्मसङ्गत कुरा हो; त्यस समयमा, जब प्रभु येशू स्वर्गबाट आफ्ना सामर्थी दूतहरूका साथमा दन्किरहेको आगोमा प्रकट हुनुहुनेछ, र परमेश्वरलाई नचिन्नेहरू र हाम्रा प्रभु येशू ख्रीष्टको सुसमाचार पालन नगर्नेहरूलाई बदला दिनुहुनेछ; तिनीहरूले प्रभुको उपस्थितिबाट र उहाँको सामर्थ्यको महिमाबाट अनन्त विनाशको दण्ड पाउनेछन्; यो त्यस दिन हुनेछ, जब उहाँ आफ्ना पवित्र जनहरूमा महिमा पाउनाका निम्ति र सबै विश्वास गर्नेहरूमा अचम्म मानिनाका निम्ति आउनुहुनेछ; किनभने तिमीहरूको मध्यमा हाम्रो गवाही विश्वास गरियो" (२ थेस्सलोनिकी १:७-१०)।

जब ख्रीष्ट फर्किआउनुहुन्छ, तब उहाँले सुसमाचारलाई इन्कार गर्नेहरूको न्याय गर्नुहुनेछ। २,००० वर्षदेखि सारा पृथ्वीभरि सुसमाचारको घोषणा भएको छ। आज त्यो इन्टरनेटमा भेट्टाउन सकिन्छ। बाइबल हरेक प्रमुख भाषामा उपलब्ध छ। अधिकांश देशहरूमा बाइबल-विश्वास गर्ने मण्डलीहरू छन्। परमेश्वरले आफ्नो पुत्र येशू ख्रीष्टद्वारा सबै मानिसहरूलाई मुक्तिको प्रस्ताव गरिरहनु-भएको छ। उहाँ उनीहरूमध्ये कसैलाई पनि गुमाउन चाहनुहुन्न। उहाँ सबैलाई बचाउन चाहनुहुन्छ। तर अधिकांश मानिसहरूले सुसमाचारलाई वेवास्ता गरेका छन्। उनीहरूले पश्चात्ताप गर्न इन्कार गरेका छन्। उनीहरूले ख्रीष्टलाई प्रभु र मुक्तिदाताको रूपमा इन्कार गरेका छन्। त्यो दिन आउँदैछ जब परमेश्वरले पापीहरूलाई मुक्ति पाउनलाई उसो मौका दिनुहुनेछैन।

"यसकारण तिमीहरू पनि तयार बस; किनभने मानिसका पुत्र तिमीहरूले सोच्दै नसोचेको घडीमा आउँछन्" (मत्ती २४:४४)।

बाइबलले बताउँछ कि ख्रीष्ट अप्रत्याशित तवरले फर्किनुहुनेछ। कसैलाई पनि उहाँको आगमनको समय थाह छैन। ख्रीष्टलाई पछयाउनेहरूलाई सबै समयहरूमा तयार बस्न भनिएको छ।

"ख्रीष्ट कहिले फर्किनुहुनेछ?" भन्ने प्रश्नको जवाफ यो नै हो कि उहाँ जुनसुकै घडी आउनुहुनेछ। उहाँको आगमन नजिकै छ।

उहाँ आउनुभएपछि बचाइनको लागि उसो अझ मौका हुनेछैन। त्यही भएर पृथ्वीमा भएका मानिसहरूले विलाप गर्नेछन् जब उनीहरूले ख्रीष्टलाई शक्ति र महा-महिमाको साथ स्वर्गबाट बादलहरूमा आइरहनुभएको देख्नेछन्। उनीहरूले मुक्ति पाउन ढिलो भइसक्यो भनेर जान्नेछन्।

के तपाईं तयार हुनुहुन्छ?


यदि तपाईंले येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाताको रूपमा भरोसा गर्नुभएको छ भने, अर्को कदम बप्तिस्मा लिनु र एक बलियो अनि बाइबल-विश्वास गर्ने मण्डलीमा सदस्यता लिनु हो।

## थप सहायता र जानकारीको लागि www.wayoflife.org मा उपलब्ध निम्न इबुकहरू हेर्नुहोस्।

*The Ape Men*
*Bible Critics were Wrong*
*The Bible's Amazing Story*
*The Bible's Proof*
*One Year Discipleship Course*
*Questions Answered about The Bible and Christianity*
*Prophetic Signs of the Times*
*Scientists Who Believe the Bible*
*Treasures in the Israel Museum*




नक्सा ०१_ मध्यपूर्व


New Testament Palestine
(Time of Christ)
N
W
E
S
Great Sea
(Mediterranean)
Sidon
Tyre
PHOENICIA
Mt.Hermon
Damascus
SYRIA
Caesarea
Philippi
Gaulanitis
Trachonitis
Capernaum
Bethsaida
Batanea
Cana
Sea of
Galilee
GALILEE
Nazareth
YarmukR.
Caesarea
DECAPOLIS
Aenon
Auranitis
SAMARIA
Jordan River
Sychar
JabbokR.
PEREA
Joppa
Bethel
JUDEA
Jericho
Bethany
(Bethabara)
Jerusalem
Bethany
Bethlehem
ASHKELON
Salt
Sea
Arnon R.
IDUMEA
NABATEA
ARABIA
Scale of Miles
0
50
© 2006 MANNA
All Rights Reserved
www.biblemaps.com

नक्सा ०२_इस्राएल




नक्सा ०३_ रोमी साम्राज्य




**के तपाईं अझैं बाइबलको विषयमा जान्न चाहनुहुन्छ ?**

यदि तपाईं चाहनुहुन्छ भने तपाईंको लागि हामीसँग निशुल्क सातओटा पाठहरू उपलब्ध छन् । यदि तपाईं यी पाठहरू अन्लाईनमा गर्न चाहनुहुन्छ भने निम्न website मा visit गर्न सक्नुहुन्छ वा निम्न ठेगानामा सम्पर्क गर्न सक्नुहुन्छ ।

www.nepalgoodnews.com

**सङ्गति चर्च**
नयाँ बानेश्वर, काठमान्डौं
९८२८५६७३६५, ९८४९४५०७९७